अङ्क १७ भदौ २०७१

जिमी (राई) उत्थान समाज, केन्द्रीय समितिको प्रकाशन

प्रवाह



जिमी (राई) उत्थान समाज, सोलु पाचौं केन्द्रीय सम्मेलनबाट निर्वाचित केन्द्रीय कार्यसमिति

यस बहादुर राई
अध्यक्ष

प्रेम कुमारी राई
उपाध्यक्ष

कृष्ण कुमार राई
उपाध्यक्ष

विक्रम बाबु राई
महासचिव

भोजानन्द राई
सचिव

अवि राई
सह-सचिव

बख्त बहादुर राई
कोषाध्यक्ष

उदास के. तुफान
सह-कोषाध्यक्ष

इन्द्रबाली राई
सदस्य

जसिहाङ राई
सदस्य

जेवि माइला
सदस्य

बबिता राई
सदस्य

सुरज राई
सदस्य

गणेश राई
सदस्य

सुष्मा राई
सदस्य

कुमार खालिङ राई
सदस्य

इश्वरी राई
सदस्य

हरिमाया राई
सदस्य

संगीता राई
सदस्य

राजकुमार राई
सदस्य

मन्दिरा राई
सदस्य

केशव राई (युप्स)
सदस्य

हेमन्त कला राई
सदस्य

भिमराज राई
सदस्य

खड्ग नायरण कुलुङ
सदस्य

अर्जुन कुलुङ
सदस्य

जानुका कुलुङ
सदस्य

सल्लाहकारहरु :

केशर राई
सल्लाहकार

रामरतन राई
सल्लाहकार

राधा देवी राई
सल्लाहकार

केशव कुमार राई
सल्लाहकार

सुन्दरी कुमारी राई
सल्लाहकार

कुल रत्न राई
सल्लाहकार

अगम राज राई
सल्लाहकार

Trekking | Tibet Tour | Expedition | Bhutan Tour | Rafting | Jungle Safari | Mt. Biking | Cultural Trek | Sight seeing | Rock Climbing | Paragliding | Mt.flight | Yoga

ADVENTURE GEO TREKS (P) LTD.

PO. Box 10358 , Dhapasi 5 , Kathmandu, Nepal. Tel: +977 1 4377290 / 4377285 Fax : +977 1 4377285 Email: niru@wlink.com.np / info@adventuregeotreks.com ,
Website: www.adventuregeotreks.com / www.tibetexpedition.com / www.geotreks.de / www.nepal2011.de

हार्दिक बधाई तथा शुभकामना

हाम्री सानु छोरी **सुश्री रोमा बाहिङ राईले** २०७१ सालमा Indira Gandhi National University, Siliguri,India बाट Economics विषयमा Master's Degree तथा Arena Animation & Multimedia Institute Siliguri, India बाट Diploma in Graphics & Web Design दुवै विषयमा उत्कृष्ट श्रेणीमा उत्तिर्ण हुनुभएको मा **खुम्बु फेन्सि स्टोर परिवार** हार्दिक बधाई दिदै उत्तरोत्तर प्रगति गर्दै जाउन भनि सुम्निमा र पारुहाङसँग प्रार्थना गर्दछौं ।

पापा श्री इन्द्र बाहिङ राई
मामा श्रीमती ललिता साङपाङ राई

दाजु श्री रोशन बाहिङ राई
भाउजु श्रीमती दुर्गा कुलुङ राई

नाना श्रुश्री रोशमा बाहिङ राई
भदै तायामु बाहिङ राई

भट्ट प्लाजा नारायण गोपाल चोक, महाराजगंज काठमाण्डौं नेपाल

Trekking
Rafting &
Educational Himalayan Tour Specialist

SIX FRIENDS TREKKING PVT. LTD.
P.O. Box : 11644, Gairidhara, Ktm, Nepal
Tel : +977 1 2082845, 4435889
Email : info@sixfriendstrekking.com
Web : www.sftnepal.com

LAKPA RAI
Managing Director



TREKKING

EXPEDITION

RAFTING

PEAK CLIMBING

SIGHTSEEING

NSTE

NEPAL SNOW JEWELS
TREKS & EXPEDITION (P) LTD.

P.O. Box No.: 9209
Boudha-6, Kathmandu, Nepal
Tel : +977-9849161896
9741040432
Email:
info@nepalsnowjewelstrek.com
ruben.cook1072gmail.com
www.nepalsnowjewelstrek.com

Global Agro Adventure Travels & Tours(P) Ltd.

OUR SERVICES :

- AIR TICKET RESERVATIONS (INT'L/DOMESTIC)
- HELICOPTER CHARTER
- HOTEL RESERVATIONS
- TOUR & TRANSPORT ARRANGEMENTS
- TREKKING
- EMERGENCY RESCUE COORDINATION
- MOUNTAIN FLIGHT

LAKPA RAI
Managing Director

P.O. Box 14462, Boudha-6, KTM, Nepal
Tel/Fax: 977-1-4821144, **Mob:** 9851161896
Email: gaa.traveltours@yahoo.com
lakparai2012@yahoo.com

LAKPA RAI
Managing Director

"Organic Agriculture Product"

SOKHOTA KRISHI BAN TATHA PARYATAN (P) LTD.

CONTACT:
P.O. Box 14462
Kapan, KTM, Nepal
Email: skkbtp.krisi@yahoo.com
lakparai2012@yahoo.com
Mobile: 9851161896

Pro. Lakpa (Ruben)Rai

HEALTHY FRESH STEAM NOODLES

हेल्दी फ्रेस स्टीम नुडल्स्

सिन्के चाउचाउ

कृपया फ्रिजमा राख्नुहोस् ।

चुनिखेल -५, काठमाण्डौं
सम्पर्क नं. : ९८५११६१८९६, ९८४३७२७२७८

“जातीय अस्तित्व उच्च स्वाभिमान, किरात संस्कृति हाम्रो पहिचान”

अङ्क १७ | २०७१ भाद्र | September 2014

प्रकाशन समिति:
संयोजक/सम्पादन
अबि राई

सदस्य
जसिहाङ राई
उदास खालिङ राई
सुरज राई
रामरतन खालिङ राई
खड्क नारायण कुलुङ
हेम्रुत कला राई
संगीता राई
सुष्मा राई
भीमराज राई

प्रकाशक:
जिमी (राई) उत्थान समाज सोलु
केन्द्रीय समिति, काठमाडौं
पो.ब.नं.: ९६२८, काठमाडौं
फोन: ४४३५६८०
Email: raijimee@gmail.com
Web: www.jimeesamaj.org.np

कम्प्यूटर कला:
चन्द्र ओझा
गाता संयोजन:
सुरज राई
मुद्रण:
Unitech Media & Entertainment
Chabahil /4468111
www.unitechmedia.com.np

व्यक्तिगत	संस्थागत	US $
रू ५०	२००	5

यसभित्र

सम्पादकीय २
जिमी (किरात) सम्पदा निर्माणमा जुटौं ३
-अध्यक्षको सन्देश
केन्द्रिय समितिको प्रतिवेदन–२०७१ ५
सगरमाथा नाङ्गो देखिन्छ (कविता) ७
-विक्रम सुब्बा
अर्थिक प्रतिदेन ८

चन्द्रविक्रम राई
अन्तरवार्ता २०

लेख

पहिचान सहितको संघीयता.... २४
-सुकदेव चाम्लिङ् राई
शैक्षिक नीतिमा २६
-अबि राई
यसकारण किरात स्वायत्त २९
-अर्जुन जम्नेली राई
व्यक्तित्व ४१
सन्दर्भ शिक्षा र छात्रवृत्तिको ४३
-केशव राई
प्रतिभा ४७/४८
फेरी सुचिकरणकै कुरा ५१
-धन राई खालिङ
हामी त यही छौं (कविता) ६०
-अर्जुन खालिङ
जिमी (किरात) सम्पदा बारे केहि कुरा ७८

अधिकार प्राप्तिको निर्णायक संघर्षमा जुट्ने बेला हो यो

किरात राई जातिभित्र भाषिक विविधता छ । यो हाम्रो जातिको एउटा अनुपम विशेषता र सौन्दर्य हो । तर यसले पछिल्लो समय हाम्रो एकता र संगठित शक्तिलाई खण्डित र कमजोर बनाउँदै लगेको हो कि भन्ने आभास भैरहेको छ । निश्चय पनि त्यसो हुनु आम किरात राई जाति र अधिकारमुखी आन्दोलनकै निम्ति बिडम्बना हो । किरात राई जातिभित्रको सुचीकरण लगायत अन्य आन्तरिक समस्या, असमझदारी र विवादहरूलाई आपसी छलफल, संवाद र अन्तरक्रियाबाट समाधान गरेर शक्तिलाई एकीकृत गर्दै किरात राई जाति तथा आम् उत्पिडित वर्ग, लिंग र समुदायको अधिकार स्थापना गर्दै न्याय र समानतामा आधारित समाज निर्माणको यात्रामा लामबद्ध भएर लाग्नुपर्ने युगीन दायित्वलाई हामीले मनन् गर्नुपर्ने अवस्था आएको छ ।

मुलुक यतिखेर हिजोको एकात्मक केन्द्रीकृत राज्य प्रणालीबाट संघीयतामा जाँदैछ । यो आदिवासी जनजाति र विभिन्न क्षेत्रबाट व्यक्त परिवर्तनको चाहना र न्यायपूर्ण आन्दोलनको उपज हो । जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त गणतन्त्र र संघीयताको संस्थागत विकास र सफल उपयोग अबको बाटो हो । गणतन्त्र र संघीयता मूलतः आदिवासी जनजाति, उत्पिडित वर्ग, क्षेत्र, लिंग र समुदायको हकअधिकारलाई सुनिश्चित गर्नको निम्ति हो । राज्यले हिजो यी समुदायमाथि गरेको चरम विभेदको क्षतिपुर्ति पनि हो । तर हाम्रो सचेतता, सहकार्य र एकताको अभावले गर्दा परिवर्तन विरोधीहरू गणतन्त्र र संघीयता माथि नै धावा बोलिरहेका छन् । त्यो भनेको हाम्रो अधिकार र उज्वल भविष्यको दैलो जबरजस्त बन्द गर्ने दुष्प्रयास हो । यसको निम्ति हामी आम किराती एवम् उत्पिडित जाति र समुदायहरू एकजुट भएर अधिकार प्राप्तिको अन्तिम र निर्णायक आन्दोलनमा जुट्नुपर्ने बेला आएको छ ।

गणतन्त्र र संघीयता मूलतः आदिवासी जनजाति, उत्पिडित वर्ग, क्षेत्र, लिंग र समुदायको हकअधिकार लाई सुनिश्चित गर्नको निम्ति हो । राज्यले हिजो यी समुदायमाथि गरेको चरम विभेदको क्षतिपूर्ति पनि हो । तर हाम्रो सचेतता, सहकार्य र एकताको अभावले गर्दा परिवर्तन विरोधीहरू गणतन्त्र र संघीयता माथि नै धावा बोलिरहेका छन् । त्यो भनेको हाम्रो अधिकार र उज्वल भविष्यको दैलो जबरजस्त बन्द गर्ने दुष्प्रयास हो ।

जिमी (किरात) सम्पदा निर्माणमा जुटौं

यस बहादुर राई
अध्यक्ष

परियोजना सफल रूपमा सम्पन्न भएपछि किरात जिमी राईहरूको लागि मात्रै नभएर यो मुलुककै अमुल्य निधी र गर्वको विषय हुने हामीले अपेक्षा गरेका छौ र यहाँहरूले पनि सोहि अनुरूप लिएर यो अभियानमा साथ दिनु हुनेछ भन्ने विश्वास लिएका छौं ।

आदरणीय किरात जिमी (राई) दिदीबहिनी तथा दाजुभाईहरू

उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' महाकवि लक्ष्मीप्रसाद देवकोटा ज्यूको कविताको यो हरफ यहाँ प्रस्तुत गर्न सान्दर्भिक ठानेको छु । गत वर्षको प्रवाह स्मारिका प्रकाशनको अवसरमा स्वप्नील परियोजनाको रूपमा उल्लेख गरेको थिएँ । त्यसलाई मूर्तरूप दिन परियोजना प्रस्ताव र ब्रोसर लेखन तयारी पश्चात प्रकाशनको लागि प्रेसमा दिइसकिएको अवगत छ ।

आउदो हिउँदबाट अथवा सोलु जिल्ला जोड्ने सुनकोशी नदीको पक्की पुल निर्माण भई सुचारू हुनासाथ हाम्रो परियोजनाको माटो परिक्षण, बृहत स्थलगत सर्वेको लागि काठमाण्डौ बाट सल्लेरी पठाउने तयारी भैरहेको जानकारी गराउन चाहन्छु । यसका लागि देश, विदेशमा रहनुभएका बुद्धिजिवी, उद्योगी व्यवसायी, पूर्व कर्मचारी, सेवा निवृत्त गोर्खा सैनिक, शिक्षक, विद्यार्थी, पत्रकार, कला कर्मी, राजनीतिज्ञ एवम् सम्पूर्ण शुभेच्छुक महानुभावहरूलाई उक्त पहिले स्वप्नील परियोजना पछि जिमी (किरात) सम्पदा नामाकरण गरिएको परियोजना बारे अवगत गराउदै विभिन्न क्षेत्रबाट आर्थिक सहयोग रकम संकलन गर्ने योजना रहेको छ । यो परियोजना सफल रूपमा सम्पन्न भएपछि किरात जिमी राईहरूको लागि मात्रै नभएर यो मुलुककै अमुल्य निधी र गर्वको विषय हुने हामीले अपेक्षा गरेका छौ र यहाँहरूले पनि सोहि अनुरूप लिएर यो अभियानमा साथ दिनु हुनेछ भन्ने विश्वास लिएका छौं । हामी उदार भावनाका धनी, जिमी (किरात) सम्पदा परियोजना सफल बनाउन तपाईहरूको सानो सहयोगको ठुलो महत्व हुनेछ । स्रोत साधन अभावको बाबजुद पनि हामीले अहोरात्र खटेर समाजको सामाजिक, साँस्कृतिक रूपान्तरण, आर्थिक विकासको लागि बलभुत्ताले भ्यायसम्म यहाँहरूको साथ लिदै प्रयास गरिरहेका छौं । बेलाबखत विभिन्न विषयमा प्रशिक्षण, छलफल, भेला र अन्तरक्रियाहरू गर्दै आएका छौ । जसको उदेश्य ज्ञान बाँडौ र ग्रहण गर्दै सभ्य र सुसंस्कृत समाज निर्माण गरौं भन्ने हो । त्यस्तै समुदायका विशेषत युवाहरूलाई स्वरोजगार बनाउन थुप्रै पहलकदमीहरू लिइसकेका छौं । त्यसमा केही प्रयासहरू सफल भएका छन् । अझै पनि उक्त विषयमा हामीले निरन्तर चिन्तन र मनन् गरिरहेका छौं ।

मृत्योपरान्त शवलाई समाधिस्थ गर्ने हामी किरातीहरूको परम्परा हो । तद्नुसार काठमाण्डौ खाल्डो भित्रको शवलाई पशुपति क्षेत्र विकास कोषको वनकालीमा समाधिस्थ गर्दै आएको हामीलाई विदितै छ । उक्त क्षेत्र २०५४ सालदेखि नै विवादित र बहसको विषय हुदै आएका कुरा स्मरण गराउन चाहान्छु । विश्व सम्पदा सुचीमा परेको हुनाले अब आउदो फेब्रुवरी देखि उक्त क्षेत्र पूर्णरूपमा बन्देज गर्ने पशुपति क्षेत्र विकास कोषले अनौपचारिक जानकारी गराई सक्नुभएको छ । अब यसको विकल्प के होला ? समस्या जटिल छ । केहि किरात राईहरूले जलाउन

थालिसकेका र केहीले जलाउदा फरक नपर्ने तर्क अघि सार्न थालेका छन् । हामी किरात सभ्यताको आधार मुन्धुम दर्शन, त्यहि अनुसार चल्ने हाम्रो धर्म, संस्कार, संस्कृति र जातित्वको बारेमा भाषण गरेर नथाक्ने तर समस्या आउने बित्तिकै सजिलो बाटो रोज्ने परम्पर ाबाट मुक्त हुनुपर्दछ । त्यसरी हामीले आफ्नो भाषा, संस्कार र मुन्धुमी दर्शन छोड्दै जाने हो भने हाम्रो अस्तित्व नै मेटिने अवस्था आउन सक्छ । त्यसै ले त्यसको उपयुक्त विकल्प खोज्नतर्फ यथाशीघ्र हामी किरातीहरू साझा रूपमा लाग्नुपर्दछ । त्यसको लागि राज्य र सरोकारवाला निकायसंग छलफल, संवाद गर्न र आवश्यक परे दबाबमुलक अभियान समेत चलाउनु पर्दछ ।

हाम्रो देश नेपाल प्राकृतिक स्रोत साधनको दृष्टिकोणले सम्पन्न भएपनि राजनीतिक ईच्छाशक्ति नहुँदा अहिले गरिब देशहरूको लहरमा पहिलो नम्बर तिर छ, हाम्रो लागि यो अत्यन्त दुःख र बिडम्बनाको विषय हो । वेरोजगारी समस्याबाट प्रताडित युवाशक्ति हजार ौंको संख्यामा प्रत्येक महिना विदेश पलायन भैरहेका छन् । त्यसलाई रोक्न सरकारको कुनै पत्परता छैन । बरू उल्टै विदेशमा दुःख र कष्ट झेल्दै कमाएर पठाएको विप्रेषणमा गर्व गरिरहेको छ । नयाँ नेपाल निर्माणको कुरा चलिरहेको अवस्थामा युवाशक्ति यसरी भौतारिदै विदेश पलायन हुन लज्जाबोध हुने कुरा हो । मुलुकलाई समृद्ध बनाउन आफ्नै देशभित्र रोजगारीको दिर्घकालिन उपाय खोज्नुपर्दछ । घरेलु उद्योगलाई प्रोत्साहन गर्नुपर्दछ । शिक्षालाई व्यवसायिक बनाउनु अपरिहार्य छ ।

देशका नेता र केहि बुद्धिजिवीहरूले सभासम्मेलन र कार्यक्रमहरूमा नेपाल जलस्रोतको धनी देश हो, यहाँ थुप्रै पर्यटन र उर्जाको सम्भावना छ भनेर भाषण दिन्छन् तर आफु ठाँउमा पुगे पछि त्यो दिशामा एकाद बाहेकले कुनै सिन्कोसम्म बाँच्दैनन् । त्यसैले त विदे शीले भन्ने गरेका छन् 'नेपालीले सुनको थालीमा भिक माग्छन् ।'

दोस्रो संविधानसभाको चुनाव सकिएको यतिका महिना बितिसक्दा पनि २६ जना सभासद दलको भागबण्डा नमिल्दा मनोनित गर्न नसक्नु सरकार र राजनीतिक दलहरूको अकर्मण्यता हो । आगामी माघ ८ गतेभित्र सर्वस्वीकार्य संघीय लोकतान्त्रिक संविधान जारी हुनेमा चौतर्फि शंका उत्पन्न हुदै गएको छ । त्यसमा पनि आदिवासी जनजाति र उत्पिडित जाति र समुदायको हकअधिकार सुनिश्चित हुने संविधान हाम्रो चाहाना हो तर अहिलेको परिस्थितिलाई हेर्दा ढुक्क हुने अवस्था छैन । आशा गरौं समयमै नयाँ संविधान जारी होस् र मुलुक आर्थिक समृद्धिको बाटामो अघि बढ्नेछ ।

अन्त्यमा, तपाई सम्पुर्ण सहयोगी मन र हातहरूलाई म समाजको अध्यक्षको हैसियतले के निवदेन गर्न चाहान्छु भने परियोजना संचालनको सन्दर्भमा संकलन हुने आर्थिक सहयोग र गतिविधिहरू पुर्नत पारदर्शी बनाईने छ । त्यसमा म विश्वास्त तुल्याउन चाहान्छु । समाजको नियमित केन्द्रीय प्रकाशन प्रवाह मार्फत पनि आर्थिक प्रतिवेदनमा प्रकाशित गर्दै जानेछौं । लेख रचना, विज्ञापन, शुभकामना उपलब्ध गराएर अमुल्य सहयोग गर्नुहुने महानुभावहरूप्रति हार्दिक प्रकट गर्दछु । समाजको वार्षिकउत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा रक्तदान गरेर पुण्य कमाउनु हुने महानुभावहरूप्रति पनि आभार व्यक्त गर्दछु साथै प्रकाशन समितिलाई धेरै– धेरै धन्यवाद । जय जिमी सम।

भावना

युनिशा राई
देउसा–३, सोलुखुम्बु

स्वागत छ जिमी राई तिमीलाई
नयाँ उमंग बोकेर आऊ
अगाडी बढ्ने प्रयास गर जिमी राई
चढाईदिन्छौ हामी फूलको थुङ्गा तिमीलाई

समाजको विकृति हटाउने जाँगर बोकेर आऊ
मौलिक संस्कृति जगेर्ना गर्ने सचेतना लिएर आऊ
सधैं म गर्छु तिम्रै सत्कार

अनुरोध छ जिमी राई तिमीलाई
बचाई राख्नु मुन्धुम र संस्कृतिलाई
अगाडी बढ्दै जाने कोशिस गर
चढाईदिन्छौ हामी फूलको थुङ्गा तिमीलाई

शुभकामना

प्रवाह स्मारिकाको
पूर्णसफलताको कामना गर्दै
विजया दशमी तथा **शुभ-दिपाली**
२०७१ को
पावन अवसरमा स्वदेश तथा विदेशमा
रहनुभएका सम्पुर्ण नेपाली दिदीबहिनी
एवम् दाजुभाई लगायत
महानुभावहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछु ।

रामकीरण राई
केन्द्रीय सचिवालय सदस्य
अखिल (क्रान्तिकारी)

जिमी (राई) उत्थान समाज, सोलु केन्द्रिय समितिको प्रतिवेदन–२०७१

भोजानन्द राई
सचिव

संयुक्त बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी सदस्य गरी ११ जना, क्षेत्रीय समिति धरान सुनसरीवाट पदाधिकारी सदस्य गरी ७ जना र स्थानीय समितिका पदाधिकारी सदस्यहरूका साथै जिल्लामा रहनु भएका पार्टी प्रतिनिधिहरूको विशेष उपस्थिति थियो ।

देशले संविधान सभाको दोस्रो निर्वाचन सफलता पूर्वक सम्पन्न गरेको छ । निर्वाचनको सफलतासंगै राजनीतिक दलहरूको आपसी खिचातानी र दलगत स्वार्थ सहित ढिलै भएपनि निर्वाचित सरकार देशले पाएको छ । यद्दपी तोकिएको समयमा देशले खोजे जस्तो र सोचे जस्तो संविधान पाउने कुरामा अझै अन्यौलता कायमै रहेको छ । यिनै परिवेशका कारण मुलुकले निकास पाउन नसकेको विषम् परिस्थितीका बावजुद पनि यस जिमी (राई) उत्थान समाज, सोलुले आफ्नो स्थापना कालको १६औं बार्षिकोत्सब यहि २०७१ साल भाद्र २१ गते काठमाण्डौंमा भव्यताका साथ मनाउन गईरहेको अवसरमा समाजले प्रत्येक बर्ष नियमित रूपमा प्रकाशन गर्दै आएको यस "प्रवाह" स्मारिका मार्फत समाजका सबै समुदायहरूको जानकारीका लागि आ.व. ०७०/०७१ मा संस्थाले गरेका उपलब्धि मुलक कार्यहरूको छोटकरीमा प्रतिवेदनात्मक रूपमा उल्लेख गर्ने प्रयास गरेको छु ।

यस जिमी (राई) उत्थान समाज, सोलुले १६औं बर्ष प्रबेश गरेसंगै संस्थाले आफ्नो ५औं केन्द्रीय सम्मेलन २०७० साल चैत्र १५ गते सम्पन्न गरेको थियो । उक्त सम्मेलनवाट समाजको विधानमा संशोधित प्रस्तावलाई सर्वसम्मतले पारित गरी पारित विधान बमोजिम २७ सदस्यीय समाजको ५औं केन्द्रीय कार्यसमितिको निर्वाचन गरिएको थियो ।

जिमी (राई) उत्थान समाजले धरान घोषणा पत्र बमोजिम आफ्नो Dream Project लाई मूर्तरूप दिने परिकल्पना अनुरूप केन्द्रीय कार्यसमितिवाट विभिन्न बैठकमा प्रस्ताव राखी छलफल सहित अगाडी बढेको उक्त एचयवभअत को बिषयलाई मुल प्रस्तावको रूपमा राखी अन्य स्थानीय समस्याहरू समेतमा आवश्यक छलफल गरी उचित दिशादिर्नेश दिने अभिप्रायले संशोधित विधानमा व्यवस्थित तीनै तहको संयुक्त बैठक किरात समुदायको महान चाड उभौलीको अवसरमा गत २०७१ साल बैशाख ३० गते स्थानीय समिति रहेको सोलुको फाप्लु स्थित एभरेष्ट होटलमा प्रतिनिधि मुलक बैठक बसेको थियो । उक्त संयुक्त बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी सदस्य गरी ११ जना, क्षेत्रीय समिति धरान सुनसरीवाट पदाधिकारी सदस्य गरी ७ जना र स्थानीय समितिका पदाधिकारी सदस्यहरूका साथै जिल्लामा रहनु भएका पार्टी प्रतिनिधिहरूको विशेष उपस्थिती थियो । बैठकले म्चभक एचयवभअत को रूपमा रहेको समाजको परिकल्पना अनुरूप स्थानीय सोलु सल्लेरीमा रहेको समाजको जग्गामा जिमी पुस्तकालय, जिमी सभाहल, जिमी मौलिक घर, जिमी ट्रेनिङ हल, जिमी होटल निबास (होमस्टे) लगायत आन्तरिक पर्यटनको विकासमा टेवा पुऱ्याउने उद्देश्यले जिमी संग्राहलय सहितको जिमी सांस्कृतिक भवनको निर्माणका लागि उपस्थित सबै समितिवाट व्यत्तिगत तथा सामूहिक रूपमा सक्दो सहयोग गर्ने प्रतिवद्धता सहित उक्त संयुक्त बैठक सम्पन्न

भएको थियो । त्यसैगरी उक्त बैठकले संस्था मातहत रहेको शिक्षा सम्बन्धि अक्षय कोषको परिचालन नियमित र उपलब्धिमूलक रूपमा हुन नसकेको ठहर गर्दै आगामी दिनमा सम्बन्धित अक्षय कोष दाताहरूको मनोभावनालाई समेत उच्च मूल्यांकन गरी शिक्षा सम्बन्धि अक्षय कोषको संचालनमा सुधार गर्ने समेत बैठकले निर्णय गरेको छ ।

साथै Dream Project को निर्माण कार्य शुरू गर्न अगाडी संस्थालाई आवश्यक पर्ने उक्त Dream Project को ब्रोसर र कार्य योजना (Action Plan) तयार गर्नका लागि क्पर्षि ल्भउबि का कार्यकारी निर्देशक एवं विज्ञ श्री शम्भु राईसंग समाजले पटक पटक सम्पर्क र समन्वय गरी ब्रोसर र कार्य योजना तयार गरी सकेको छ । केही समय पछि तपाईहरूको घर र हात हातमा उक्त Broucher / Action Plan ल्याई पुऱ्याउनेछौं ।

त्यसैगरी समाजको केन्द्रीय कार्यसमितिको निर्णय अनुसार किरात समुदायको बैशाख पूर्णिमाको उभौलीको पर्वलाई समेत सोही अवसर पारी २०७१ बैशाख ३१ गते सोलु सल्लेरी स्थित समाजको भवनमा भव्यताका साथ धनुकाँड (आर्चरी) प्रतियोगिताको आयोजना सहित सम्पन्न गरिएको थियो । समाजका केन्द्रीय अध्यक्ष श्री यस बहादुर राईवाट उद्घाटन भएको उक्त कार्यक्रमलाई विभिन्न जिल्ला पार्टी प्रतिनिधि, बुद्धिजिबीहरूवाट सम्बोधन भएको थियो । आर्चरी प्रतियोगितामा महिला तथा पुरूष तर्फ प्रथम, द्धितीय र तृतीय हुने प्रतियोगिहरूलाई नगद तथा प्रमाण पत्र वितरण गरिएको थियो । जिल्लामा बसोबास गर्ने जिमी समुदायको उल्लेख्य रूपमा उपस्थिती रहेको उक्त उभौलीको कार्यक्रममा गैर जिमी समुदायको समेत त्यतिकै सहभागिता रहेको थियो । जुन उपस्थितीले सबै नेपाली समुदायको कला, संस्कृति र परम्पराको सम्मान हुने कुरा प्रष्ट हुन्छ ।

त्यसैगरी समाजले सोलु जिल्लामा रहेका विभिन्न भाषिक समुदायहरू बीच रहेको भाषिक साहित्य सृर्जनाको विकासमा टेवा पुगोस भन्ने उद्देश्यले समाजले "दोस्रो भाषिक सिर्जना तथा कविता वाचन" कार्यक्रम नेपाली साहित्यका साधक सुलोचला मानन्घर ज्यूको प्रमुख उपस्थितीमा गत २०७१ साउन ३ गते काठमाण्डौ कोटेश्वर स्थित किरात राई यायोख्खाको सुम्नीमा हलमा विभिन्न स्रस्टा सर्जकहरूको उपस्थितीमा सम्पन्न भएको थियो । कार्यक्रममा नाछिरिङ भाषा बाहेक कुलुङ, खालिङ, बाहिङ र थुलुङ भाषाका सर्जकहरूवाट भाषा सिर्जना र कविता वाचन भएको थियो । उक्त साहित्य सिर्जना र कविता वाचन कलामा उत्कृष्ट श्रष्टालाई संस्थावाट नगद पुरस्कार तथा प्रमाण पत्र प्रदान गरिएको थियो, भने नगद पुरस्कारको व्यवस्था नेचाबतासे ४ घर भई हाल संयुक्त राज्य अमेरीका बस्दै आउनु हुने श्री प्रशान एलुङ राईले गर्नु भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै बरिष्ठ कवि सकुन्तला मानन्धरले यस्तो कार्यक्रमले भाषाको मात्र विकास नभएर भाषिक समुदायमा रहेको साहित्य सिर्जनाको विकासमा सक्दो टेवा पुग्ने विचार राख्नु भएको थियो ।

त्यसैगरी, यस समाजले आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानका पूर्व उपाध्यक्ष एवं किरात समुदायका धरोहर श्री जितपाल किरातज्यूको प्रमुख अतिथि, बक्ताको उपस्थितीमा २०७१ साउन २४ गते काठमाण्डौ पुरानो बानेश्वर स्थित सिद्धार्थ फूडल्याण्डमा समाजको चौथो आन्तरिक प्रशिक्षण कार्यक्रम

सम्पन्न गरेको थियो । प्रशिक्षण कार्यक्रममा संस्थाको विधान, आर्थिक व्यवस्था एवं संगठन सम्बन्धमा विशेष जानकारी मुलक रूपमा प्रशिक्षण गराईएको थियो, भने प्रमुख वक्ता जितपाल किरातज्यूवाट संगठन हुनुको महत्व, संगठनको आवश्यकता, भूमिका र ईतिहासको बारेमा विस्तृत रूपमा जानकारी गराउंदै संगठनवाट नै सफल समाज, सफल विकास र सभ्य राष्ट्रको सम्भव रहेको यथार्थलाई कार्यक्रममा प्रष्ट्याउनु भएको थियो, भने कार्यक्रमका सभापति समाजका अध्यक्ष श्री यस बहादुर राईवाट प्रमुख अतिथि वक्ता श्री जितपाल किरातज्यूलाई संस्थाको तर्फवाट मायाको चिनो प्रदान गरी कार्यक्रमको समापन भएको थियो ।

अन्त्यमा यस जिमी (राई) उत्थान समाजले आफ्नो दैनिक कृयाकलापका साथै समूदायको वृहत्तर हितका सम्बन्धमा लागि रहने प्रतिबद्धता जाहेर गर्दै, यहांहरूको सक्दो सल्लाह, सुझाव र सहयोगको समाज सदैव अपेक्षा गरिरहने छ । यस जिमी (राई) उत्थान समाजको केन्द्रीय कार्यसमितिको बैठकले पटक पटकको छलफलवाट उक्त Dream Project (स्वप्निल परियोजना) को वास्तविक नाम परिवर्तन गरी "जिमी (किरात) सम्पदा" {Jimee (Kirat) Heritage} नामाकरण गरिएको छ । साथै हाम्रै किरात राई समुदायहरूको भाषा, धर्म, कला, संस्कृती र परम्पराको संरक्षण, सम्बर्द्धन र विकास गर्ने उद्देश्यले सोलु सल्लेरीमा निर्माण गर्न लागिएको उक्त "जिमी (किरात) सम्पदा" (Jimee -Kirat Heritage) को लागि सक्दो सहयोगको हात बढाईदिनु हुन समेत समाज यसै स्मारिका मार्फत हार्दिक अनुरोध गर्दछ ।

"जय जिमी किरात"

कविता

सगरमाथा नाङ्गो देखिन्छ

विक्रम सुब्बा

कुनै छलकपटको चीसो योजना थाल्न हो की
या कुनै झुप्रोहरूको छातीमा सर्दी हाल्न हो की ?
शान्तिको कुनै ओस्याईलो गीत गाउन हो की
या कुनै गुराँसको कलकलाउँदो थुँगा अँठ्याउन हो ?
आफ्ना केही सुकिला भारदार हिमालहरू लस्करै राखेर
सगरमाथा कुनै गोप्य वार्ता गरिरहेको देखिन्छ

पहाडै पहाडको घुइँचो घारीमा
सबैभन्दा माथि उछिट्टिएर फर्केको
हिमालको थुङ्गा उदाङ्गो देखिन्छ
जहाँबाट हेरे पनि सगरमाथा नाङ्गै देखिन्छ

प्रायः कुनै आरोहण दलको
पाइतालाले शीरमा टेकेको देखिन्छ
कहिले कुनै–कुनै अराइएका चित्रकारहरूले
एक टुक्रा क्यानभासमा लेखेको देखिन्छ
बादलको थोत्रे बक्खु पनि फाटीसकेको छ
गौरवको बचिरो चुचुरो ह्वाङ्गै देखिन्छ
जहाँबाट हेरे पनि सगरमाथा नाङ्गै देखिन्छ ।

बुद्धको खप्परबाट सापटी लिएर दुइटा आँखाहरू
स्तुपाहरूमा टाँसेर गुम्बाहरू हेरिरहे छन्
विदेशीहरूको भरौटे भएका सपुत्हरू
स्वदेशी डोकोमा विदेशी झ्ण्डा बोकिरहेका छन्
नेपाली चुचुराको सिउँदो माथि फरफराउन
ढुक्कै विदेशी झण्डाहरू उक्लीरहेका छन्
झोक्रीएर बसेको सिङ्गो हिमालय विवश
र उदाङ्गै देखिन्छ
जहाँबाट हेरे पनि सगरमाथा नाङ्गै देखिन्छ ।

समाजको आर्थिक प्रतिवेदन २०७१

बखत बहादुर राई
केन्द्रीय कोषाध्यक्ष

जुनसुकै संघ संस्था अथवा व्यक्ति, परिवार, समुदाय किन नहोस, उसको मेरूदण्ड भनेको सवल आर्थिक पक्ष हो । यस समाजले पनि आर्थिक पक्षको पारदर्शीता, जीवन्त र निरन्तर ताको निम्ति हरेक आर्थिक वर्ष, नेपाल सरकारद्धारा मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गरेर आर्थिक सम्बन्धीका विभिन्न हर हिसावहरू चुस्त, दुरूस्त, पारदर्शीताका साथै मजबुतका निम्ति हरेक वर्ष प्रकाशीत हुने यस समाजको "मुखपत्र" (प्रवाह स्मारिका) मा प्रस्तुत गरिदै आएको छ।

आदरणीय आमा–बुबा, दिदी–बहिनी तथा दाजुभाईहरू,

जिमी (राई) उत्थान समाज सोलु, सोलुखुम्बु जिल्लाका आम किरात जिमी राई र पुर्ख्यौली घर सोलुखुम्बु भई हाल स्वदेश तथा विदेशमा छरिएर रहनुभएका सम्पुर्ण किरात जिमी (राई) समुदायको भाषा, धर्म, संस्कृति, रितीरीवाज, परम्परा एवं साँस्कृतिक र धार्मिक महत्वका सम्पदाहरूको संरक्षण गर्दै आफ्नो समुदायको सामाजिक तथा आर्थिक उन्नति र विकासका लागि स्थापनाकाल देखि निरन्तर क्रियाशिल संस्था हो । यहाँहरूकै अमुल्य सल्लाह, सुझाब, सहयोग, सद्भाव र प्रेरणाले गर्दा संस्था निरन्तर अगाडी बढी, जीवन्तमा अडिक रहि समाज आज १६ औं बार्षिकोत्सव तथा साधारण सभा जस्तो गरिमामय कार्यक्रम सम्पन्न गर्न गईरहेको कुरा यहाँहरूलाई अवगत गराउन चहान्छु ।

समाजले आफ्नो वार्षिकोत्सवको पावन अवसरमा नियमित रूपमा प्रकाशन गर्दै आएको "प्रबाह" स्मारिकाको १७ औं अंकमा संस्थाको केन्द्रीय कोषाध्यक्षको नाताले सदा झै यस पटक पनि जिमी (राई) उत्थान समाज, सोलुद्धारा आ.ब. २०७०/०७१ मा गरिएका बिभिन्न कारो बार एवं कार्यहरूको नालीवेली, आर्थिक कारोबारहरूको बेलीविस्तार (हर–हिसाव)हरू प्रस्तुत गर्न पाउदा स्मारिका प्रकाशन समिति प्रति हार्दिक अभार प्रकट गदै सम्पूर्ण जनसमुदायहरूको निम्ति पस्कने जमर्को गरेको छु । जुनसुकै संघ संस्था अथवा ब्यात्ती, परिवार, समुदाय किन नहोस, उसको मेरूदण्ड भनेको सवल आर्थिक पक्ष हो । यस समाजले पनि आर्थिक पक्षको पारदर्शीता, जीवन्त र निरन्तरताको निम्ति हरेक आर्थिक बर्ष, नेपाल सरकारद्धारा मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गरेर आर्थिक सम्बन्धीका विभिन्न हर हिसावहरू चुस्त, दुरूस्त, पारदर्शीताका साथै मजबुतका निम्ति हरेक वर्ष प्रकाशीत हुने यस समाजको "मुखपत्र" (प्रवाह स्मारिका) मा प्रस्तुत गरी प्रकाशन गरिदै आएको कुरा सम्पूर्ण आम जनसमुदायहरूलाई सर्वविदितै छ ।

प्रतिवेदन

आर्थिक बर्ष २०७०/०७१ मा यस सस्थाद्धारा गरिएका विभिन्न आर्थिक सम्बन्धीको कारोबारहरूको केन्द्रीय आर्थिक प्रतिवेदन तपशील बमोजिम रहेको छ ।

जिमी (राई) उत्थान समाज

नया बानेश्वर, काठमाडौं

२०७१ अषाढ मसान्तको

वासलात

सि. नं.	विवरण	अनूसूचि	चालू आ. व.	गत आ. व.
१	जगेडा तथा कोषहरु	१	५१३२८०।००	५१३२८०।००
२	वचत	२	१८९९७५७।०१	१८४७००३।७४
३	अक्षय कोष	३	२०५१५९१।००	२०२९८३८।००
४	चालू दायित्व	४	५०००।००	५०००।००
	जम्मा:		४४६९६२८।०१	४३९५१२१।७४
१	स्थिर सम्पति	५	१९७८६२०।९७	१९९७४२७।९७
२	पेश्की, सापटी, धरौटी	६	२९५६०।००	२९५६०।००
३	बैंक मौज्दात (अक्षय कोष)	७	२०५१५९१।००	२०२९८३८।००
४	बैंक मौज्दात	८	३९०२५६।०४	३१८६९५।७७
५	नगद मौज्दात		०।००	०।००
६	अन्य सम्पति	९	१९६००।००	१९६००।००
	जम्मा		४४६९६२८।०१	४३९५१२१।७४

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको अधारमा

बखत बहादूर राई
कोषाध्यक्ष

यस बहादूर राई
अध्यक्ष

भोजानन्द राई
सचिव

पूष्प राज श्रेष्ठ
लेखापरीक्षक

जिमी (राई) उत्थान समाज

नया बानेश्वर, काठमाडौं

मिति २०७० श्रावण १ देखि २०७१ साल अषाढ मसान्तको

आम्दानी तथा खर्चको विवरण

सि. नं.	विवरण	अनुसूचि	चालू आ. व.	गत आ. व.
१	आम्दानी	१०	५२८३४०।००	२९५५८८।००
२	विविध आम्दानी	११	९९८१९२।२६	३४५४७३।७४
	जम्मा:		१५२६५३२।२६	६४१०६१।७४
१	कार्यक्रम	१२	१२१२०६४।००	३०२१८४।००
२	अन्य खर्च	१३	२४२९०८।००	२७७२००।००
३	ह्रासखर्च	५	१८८०६।९९	२५०७५।९९
	जम्मा:		१४७३७७८।९९	६०४४५९।९९
	यस वर्षको वचत/घाटा		५२७५३।२७	३६६०१।७५
	गतवर्ष सम्मको वर्षको वचत/घाटा		१८४७००३।७४	१८१०४०१।९९
	जम्मा वचत/घाटा वसलातमा सारिएको		१८९९७५७।०१	१८४७००३।७४

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको अधारमा

बखत बहादूर राई
कोषाध्यक्ष

यस बहादूर राई
अध्यक्ष

भोजानन्द राई
सचिव

पुष्प राज श्रेष्ठ
लेखापरीक्षक

जिमी (राई) उत्थान समाज

नया बानेश्वर, काठमाडौं

आ. व. २०७०/०७१

वासलातसंग सम्वन्धित अनूसूचीहरु

जगेडा तथा कोषहरुको विवरण: अनूसूचि - १

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	विशिष्ट सदस्यता	३३३,०००।००	३३३,०००।००
२	आजिवन सदस्यता	१७५,९००।००	१७५,९००।००
३	साधारण सदस्यता	४,३८०।००	४,३८०।००
	जम्मा:	५१३२८०।००	५१३२८०।००

वचतको विवरण: अनूसूचि - २

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
	सञ्चित नाफा/नोक्सान	(	
१	गतवार्ष सम्मको वचत	१८४७००३।७४	१,८१०,४०१।९९
२	चालू आ. व. को	५२७५३।२७	३६६०१।७५
	जम्मा:	१८९९७५७।०१	१८४७००३।७४

अक्षय कोषको विवरण: अनूसूचि - ३

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	दौलत बहादूर राई माध्यमिक शिक्षा छात्रबृति कोष	५६,०००।००	५५,५००।००
२	जिमी (राई) उत्थान समाज माध्यमिक शिक्षा छात्रृबृति कोष	८६,७००।००	८५,५२२।००
३	गोकर्ण राई उच्च शिक्षा छात्रबृति कोष	११४,७००।००	११३,२१५।००
४	विष्णू चन्द्र उच्च शिक्षा छात्रबृति कोष	१६३,०००।००	१६१,८००।००
५	छितू नैनाशूभा राई स्मृति शिक्षा कोष	२०८,९००।००	२०७,०००।००
६	धनबीर राई स्मृति छात्रबृति कोष	१६८,०००।००	१६६,५००।००
७	बैशा खाल्रिङ्ग स्मृति मेडिकल ट्रष्ट	५७,८००।००	५७,०५०।००
८	धनशूभा राई स्मृति मेडिकल ट्रष्ट	५७,१००।००	५६,६००।००
९	दाजूभाई मेडिकल ट्रष्ट	२१३,८००।००	२१०,९१५।००
१०	फूरदिकी शेर्पा (राई) स्मृति मेडिकल ट्रष्ट	५३,१००।००	५२,३४०।००
११	इश्वरी राई स्मृति मेडिकल ट्रष्ट	५९,१००।००	५८,३८०।००
१२	बाकधन राई स्मति मेडिकल ट्रष्ट	१३६,२००।००	१३४,४००।००
१३	प्रेकूरा स्मृति क्यान्सर मेडिकल ट्रष्ट	८५,०००।००	८४,०००।००
१४	निम्ठूले विष्णूमाया राई स्मृति मेडिकल ट्रष्ट	५३,६००।००	५२,८२५।००
१५	राजबीर राई स्मृति कला तथा साहित्य कोष	११२,५००।००	१११,५००।००
१६	सूर्य बहादररअसारमाया राई स्मृति पत्रकारीता कोष	५२,४००।००	५१,७००।००
१७	मन लक्की उद्यमी कोष	११५,४९१।००	११४,४९१।००
१८	श्री नौ बहादूर राई स्मृति खेलकूद कोष	५४,०००।००	५३,३००।००
१९	मदन कूमार राई परिवर्तन अभियान कोष	१०२,६००।००	१०२,६००।००
२०	स्व. धनसरी राई स्मृति मेडिकल ट्रष्ट	१०१,६००।००	१००,२००।००
	जम्मा:	२,०५१,५९१।००	२,०२९,८३८।००

प्रतिवेदन

चालू दायित्वको विवरण: अनुसूचि - ४

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	लेखापरीक्षण शूल्क	५,०००।००	५,०००।००
२	अन्य	(	(
	जम्मा:	५,०००।००	५,०००।००

पेश्की, सापटी तथा धरौटीको विवरण: अनुसूचि - ६

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	राई बहादूर राई	१७,०००।००	१७,०००।००
२	इनद्र कूमार राई	१२,५६०।००	१२,५६०।००
	जम्मा:	२९,५६०।००	२९,५६०।००

बैंक मौज्दात (अक्षय कोषको विवरण): अनुसूचि - ७

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	सगरमाथा मर्चेण्ट एण्ड बैंक फाईनान्स लि.	८८०,९९१।००	८७३,३९१।००
२	जनमूक्ति मल्टीपर्पोज को अपरेटिभ	१,१७०,६००।००	१,१५६,४४७।००
	जम्मा:	२,०५१,५९१।००	२,०२९,८३८।००

बैंक मौज्दातको विवरण: अनुसूचि - ८

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	सगरमाथा मर्चेण्ट एण्ड बैंक फाईनान्स लि.	६,०९४।४४	३,११२।२५
२	हिमालयन बैंक लि.	१०६,६५६।५२	४,००५।४८
३	जनमूक्ति को अपरेटिभ	२०४,३९७।५९	२५८,०७३।५३
४	आई. सि. एफ. सि. फाइनान्स लि.	७३,१०७।४९	५३,५०४।५१
	जम्मा:	३९०,२५६।०४	३१८,६९५।७७

अन्य सम्पतिको विवरण: अनुसूचि - ९

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	लगानि (लुम्बिनी फइनान्स लि.)	१९,६००।००	१९,६००।००
२		(	(
	जम्मा:	१९,६००।००	१९,६००।००

आम्दानीको विवरण: अनुसूचि - १०

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	साधारण सदस्यता	(	१,५००।००
२	आजिवन सदस्यता	९,०००।००	४३,०००।००
३	विशिष्ट सदस्यता	३४,०००।००	२४,०००।००
४	वनभोज	२९५,५००।००	४,०२०।००
५	स्मारिका बिक्री	८,१०७।००	२५,२१३।००
६	द्यौसि भैलो	१८१,७३३।००	१९७,८५५।००
	जम्मा:	५२८३४०।००	२९५,५८८।००

अन्य आम्दानीको विवरण: अनुसूचि - ११

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	लाभांस (लुम्बिनी फइनान्स लि.)	२,६७०।००	५,९००।००
२	कार्यक्रम (डा. स्वामि प्रपन्नचार्य सम्मान)	४१९,९२७।००	(
३	ब्याज (अक्षयकोष)	२४७,१५७।५०	२४६,२३५।५६
४	ब्याज (बैंक जम्मा)	२०,२७७।७६	१५,४९८।१८
५	रक्तदान कार्यक्रम	२,३५०।००	२,६४०।००
६	विज्ञापन	६८,२००।००	३६,९५०।००
७	बाद्यबादन भाडा	३,०००।००	३,५००।००
८	व्यवशायीक भेला	(	५,७१०।००
९	धनूकार्ड (पारुहाङ क्लब)	५,५००।००	६,८००।००
१०	क्यालेण्डर विक्री	(	२,०४०।००
११	विविध आय (कन्द्रीय कार्य समिति र शूभेच्छूक)	४७,९९९।००	२०,२००।००
१२	जिमी सम्पदा (अध्यक्ष:१०१०००, प्रेम कूमारी:३००००, सहविर:२००००)	१५१,०००।००	(
१३	केन्द्रिय किरात बिद्यार्थी सम्मेलन	३०,१११।००	(
	जम्मा:	९९८,१९२।२६	३४५,४७३।७४

कार्यक्रम खर्चको विवरण: अनुसूचि - १२

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	चौसि भैलो कार्यक्रम	९५,११८।००	७९,०८४।००
२	बार्षिक साधारण सभा खर्च	१५,७९५।००	२५,६८९।००
३	बनभोज कार्यक्रम	३०७,५००।००	(
४	पार्चौ महाधिबेशन कार्यक्रम	७३,२४०।००	(
५	स्मारिका प्रकाशन	७६,८६९।००	१०८,८००।००
६	रक्तदान कार्यक्रम	५,७७७।००	९,१५७।००
७	कार्यक्रम (आन्तरिक तथा अन्य बैठक र छलफल)	३०,५००।००	७४,२८०।००
८	संयूक्त बैठक सोलूसल्लेरी (जिमी सम्पदा र संयूक्त बैठक)	५४,३९५।००	(
९	स्थानिय समिति आर्थिक सहयोग (धरान र केन्द्रीय समिति)	७५,०००।००	(
१०	स्थानिय समिति बार्षिक साधरण सभा कार्यक्रम	२०,०००।००	(
११	सम्मान कार्यक्रम (डा. स्वामि प्रपन्नचार्य सम्मान)	३८८,१६१।००	(
१२	जिमी सम्पदा(जिमी किरात सम्पदा) सर्भे, नक्सा,ब्रोचर, अन्य	६९,७०९।००	५,१७४।००
	जम्मा:	१,२१२,०६४।००	३०२,१८४।००

अन्य खर्चको विवरण: अनुसूचि - १३

सि. नं.	विवरण	चालूवर्ष	गतवर्ष
१	छपाई तथा मसलन्द	(	२१,७००।००
२	शूल्क तथा दस्तूर	४,६४५।००	३,७४०।००
३	सम्मान कार्यक्रम	(	४९,९४५।००
४	छात्रबृति, पूरस्कार	३५,६१०।००	३१,०००।००
५	कार्यालय खर्च (अक्षयकोष)	२१,७५३।००	२८,५५२।००
६	सहयोग (बिरामी)	६९,५००।००	११०,२००।००
७	लेखापरीक्षण	५,०००।००	५,०००।००
८	विविध (विज्ञापन)	७,५००।००	१५,२३५।००
९	डकूमेन्ट्री (संस्थाको गतिविधि)	१६,५००।००	३,०००।००
१०	आरचारी खर्च (पारुहाङ अरचरी ल्कव)	१७,४००।००	८,८२८।००
११	किरात बिद्यार्थी संघ सातौं सम्मेलन कार्यक्रम, सोलूसल्लेरी	५०,०००।००	(
१२	आर्थिक सहयोग	१५,०००।००	(
	जम्मा:	२४२,९०८।००	२७७,२००।००

जिमी (राई) उत्थान समाज

नया बानेश्वर, काठमाडौं
२०७१ अषाढ मसान्तको
नगद प्रवाह विवरण

सि. नं.	कोषको श्रोत	अनुसुचि	रकम	चालूवर्ष	गतवर्ष
१	शुरु मौज्दात			३१८,६९५।७७	२६९,४२८।४७
२	आयकर पूर्वको खुद नाफा/(नोक्सान)		५२,७५३।२७	७१५६०।२७	३६६०१।७५
	समायोजन:				
	ह्रासकट्टी		१८,८०६।९९	(	२५,०७५।९९
	अपलेखन		(	(	
	ब्याज खर्च		(	(	
	प्रोभिजन		(	(	
	स्थिर सम्पति विक्रीमा नोक्सान		(	(	
	अन्य खर्चहरु (नन् क्यास)		(	(	
	स्थिर सम्पति विक्रीमा नाफा		(	(	
३	पुंजी			(	
४	ऋण			०।००	(
	जम्मा:			३९०२५६।०४	३३११०६।२१
	कोषको उपयोग:				
१	चालु पुंजीमा बृद्धि				
	अन्तिम मौज्दात		(		(
	लिन बाकि हिसाव		(	(	(
	पेश्की/सापटी/धरौटी		(	(	६,५१०।४४
	अन्य		(	(२१,७५३।००)	१२८,७५१।००
	चालु दायित्व			२१,७५३।००	(१२८,७५१।००)
				(	६,५१०।४४
१	लगानी				५,९००।००
२	अचल सम्पति			०।००	
३	भुक्तानी (आयकर तथा अन्य)			(	
४	ब्याज खर्च			(	
५	अन्तिम मौज्दात			३९०,२५६।०४	३१८,६९५।७७
	जम्मा:			३९०२५६।०४	३३११०६।२१

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

बखत बहादूर राई
कोषाध्यक्ष

यस बहादूर राई
अध्यक्ष

भोजानन्द राई
सचिव

पूष्प राज रेग्मी
लेखापरीक्षक

जिमी (राई) उत्थान समाज

नया बानेश्वर, काठमाडौं

२०७१ असाढ मसान्तको ह्रासकट्टीको विवरण

अनुसूचि - ५

समूह	विवरण	ह्रास	जम्मा मूल्य			ह्रासकट्टी				बाकि मूल्य	
		दर	शुरु मैज्दात	चालू वर्षमा थप	बिक्री	जम्मा	गतवर्ष सम्मको	यसवर्षको	जम्मा	चालू वर्षको	गतवर्षको
क	जग्गा		१९२२२००।००	०।००	०।००	१९२२२००।००	०।००	०।००	०।००	१९२२२००।००	१९२२२००।००
क	भवन	५	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००	०।००
	जम्मा		१९२२२००।००	०।००	०।००	१९२२२००।००	०।००	०।००	०।००	१९२२२००।००	१९२२२००।००
ख	फर्निचर	२५	६९६४।५१	०।००	०।००	६९६४।५१	१७४१।१३	१३०५।८५	३०४६।९८	३९१७।५४	५२२३।३८
ख	अफिस सामाग्रि	२५	३४५५८।०७	०।००	०।००	३४५५८।०७	८६३९।५२	६४७९।६४	१५११९।१६	१९४३८।९१	२५९१८।५५
ख	बाचवान सामाग्रि	२५	५८७८१।३८	०।००	०।००	५८७८१।३८	१४६९५।३५	११०२१।५१	२५७१६।८६	३३०६४।५२	४४०८६।०४
	जम्मा:		१००३०३।९६	०।००	०।००	१००३०३।९६	२५०७६।००	१८८०६।९९	४३८८२।९९	५६४२०।९७	७५२२७।९७
	समूह क		१९२२२००।००	०।००	०।००	१९२२२००।००	०।००	०।००	०।००	१९२२२००।००	१९२२२००।००
	समूह ख		१००३०३।९६	०।००	०।००	१००३०३।९६	२५०७६।००	१८८०६।९९	४३८८२।९९	५६४२०।९७	७५२२७।९७
	जम्मा		२०२२५०३।९६	०।००	०।००	२०२२५०३।९६	२५०७६।००	१८८०६।९९	४३८८२।९९	१९७८६२०।९७	१९९७४२७।९७

बखत बहादूर राई
कोषाध्यक्ष

यस बहादूर राई
अध्यक्ष

भोजानन्द राई
सचिव

अर्जुन राज श्रेष्ठ
लेखापरीक्षक

हाल सम्मको अक्षयकोषको विवरणहरू यस प्रकार रहेका छन् ।

Sn.	अक्षयकोष दाता	अक्षयकोषको शिर्षक	उद्देश्य	Opening Date	Opening Amount	Current Balance Amount
1	श्री स्व. दौलत बहदुर राई, ठुलाढुङ्ग-१, कांगेल,	दौलत बहादुर राई माध्यमिक शिक्षा छात्रबृत्ति	**शिक्षा**	**2055/056**	50,000.00	56,000.00
2	श्री तेज ब.,चन्द्र ब., शिरविर, शेर ब. राई, नाम्लो-९,, नेचा बतासे	छिते नैनशुभा राई स्मृति शिक्षाकोष	**शिक्षा**	**2063/064/65/67**	200,115.00	208,900.00
3	श्री कृष्ण बहादुर/बसन्त राई कुडिखिम्-४, नेचा बतासे,	धनविर राई स्मृति छात्रबृत्ति कोष,	**शिक्षा**	**2062/063**	150,000.00	168,000.00
4	श्री यस बहादुर राई, कुमाल गाँउ-१, सल्यान	धनसुभा राई स्मृति मेडिकल ट्रष्ट	**मेडिकल**	**2058/059**	50,000.00	57,100.00
5	श्रीमती बिद्य देवी राई, सल्यान-१	राजवीर राई स्मृति (कला तथा साहित्य)	**कला तथा ाहित्य**	**2063/064**	100,000.00	112,500.00
6	विष्णु, चन्द्र राई, नेचा बतासे	विष्णु चन्द्र उच्च शिक्षा छात्रबृत्ति कोष	**शिक्षा**	**2062/063**	155,555.00	163,000.00
7	श्री मन बहादुर बाहिङ्ग राई, दूइघरे-६, नेचा बतासे,	मन लक्की उद्यम कोष	**उद्यमी**	**2066/067**	111,111.00	115,491.00
8	श्री डिल्लीराम राई, नाम्लो-९,, नेचा बतासे	बाकधान राई स्वास्थय स्मृतिकोष	**मेडिकल**	**2064/065**	130,000.00	**136,200.00**
9	श्री गोकर्ण राई, मुक्ती-४,	गोकर्ण राई उच्च शिक्षा छात्रबृत्ति	**शिक्षा**	**2056/057**	100,000.00	114,700.00
10	श्रीमती सुन्दरी राई, नाम्लो-९,, नेचा बतासे	निम्ठुले विष्णुमाया राई स्मृति कोष,	**मेडिकल**	**2062/063**	50,000.00	53,600.00
11	जिमी (राई) उत्थान समाज, काठमाण्डौं	जिमी (राई) माध्यमिक शिक्षा छात्रबृत्ति	**शिक्षा**	**2058/059**	75,000.00	86,700.00
12	श्रीमती राधा देवी राई, कुमाल गाँउ-१, सल्यान	बैश खालिङ्ग मेडिकल ट्रष्ट	**मेडिकल**	**2057/058**	50,000.00	57,800.00
13	श्री जसु राई/पर्खि राई/ मानवीर राई, राप्छ-७, बासा	दाजु भाइ मेडिकल ट्रष्ट	**मेडिकल**	**2065/066**	200,000.00	213,800.00
14	श्री तुल बहादुर राई, छितापातल-६, सल्यान	ईश्वरी राई स्मृति मेडिकल ट्रष्ट	**मेडिकल**	**2065/066**	**55,555.00**	59,100.00
15	श्री पुर्णदास राई, रनेम्-३, देउसा	फुर्दिकि राई (शेर्पा) स्मृति मेडिकल ट्रष्ट	**मेडिकल**	**2066/067**	**50,000.00**	53,100.00
16	श्री नन्दराज राई, नेचा, बतासे-६	प्रेकुरा स्मृति मेडिकल क्यान्सर ट्रष्ट,	**मेडिकल**	**2060/061**	60,615.00	85,000.00
17	श्री लइन्द्र कुमार राई, रुगा-७, सल्यान,	सूर्याबहादुर/आसमाया राई स्मृति कोष (पत्रकारिता)	(पत्रकारिता)	**2066/067**	50,000.00	52,400.00
18	श्री धन कुमार राई, माँझगाऊ-६, जुभिङ्ग	नौबहादुर राई स्मृति खेलकुद कोष	**खेलकुद**	**2066/067**	50,000.00	54,000.00
19	मदन कुमार राई ढोलाहिटी, ललितपुर	मदन परिवर्तन अभियान कोष	**उद्यमी**	**2067/068**	100,000.00	102,600.00
20	जीत बहादुर राई, बी.बी. राई सल्यान-१	स्व. धनसरी राई स्मृति मेडिकल ट्रष्ट	**मेडिकल**	**2069/070**	100,200.00	101,600.00
	Grand total Amount				**1,888,151.00**	**2,051,591.00**

शिक्षा अर्न्तगत **६** वटा : ७९७३००.००, **मेडिकल** अर्न्तगत **९** वटा : ८१७३००.००, **उद्यमी** अर्न्तगत **२** वटाः २१८०९१.००, **पत्रकारिता** अर्न्तगत **१** वटा : ५२४००.००
खेलकुद अर्न्तगत **१** वटाः ५४०००.००, **कला तथा साहित्य** अर्न्तगत **१** वटाः ११२५००.००, **अक्षकोषको संखया जम्मा २० वटाः २०५१५९१.००**

आर्थिक वर्ष २०७०/०७१ मा यस संस्थाद्धारा प्रदान गरिएका **पुरस्कार तथा चन्दा** सहयोग (आर्थिक सहयोग) हरूको केही झलक विवरणहरू तपशील बमोजिम रहेका छन् ।

क्र.सं.	विवरण	नामावली	ठेगाना	रकम रु.मा	कैफियत
१.	चन्दा तथा सहयोग	कालुराम कुलुङ माया राई हिरा राई पवित्र चेम्जोङ राई कृष्ण राई लाखमाया राई सन बहादुर राई सविना राई डिक बहादुर राई	गुदेल-७, सोलुखुम्बु देउसा, सोलुखुम्बु बासा-७, सोलुखुम्बु नेचावेतघारी-७,सोलुखुम्बु नेचाबतासे, सोलुखुम्बु काँकु-१, सोलुखुम्बु तिलां-१, सोलुखुम्बु सल्यान-७, सोलुखुम्बु मुक्ली-३, सोलुखुम्बु	५,५०० ७,००० ७,००० १३,५०० ७,००० १०,००० ७,००० ७,००० ५,५००	
२.	पुरस्कार तथा सम्मान	प्रदीप कुमार राई संगीता खालिङ राई बल कुमार राई प्रदिप राई मिङमार शेर्पा सरोज राई जीवन कुमारी राई सीता कला राई बिमला राई कविता राई	मुक्ली–८ सोलुखुम्बु काँकु–८ सोलुखुम्बु वाकु-५, सोलुखुम्बु बासा-७, सोलुखुम्बु पावै-२, सोलुखुम्बु सल्लेरी-५, सोलुखुम्बु बासा-५, सोलुखुम्बु बासा-५, सोलुखुम्बु वाकु-५, सोलुखुम्बु वाकु-५, सोलुखुम्ब,	८५०५ ८००५ ३०० ५०० १००० १५०० ३०० ५०० १००० १५००	
३.	आर्थिक सहयोग	कि.खा.रा.उत्थान संघ सास्कृतिक भवन, कि.खा.रा.उत्थान संघ ५औं महाधिवेशन	ठूलाढङगा, सोलुखुम्बु धापासी, काठमाण्डौ	५,००० १०,०००	

हार्दिक शुभकामना

जिमी (राई) उत्थाान समाज, सोलु ले स्थापनाको १५ औं बर्ष पूरा गरी १६औं बर्ष प्रवेश गरेको सुखद अवसरमा प्रकाशित

प्रवाह

स्मारिका २०७१ को सफलताको

हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Email: trcfoundation@hotmail.com
Web:www.thulung.org.np

थुलुङ राई संस्कृति प्रतिष्ठान

लोखिम, सोलुखुम्बु

आर्थिक बर्ष २०७०/०७१ मा सस्थालाई समाजको नियमित आम्दानीका स्रोतहरू (देउसी,भैलो, सदस्यता, बिज्ञापन, शुभकामना, स्मारीका बिक्री वितरण, बैंक ब्याज र विभिन्न कार्यक्रमहरू ईत्यदि), बाहेक अन्य श्रोतद्धारा पनि आर्थिक आयहरू (रकम) पनि प्राप्त भएको छ । समाजलाई सदैव अति माया गर्नुहुने सहयोगी हातहरूप्रति संस्था सदैव हार्दिक अभार प्रकट गर्दछ । केही सहयोगदाताहरूको नामावली तथा उद्देश्य यस प्रकार रहेका छन्

क्र.सं.	विवरण	नामावली	ठेगाना	रकम रु.मा	कैफियत
१.	आर्थिक प्राप्त	यस बहादुर राई प्रेम कुमारी राई सहविर राई (प्रेम कुमारी राई मार्फत) यस बहादुर राई केशर राई केन्द्रीय कार्यसमिति क्षेत्रीय समिति यस बहादुर राई	बालुवाटार, काठमाण्डौं बानेश्वर ३४, हाल यू.के. यू.के., बेलायत बालुवाटार, काठमाण्डौं हरिसिद्धि-८, ललितपुर काठमाण्डौ धरान, सुनसरी	१०१,००० ३०,००० २०,००० २०,००० ५,००० १०,१११ १५,००० ५,०००	जिमी संग्राहलय/जिमी सम्पदा जिमी संग्राहलय/जिमी सम्पदा जिमी संग्राहलय/जिमी सम्पदा स्थानीय समिति/वार्षिकोत्सव स्थानीय समिति/वार्षिकोत्सव किरात विद्यार्थी संघ सम्मेलन किरात विद्यार्थी संघ सम्मेलन किरात विद्यार्थी संघ सम्मेलन
		केन्द्रीय कार्यसमिति पाचौं केन्द्रीय कार्य . केन्द्रीय कार्यसमिति	बालुवाटार, काठमाण्डौ काठमाण्डौ काठमाण्डौ	५,००० ९,२०० ६,५००	किरात खालिङ्ग उत्थान संघ सं. ५औं केन्द्रीय सम्मेलन आर्थिक सहयोग

जिमी (राई) उत्थान समाज, सोलु केन्द्रीय समिति काठमाण्डौद्धारा स्थापनाकाल (आर्थिक वर्ष २०५५/०५६) देखि आर्थिक वर्ष २०७०/०७१ सम्मका आय–ब्यय विवरणहरूका झलकहरू यस प्रकार रहेका छन् ।

अर्थिक बर्ष	कूल आम्दानी रू. मा	कूल खर्च रू. मा	बचत रू. मा
२०५५/०५६	१०८,३६०.००	८४,३७४.००	२३,९८६.००
२०५६/०५७	१८७,११४.०९	१३७,३३२.००	४९,७८२.०९
२०५७/०५८	२८२,०५५.३६	१५२,०९८.७५	१२९,९५६.६१
२०५८/०५९	२८९,२७१.२७	१४६,३९६.४१	१४२,८७४.८६
२०५९/०६०	३२१,९०५.१३	२१७,२७३.८२	१०४,६३१.३१
२०६०/०६१	६४८,६९०.८०	२४३,६२१.००	४०५,०६९.८०
२०६१/०६२	३४१,४४१.८६	२५१,५२४.००	८९,९१७.८६
२०६२/०६३	४१०,१५३.२७	२६२,४८०.७५	१४७,६७२.५२
२०६३/०६४	३५७,७९९.००	२३९,५७३.८१	११८,२२५.१९
२०६४/०६५	७४३,९६५.५२	२१७,५७३.००	५२६,३९२.५२
२०६५/०६६	२२२,१५६.००	३०३,४६३.३१	(८१,३०७.३१)
२०६६/०६७	५६५,६४३.२९	४२१,७११.१४	१४३,९३२.१५
२०६७/०६८	६८३,५९३.५७	७८७,५७२.३२	(१०३,९७८.७५)
२०६८/०६९	८७९,७०३.०९	८५९,०१६.३१	२०,६८६.७८
२०६९/०७०	६४१,०६१.७४	६०४,४५९.९९	३६,६०१.७५
२०७०/०७१	१,५२६,५३२.२६	१,४७३,७७८.९९	५२,७५३.२७

डा.स्वामी प्रपन्नाचार्य (काले राई) को अभिनन्दन समारोह २०७० मा भएका आय तथा ब्ययका विवरणहरूः

मितिः २०७० भाद्र २९ गते, शनिबार
स्थानः मृगस्थली, पशुपती काठमाण्डौं

ब्यय			आय					
क्र.सं.	विवरण	रकम	क्र.सं.	विवरण	रसिद नं.	रकम	कमेवसान कर्ता	जम्मा रकम
१	भिडियो प्रोजेक्ट	५७,७५०.००	१	थुलुङ राई संस्कृति प्रतिष्ठान, लोखिम	३१	२५,०००.००	निकुर्धन राई	२५,०००.००
२	प्रेस मिटिङ ल्फेस प्रिन्ट ६X४	६००.००	२	जि.उ.स. अन्तराष्ट्रिय शाखा यु.के.	३२	१५०,८५७.००	मुलीबीर राई	१५०,८५७.००
३	स्वगतम ल्फेस प्रिन्ट 5X3,	१,१२५.००	३	बाहिङ किरात मुलुखिम, काठमाण्डौ	३३	२५,०००.००	थीरराज राई	२५,०००.००
४	ठूलो पछाडीको बोर्ड विथ फ्रेम	३,७६०.००	४	खालिङ समुदाय, काठमाण्डौ	३४	२५,०००.००	रामरतन राई	२५,०००.००
५	ट्यग प्रेस	५४०.००	५	प्रदीप राई, मुक्ली ८, सोलु	१६	५,०५०.००	कुलरत्न राई	
६	ट्यग भोलुन्टर	१,०८०.००	६	कुलरत्न राई, जुबु ८, सोलु	१७	५,५००.००		१०,५५०.००
७	ट्यग ओर्गनाइजर	२,५२०.००	७	नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान	१	२५,०००.००	इन्द्र कुलुङ	२५,०००.००
८	ट्यग मेम्बर, समिति	१,०८०.००	८	यति एयर लाइन्स क.प्रा.लि., सिनमंगल	४७	१०,०००.००		
९	ब्याच	१,४८५.००	९	श्याम सुन्दर कडेल, ल्फइट कनेक्सन मेनेज	४८	४,५००.००	भिम राज राई	
१०	ब्याच सानो	१,२००.००	१०	भीम राज राई, सोताङ, सोलु	४९	५,०००.००		१९,५००.००
११	जिमी सम्मान पत्र	७,५००.००	११	यस बहादुर राई, बालुबाटार	२	१५,०००.००		
१२	थुलुङ सम्मान पत्र	७,५००.००	१२	मान बहादुर राई, सल्यान	३	५,०००.००	यस ब. राई	
१३	कुलुङ सम्मान पत्र	७,५००.००	१३	प्रा.डा. नोवल किशोर राई	४	२,५००.००		२२,५००.००
१४	बाहिङ सम्मान पत्र	७,५००.००	१४	इन्द्र कुमार राई, देउसा ३, सोलु	६	५,०००.००	केशब कुमार राई	
१५	मेवाहाङ सम्मान पत्र	५,०००.००	१५	केशब कुमार राई, देउसा ३, सोलु	७	५,०००.००		१०,०००.००
१६	खालिङ सम्मान पत्र	५,०००.००	१६	मन बाहिङ , ललितपुर	४६	५,०००.००	केशर राई	
१७	फ्याक्स मिडिया	३४२.००	१७	केशर राई, हरिसिद्धि		१०,०००.००		१५,०००.००
१८	पत्रकारहरु सँग चियापान र छलफल भेटघाट	३,४००.००	१८	जिती राज राई	२६	५,०००.००		
१९	फुल, पानी,	६,५००.००	१९	देश कुमार राई	२७	५,०१०.००	रिन्जी राई	
२०	भेटी डा. स्वामी प्रपन्नाचार्य (काले राई)लाई	५०,०००.००	२०	खिल ब. राई	२८	२,००५.००		
२१	मञ्च सजावट, टेण्ट, कुर्ची, टेवल	७५,०००.००	२१	रिन्जी राई	२९	३,००५.००		१५,०२०.००
२२	खाजा, नास्ता '	५५,०००.००	२२	गणेश राई, नेचावतासे-६, सोलु	११	५,०००.००		
२३	खादा, विविध	५,५८६.००	२३	ज्ञान कुमार राई, नेचावतासे-३, सोलु	१२	१०,०००.००	भिम राज राई	
२४	मसलन्द, छपाई	८६२.००	२४	नौकुमार राई, नेचावतासे-६, सोलु	१३	५,०००.००		
२५	बैठक तथा भेटघाट, छलफल	३०,३२३.००	२५	राज कुमार राई, विगुटार, ओखलढुङ्गा	१४	५,०००.००		२५,०००.००
२६	फेंगा, भाङ्गा	३,९००.००	२३	इन्द्र चाली राई	४१	५,०००.००	इन्द्रचाली	५,०००.००
२७	झण्डा, मारकर पेन	१,१७५.००	२४	पम्फ दिदी, यु.एस.ए. (अमेरीका)	४२	५०,०००.००	भुपाल किराती	५०,०००.००
२८	सिक्कीम यात्रा, (पवन चाम्लिङलाई भेटघाट)	१२,०००.००						
	जम्मा कूल खर्च रकम	**३५५,२२८.००**		**जम्मा प्राप्त रकम**		४२३,४२७.००		४२३,४२७.००

अन्तमा यस संस्थालाई गति प्रदान गर्न प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग पु–याई दिनुहुने सम्पूर्ण महानुभावहरू, साधारण, आजीवन र विशिष्ट सदस्यहरू, अक्षयकोषदाताहरू एवं शुभेच्छुक सवैप्रति हार्दिक कृतज्ञा प्रकट गर्दछु । यसैगरी अव आउँने दिनहररूमा पनि निरन्तर पारस्परिक सयोग र सद्भावको अपेक्ष राख्दै, आर्थिक प्रतिवेदन सम्बन्धी लगायत विविध गतिविधि सम्बन्धी यहाँहरूको अमूल्य सल्लाह, सुझाव र प्रतिक्रियाको लागि हार्दिक अनुरोध गर्दै यही आर्थिक वर्ष २०७०/०७१ भित्रका आर्थिक सम्बन्धीका विवेचना र केन्द्रीय आर्थिक प्रतिबेदन २०७०/०७१ यही समाप्त भएको घोषणा गर्दछु ।

धन्यवाद, जय जिमी,

चन्द्रविक्रम राई (उपाध्यक्ष– किरात राई यायोक्खा)

विद्यार्थी जीवनदेखि नै सामाजिक आन्दोलन र राजनीतिमा सक्रिय रूपमा लागि सामाजिक तथा राजनीतिक चेतनायुक्त भई जातीय मुक्तिका निम्ति संघर्षरत, किरात राई विद्यार्थी संघका पूर्व केन्द्रीय अध्यक्ष, आदिवासी जनजाति विद्यार्थी महासंघका केन्द्रीय अध्यक्ष हुदै हाल किरात राई यायोक्खा केन्द्रीय कार्यसमितिका उपाध्यक्ष एवम् प्रस्तावित किरात स्वायत्त राज्यका अभियन्ता चन्द्रविक्रम राईसंग अबि राईले गर्नुभएको कुराकानी :

जबसम्म नेपालमा आदिवसी जनजाति, दलित, मधेसी, मुस्लिम र महिलाहरु माथि राज्यबाट भएको संरचनागत विभेदलाई अन्त्य गरिदैन र राज्यको पुनःसंरचना हुदैन । तव सम्म दिगो शान्ति र समृद्ध नेपालको कल्पना गर्न सकिदैन ।

१. किरात स्वायत्त राज्यको औचित्य र सान्दर्भिकता के के हुन् ?

किरात स्वायत्त राज्य, केन्द्रीकृत सामन्ति राज्यसत्ताको उत्पीडनबाट मुक्ति पाउन २४० वर्षदेखिको एकल जातिय वृहत अंहकारवादको अन्त्य गरी जातिय सह–अस्तित्वमा आधारित जातिय पहिचानसहितको संघीय राज्य निर्माण नै हो । जबसम्म नेपालमा आदिवसी जनजाति, दलित, मधेसी, मुस्लिम र महिलाहरुमाथि राज्यबाट भएको संरचनागत विभेदलाई अन्त्य गरिदैन र राज्यको पुन–संरचना हुदैन तव सम्म दिगो शान्ति र समृद्ध नेपालको कल्पना गर्न सकिदैन । यति वेला दोस्रो संविधान सभावाट उत्पीडितहरुले उत्पीडनवाट मुक्त हुन राज्यको मुल कानून संविधानमा आफ्नो हक अधिकार सुनिश्चित सहित संघिय राज्य निर्माण नै आजको आवश्कता हो ।

२. किरात स्वायत्त राज्य प्राप्तिको आन्दोलन अहिले के भैरहेको छ ?

किरात स्वायत्त राज्य सहित जातिय पहिचान सहितको संघिय राज्यहरु निर्माण गर्न यत्तिवेला नेपालको अग्रगामी परिवर्तन पक्षधर शक्तिहरुबीच सहकार्य गर्दै आदिवासी जनजाति, मधेसी, मुश्लिम र दलित सहितको वृहत मोर्चा निर्माण भएको छ । संविधानसभा भित्र प्रतिनिधित्व गर्ने प्रमुख प्रतिपक्ष दल र पहिचान पक्षधर र मधेशी दल लगायत का पार्टीहरु बिच ठुलो एलाईन्स ईरहेको छ । जसको नेतृत्व वरिष्ट मानव अधिकारवादी नेता पदमरत्न तुलाधरले गरिरहेका छन् ।

३. किरात राई यायोक्खाले किरात स्वायत्त राज्य प्राप्तिको लागि के गरिरहेको छ ?

किरात राई यायोक्खाले संविधानसभामा राज्य पुनःसंरचनाको वहस चलिरहेको सन्दर्भमा पहिचान सहितको किरात

स्वायत्त राज्य निर्माण हुनुपर्छ भनेर विभिन्न राजनितिक पार्टीहरूलाई आफ्नो संस्थाको अवधाराणा बुझाउने कार्यक्रम तय गरी रहेको छ । किरात राई यायोक्खा जस्तै पहिचान पक्षधर अन्य सातवटा जातीय संगठनबीच आन्दोलनको तयारी गरिरहे को छ । आन्दोलनको रूपमा पहिलो प्रदेशस्तरीय आमसभा, दोस्रो जिल्ला हुँदै ईलाकास्तर र अन्तमा केन्द्रीयस्तर को काठमाडौंमा गर्ने तयारी गरिरहेको छ ।

४. हाम्रो माग, वृहत किरात स्वायत्त राज्य हो, तर फरक विचार जस्तै खुम्बवान, लिम्बुवान र अन्य आन्दोलनरत पक्षलाई कसरी समट्न सकिन्छ ?

किरात स्वायत्त राज्य किरात प्रदेश बस्ने, केन्द्रीकृत राज्यसत्ताको उत्पीडनमा परेका उत्पिडित समुदायको माग हो, यो किरात राई यायोक्खाको मात्र होइन । दोस्रो, खम्बुवान, लिम्बुवान र अन्य आन्दोलनरत पक्षहरु किरात राज्य निर्माणका आधार शक्ति हुन्, किन भने उनीहरु पनि जातिय पहिचानको पक्ष दृढतका साथ उभिएका छन् र किरात राज्य भित्र भोलि खम्बुवान र लिम्बुवान स्वायत्तराज्यहरु हुनेछ । अहिले नै आर्थिक, भौतिक पूर्वधारबिना छुट्टा–छुट्टै खम्वुवान र लिम्वुवान स्वायत्त राज्य हुने अवस्था कम छ । अर्कोतिर किरातीहरु बिचमा साझा मनोविज्ञान निर्माण गर्नु पहिलो आवश्यकता हो । ती छुट्टाछुट्टै शक्तिलाई एकजुट नवनाई पहिचान विरोधी केन्द्रिकृत शक्तिलाई परास्त गर्न सकिदैन र त्यसको निम्ति मिल्नुको विकल्प छैन ।

५. किरात स्वायत्त राज्य बारे हाम्रै समुदायमा पर्याप्त जानकारी छैन, यसको प्रचारलाई कसरी व्यापक बनाउन सकिन्छ ?

अहिले नेपालको प्रतिगामी र यथास्थितिवादी शक्तिहरु मुलधारको मिडियावाट पहिचान सहितको संघीय राज्यलाई जर्वरजस्ति जातिय वा जातको राज्य भनेर भ्रम, अफवाह फैलाई रहेको छ । यसकारण पनि पहिचानको आन्दोलनलाई कमजोर वनाउने खेल भईरहेको छ । जहाँ सम्म हाम्रो समुदायमा पर्याप्त जानकारी नभएको कुरा साँचो हो । यसलाई समुदाय लगायत मिडियाद्धारा अतिरन्जित ढंगवाट गरीएको भ्रमलाई हटाउन सामुदायिक चेतना फैलाउने, विभिन्न गोष्ठी तथा स्थानीय स्तरमा प्रचारमुलक अभियान संचालन गर्न जरूरी देखिएको छ । किरात राज्य किरात प्रदेश भित्र वस्ने सबै जातजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुनेछ र सवैले सम्मान पूर्वक जीवन यापन गर्ने वातावरणको अवस्था रहन्छ, भन्ने बारेमा सवैलाई बुझाउन सक्नुपर्छ । जस्तै भारतको विभिन्न राज्यहरू विहार मा विहारी मात्र वस्दैन भने जस्तै गुजरातमा गुजराती, पञ्जावमा पन्जावी, वंगालमा वंगाली, मिजोरममा मिजोर र नागाल्याण्डमा नागाहरू मात्र बस्दैनन् । त्यस्तै नेपालको किरात स्वायत्त राज्य भित्र पनि सम्पूर्ण जात जातिहरू आफ् ना पहिचान सहित बस्न सक्छन् भनेर स्थानिय स्तरमा नै प्रचार लाई सशक्त वनाउनु पर्छ ।

६. किरात स्वायत्त राज्य प्राप्तिको आन्दोलनमा सो क्षेत्रका जनता र राजनीतिक दलहरूको सहयोग कस्तो आईरहेको छ ?

किरात स्वायत्त राज्य प्राप्तिको आन्दो लनमा मुख्य गरी नेपालको ठुला भनिने यथास्थितीवादी दलहरूवाट यसको विरोध भएपछि स्थानीय समुदाय र समुदायमा मै आधारित विभिन्न राजनितिक दलहरू किरात राज्यको मागलाई मुख्य आधार वनाउदै आन्दोलित छन् । यहाँ रहेको सम्पूर्ण समुदायलाई लोकतान्त्रिक मुल्य मान्यतामा आधारित जातिय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुने भएपछि विरोधको अर्थ रहदैन । यसको पक्षमा ढिलो छिटो जनमत तयार हुने निश्चित देखिएको छ ।

७. वर्तमान संविधानसभाबाट पहिचान सहितको संघीयता र संघीयता सहितको संविधान निर्माण हुनेमा थुप्रै आशंकाहरू पैदा भैरहेका छन् , यसमा तपाईको दृष्टिकोण ?

दोस्रो संविधानसभा वाट पहिचान सहितको संघीय संविधान नबन्ने आंशकाहरू उत्पन्न हुनु स्वभाविक हो । किन भने यतिवेला पहिचान विरोधीहरूको संख्या संविधान सभामा दुई तिहाई वहुमतको नजिक देखिन्छ र हिजो पहिलो संविधान सभामा पहिचान पक्षधरहरूको पूर्ण दुई तिहाई वहुमत हुदाँ समेत पहिचान सहितको संघीय संविधान नवनेको स्थितिलाई हेर्दा यो स्वभाविक छ । साथै पहिचान विरो धीहरू यतिवेला गणतन्त्र र संघीयताको समेत विरोध गरिरहेका छन् । तर यथार्थमा हिजो, पहिलो संविधानसभा ले जसरी सहमतिको नाममा संविधान निर्माण गर्न सकेन, आज संविधान वनाउने नाममा जर्वरजस्ती बहुमतको आडमा पेलेर पहिचानको मुद्धालाई अस्वीकार गर्ने जो प्रयन्त हुदैछ, त्यसले नेपालमा एक थान संविधान त आउछ तर त्यसले समाधान गर्दैन र शान्त र समृद्ध नेपाल पनि वन्न सक्दैन । त्यसकारण पहिचानलाई अस्विकार गर्ने अवस्था देखिदैन ।

८. संघीय नेपालमा पहिचान सहितको किरात स्वायत्त राज्य स्थापना भएन भने एकजना अभियान्ताको हिसाबले किरात राई समुदायको भविष्य कस्तो देख्नुहुन्छ ?

अन्तरिम संविधानमा नै अव नेपाल

संघिय लोकतन्त्रिक गणतन्त्रामक हुनेछ भनेर लिपीवद्ध भई सकेको अवस्था छ । यसवाट दलहरु पछि फर्कन्न सक्दैनन् र हुदैन पनि । साथै नेपाल जातिय, भाषिक, साँस्कृतिक एवम् भौगोलिक हिसावले विभेद भएको हुनाले त्यसलाई सम्वोधन गर्न अनिवार्य जस्तै छ । तर पहिचान लाई जर्वरजस्ती जातिय राज्यको रूपमा चित्रण गर्न यथास्थितिवादी दलहरु प्रयत्नशिल छन् । यसले नेपालमा थप युद्ध चर्काउने काम मात्र हुनेछ । त्यसो हुनाले हिजो एक जातिको मात्र पहिचान थियो । अव यसलाई नेपालमा वस्ने आदीवासी जनजाति, मधेसी मूस्लिम दलित एवं वर्गीय हिसावले उत्पीडनमा परेका अन्य जातिको समेत पहिचान हुनु पर्छ भन्ने हाम्रो मागलाई वेवास्ता गर्दा नेपालमा अझ थप द्वन्द्व हुन्छ । पहिचान सहितको नयाँ संविधान आएन भने किरात राईहरु मात्र हैन त्यस क्षेत्रमा वस्ने सम्पूर्ण किरात प्रदेशवासीहरु आफ्ना अधिकारको लागि थप सशक्त हुनेछन् । त्यसैले यो किरात राईहरूको माग मात्र हैन किरात राज्य प्राप्त गर्ने त्यस क्षेत्रका आम जनताको नैसर्गिक अधिकार हो ।

९. प्रसंग बदलौं, अहिले केही समूहहरू राईकरणको मारमा परियो भन्दै किरात राई यायोक्खालाई स्वीकार नगरी छुट्टै जातिको रूपमा सुचिकरण हुन पाउनुपर्ने भनेर लागिरहेका छन् । उनीहरूप्रति किरात राई यायोक्खाको धारणा के छ ?

पहिलो कुरा त पहिचान हो, हाम्रो पहिचान राईले प्रतिनिधित्व गर्छ कि अथवा अरु के ले गर्छ त्यसको उत्तर राईकरणमा पारियो भन्ने साथीहरूवाट सिधा आउला जहाँसम्म किरात राई यायोक्खाको कारणले आफुलाई राईकरणमा पारियो वा यायोक्खाले गर्दा राई जर्वरजस्ति बनाइयो भन्ने कसैलाई लागेको हो भने

> कुनै व्यक्तिले आफ् नो नामका पछाडी राई वा अरू के लेख्ने त्यो उसको निजि अधिकार हो । त्यो हिजो देखि नै थियो त्यसको उदाहरण जस्तै लैनसिंह वाङदेल , मकर वान्तवा , देखि अहिले राजन मुकारूङ सम्मलाई लिन सकिन्छ ।

> राई भित्र भाषिक हिसावले हामी धैरै छौं । यसलाई समेट्न यायोक्खाले पहल गर्नु पर्छ । तर यायोक्खासंग आवद्ध हुने या नहुने कुनै पनि राई लाई व्यक्तिगत छुट छ ।

त्यसको सोझो उत्तर किरात राई य ायोक्खा स्थापना २०४७ सालमा भएको हो । आज २७ वर्ष भएको छ । तर राई शब्दबाट अलग हुन चाहने साथीहरूको सरकारी लगायत अधिकार मुभमेन्टमा आफ्नो न्यूनतम पनि ३ पूस्ता अघि देखि राई लेखेको देखिन्छ । यस्ले के देखाउछ भने कम्तीमा पनि १०० वर्ष अघिदेखि नै राई लेखिदै आएको रहेछ भन्ने पुष्टि गर्छ । त्यस कारण किरात राई यायोक्खाले जर्वरजस्ती राईकरणमा पाऱ्यो भन्ने कुरा युक्ति संगत देखिदैन । ७५ वर्ष पछि निर्माण गरेको संस्थाले राईकरण को अभियान चलायो भन्न आफैमा विरोधाभास भएन ? दोस्रो कुरा कुनै व्यक्तिले आफ्नो नामका पछाडी राई वा अरू के लेख्ने त्यो उसको निजी अधिकार हो । त्यो हिजो देखि नै थियो त्यसको उदाहरण जस्तै लैनसिंह वाङदेल, मकर वान्तवा , देखि अहिले राजन मुकारूङ सम्मलाई लिन सकिन्छ । तर कसैले मलाई राई मन परेन भन्न वित्तिकै राई अर्कै जाति हो भन्न कति मिल्दो छ ? त्यो त अहिले अफूलाई स्वःपहिचानमा लाग्ने साथीहरूलाई अलिवढि थाहा होला । तेस्रो कुरा कसैलाई राई जाति मन परेन वा वाक्क, घृणा लाग्यो भन्दैमा गुरूङ वा खस बाहुन हुन सक्दैन किन भने अहिले राई जातिको कुनै व्यक्ति सर कारी निकायमा जाति परीवर्तन गरी पाँउ भनेर निवेदन दिने र परिर्वतन गरिदिने निकाय मैले त देखेको छै न, साथै अहिले भइरहेको जाति भन्दा फरक जाति बनाई दिनु पऱ्यो भनेर मात्रै पनि हुदैन । कुनै जाति हुनका लागि अन्तर्राष्ट्रिय मापदण्ड पुरा हुनु पर्छ । त्यो भनेको एउटा भाषालाई मात्र पक्रेर हुदैन जसको ऐतिहासिक भूगोल, लिखित वा अलिखित, संस्कृति र संस्कार आदि हुनुपर्छ । त्यसकारण आफ्नो नामको पछाडी राई लेख्ने वा नलेख्ने त्यो सम्वन्ध त, व्यक्तिको निजी विचार हो र हुनसक्छ । तर आफ्नो निजी विचारले समुदायको अधिकारबाट समुदाय लाई राई नलेख भन्ने अधिकार कसैलाई हुदैन । त्यस्तै

किरात राई यायोक्खालाई पनि जर्बर जस्ती राई लेख भन्ने अधिकार छै न । सम्पूर्ण राईहरूको साझा संस्था यायोक्खा हो । राई भित्र भाषिक हिसावले हामी धैरै छौं । यसलाई समेट्न यायोक्खाले निश्चय पनि पहल गर्नुपर्छ । तर यायोक्खासंग आवद्ध हुने या नहुने कुनै पनि राई लाई व्यक्तिगत छुट छ । समुदायगत जिम्मा लिने कसै लाई त्यो अधिकार र हैसियत छैन यायोक्खाले पनि सुचिकरण गर्ने या नगर्ने अधिकार राख्दैन ।

१०. राईजाति भित्र भाषिक विविधता छ, ति भाषाहरूको समान विकास र अवसरको अवस्था सिर्जना गर्न के गर्नुपर्ला ?

संसारमा सायद राई मात्र यस्तो जाति हो । जसले, अहिले पनि दुई दर्जन भन्दा वढी भाषा बोल्ने गदर्छौं ।

त्यसकारण राई जाति एक, भाषा अनेक भएको जाति हौं । नेपालमा भाषा एक जाति अनेक भएको जाति पनि छन् । शेर्पा भाषा, हिमाली भागमा रहेका अधिकांश हिमाली आदीवासी जनजातिहरूले बोल्छन् जस्तै ताप्केगोला, सियार, भोटे आदि ।

जहाँसम्म राई भित्रको भाषा लाई कसरी समान विकास र अवसरको अवस्था सिर्जना गर्न सकिन्छ भन्ने सवाल छ, भाषा विकास भनेको सम्वन्धित भाषिक समुदायले नै गर्ने हो । कुलुङ राईको भाषा, चाम्लिङ वा खालिङले गरेर हुदैन तर किरात राई यायेक्खा सम्पूर्ण राईहरूको साझा संस्थाले चाँहि सम्पूर्ण राईभाषाहरूको संरक्षण र सम्वर्द्धन गर्नुपर्छ । यायोक्खाले राई जाति भित्र रहेका लोपोन्मुख भाषाको संरक्षणको लागि विशेष पहल र आर्थिक सहयोग र अरू अवसरको श्रृजना गर्नु पर्छ । र त्यो यायोक्खाले गरीरहेको पनि छ । राई जाति भित्रका भाषा लाई समान ढंगले अगाडी वढाउन यायो क्खाले गम्भिर भएर नवीन र परीवर्तनमुखी योजना बनाउनु पर्छ ।

११. हाम्रो समुदायमा सुचिकरण लगायत अन्य विषयहरू केही असमझदारी पैदा भैरहेको छ, यसलाई सुल्झाउदै एकतालाई बलियो बनाउन यायोक्खाले के पहल गरिरहेकोछ र अरूको भुमिका कस्तो अपेक्षा गर्नुभएको छ ?

जाति सुचिकरण व्यक्तिको महत्वकाँक्षाले मात्र हुदैन यसका आधारहरु बारे माथि चर्चा भइसकेको छ । व्यक्तिगत रूपमा सुचिकरण हुनुपर्छ र हुनुहुदैन भनेर एकले अर्कालाई गालीगरेर वा असमझदारी पैदा गर्नु हुदैन । जुट्ने वेलामा फुट्ने कुरा त सोच्नु पनि हुदै न, मुलुकको पुर्नःसंरचना को क्रममा पहिचान सहितको स्वायत्त राज्य हुनुपर्छ भन्ने आवाज बोक्नेहरूको वीचमा । राजनीतिमा संस्थाको ठुलो महत्व हुन्छ । यसवेला नेपालमा १०० भन्दा जातिहरू भएपनि किन राई, लिम्बु, गुरूङ, मगर, थारू, ने वार, तामाङ, खस, आर्यको नाममा संघीय राज्य हुनुपर्छ भनेर पहिलो संविधान सभाको राज्य पुनःसंरचना तथा राज्य शत्तिको वाँडफाँड समिति र राज्य पुनःसंरचना उच्चस्तरीय आयोगले सिफारिस गऱ्यो ? त्यो सवैको पछाडि ठुलो जातिय जनसंख्या नै हो । यस कुरालाई सवैले मनन् गर्नुपर्छ । जहाँ सम्म यायोक्खाले आन्तरिक असमझदारी हटाउन के पहल गर्दैछ भन्ने कुरामा विगत का विषयमा हामी आग्रह र पूर्वग्रहको आधारमा समाधान खोज्न थाल्यौ भने, हामिले सहि दिशा लिन सक्दैनौ । हाम्रो लागि यतिबेला को हाम्रो प्रमुख एजेन्डा किरात स्वायत्त राज्य नै हो र नयाँ संविधानमा हाम्रो अधिकारलाई सुनिश्चित गर्न पहिलो आवश्कता हो भन्ने कोणवाट छलफल अगाडी वढाउनु पर्छ । र यसको नेतृत्व साझा संस्था यायोक्खाले नै पहल गर्नुपर्छ र अन्य भाषिक लगाएत सवै किरात जन्य संस्थाहरूले पनि सहयोग गर्नुपर्दछ । किरात स्वायत्त राज्य प्राप्त भयो भने हामीले सुचिकरणमा आफुलाई हैन त्यहाँ रहेका अल्पसंख्यक समुदाय जस्तै दलित, माझी आदि लाई सुचिकरण गरेर जनसंख्याको आधार मा समानुपातिक प्रतिनिधित्वको अवसर वाँडफाँड गर्नुपर्छ । त्यसको प्रत्याभुति दिलाउनु सक्नु पर्छ ।

१२. अन्त्यमा, किरात स्वायत्त राज्य बारे विभिन्न दल, नेता र व्यक्तिहरूले थुपै भ्रमहरू सिर्जना गरिरहेका छन् उनीहरूलाई तपाईको जवाफ ?

त्यस्तै १०४ वर्षे राणा शासनमा फाँसी आंतक थियो । ३० वर्षे पञ्चायतमा पुलिसको गोली, लट्ठीको आंतक सृजना गरिन्थ्यो । २०४६ साल पछि पनि यथास्थितिवादी दलहरूले जनतालाई व्यवहारत अधिकार सम्पन्न हुन दिएनन् । अहिले पनि विभिन्न राजनितिक दलका नेता, कार्यकर्ताहरू उत्पिडित समुदायको परिवर्तनको चाहनालाई रोक्ने एक मात्र विकल्प लिएर अन्तिम प्रहार गर्न आफ्ना सबै शक्ति, स्रोत परिचालन गरिरहेका छन् । परिवर्तन विरोधी दलका नेता कार्यकर्ताहरूले जबरजस्ति पहिचानलाई रोक्ने नाममा देशलाई गृहयुद्ध तर्फ नधकेल्न आग्रह गर्दछु ।

अन्तमा, आफ्नो पहिचान सहितको अधिकार लिन २४० वर्षदेखि जातिय भाषिक, संस्कृतिक, लैङ्गीक र भौगोलिक उत्पीडनमा परेका समुदाय आफ्नो जीवन बलिदान दिन समेत अब पछि पर्ने छैनन् भन्ने सन्देश प्रवाह मार्फत दिन चाहान्छु ।

पहिचानसहितको संघीयता नचाहने परिवर्तनविरोधी

सुकदेव चामलिङ राई

आज संघीयता, जातीय पहिचान, क्षेत्रगत समानताको कुरा उठ्दा विरोध भइरहेछ । विशेषगरी जातीय पहिचानको सवालमा गैरआदिवासी जनजाति सहमत छैनन् । कुनैपनि परिवर्तन सापेक्ष हुन्छ । सामाजिक आन्दोलनपछिको परिवर्तनले जहिल्यै उत्पीडित वर्ग, जाति र क्षेत्रको पक्षमा वकालत गर्छ

अहिले नेपाल संक्रमणकालीन अवस्थामा छ । यो पुरानोलाई विस्थापित गरी नयाँ र ाज्यव्यवस्था स्थापित गर्ने संघार हो । यस अवस्थामा शोषित, पीडित, अपहेलित र गरीब समुदायमा न्यायोचित अधिकारको अपेक्षा बढी हुन्छ । त्यसैले नयाँ बन्ने संविधानमा क्षतिपूर्ति स्वरूप न्यायोचित अधिकारको सुनिश्चितता हुनुपर्छ । किनभने निकटविगतको शासन व्यवस्थाद्वरा उनीहरू उत्पीडन, शोषण, विभेद, साँस्कृतिक अतिक्रमण, गरिबी खेप्न बाध्य पारिएका हुन् । अब विगतजस्तो जन्मदै शासक र शासित हुने परम्पराको अन्त्य भइसकेको छ । साथसाथै, त्यसबेलाका असमान नीतिहरू फेरिँदैछन् । स्पष्टतः एक नयाँ युगको प्रारम्भिक यात्रा भइरहेको छ । यो चुनौतीपूर्ण छँदैछ । साथै नागरिकका सवाल एकपछि अर्को गर्दै थपिँदैछन् । जसको चित्तबुझ्दो ढंगले राज्यद्वारा सम्बोधन होस् भन्ने सबैको अपेक्षासमेत छ ।

मुख्य रूपमा नेपालको समस्या आदिवासी जनजातीय, भौगोलिक, वर्गीय र लैङगिक हुन् । यी सबै पुर ानो शासकले अपनाएको गलत नीति र व्यवहारका कारण उत्पन्न समस्या हुन् । कुनै दैवीकारणले सिर्जित थिएन र होइन । त्यसैले यसको उपचार पनि सही शासननीति हो । जसको लागि जनआकांक्षालाई केन्द्रमा राखिनुपर्छ । नागरिकबीचमा समानताको अनुभूति हुने शासनपद्धति अवलम्बन गरिनुपर्छ भन्ने उद्देश्यले नै संघीय शासन प्रणाली अपनाइएको छ । संघीयतामा सामन्ती शासन व्यवस्थाद्वारा दबाइएका, पेलिएका, हेपिएका र थिचिएकाले र ाज्यमा अपनत्व महसुस गर्न सक्छन् । नागरिकमा राज्यप्रति जिम्मेवारीबोध भई विकासमा सहभागी हुन्छन् । जसले छिटो समृद्धि प्राप्त गर्न सकिन्छ । हिजोजस्तै जन्मदै शासक, रक्षक, सेवक र शासित हुने परम्परा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाले तोडिदिएको छ । अब जुनसुकै समुदाय र जातका नवजात शिशुले पनि जन्मदै राष्ट्रपतिको दाबी गर्न सक्छन् । मुलुकको मन्त्री र प्रधानमन्त्री हुने सपना देख्न सक्छन् ।तर, आज संघीयता, जातीय पहिचान, क्षेत्रगत समानताको कुरा उठ्दा विरोध भइरहेछ ।

विशेषगरी जातीय पहिचानको सवालमा गैरआदिवासी जनजाति सहमत छैनन् । कुनैपनि परिवर्तन सापेक्ष हुन्छ । सामाजिक आन्दोलनपछिको परिवर्तनले जहिल्यै उत्पीडित वर्ग, जाति र क्षेत्रको पक्षमा वकालत गर्छ । साथै, परिवर्तनप्रति समाजको सानो हिस्सा कहिल्यै सन्तुष्ट रहँदैन । त्यही सन्तुष्ट नभएकाहरूले आज संघीयताको विरोध गरिरहेका छन् । जातीय समान अधिकार र स्वायत्त राज्यको विरोध गरिरहेका छन् । किनभने उनीहरूको खाईपाई आएको परम्परागत अधिकार खोसिएको छ । र, राज्य संयन्त्रको मूलधारबाट फालिएका छन् । त्यसैले उनीहरूको विरोध पीडायुक्त चित्कार मात्रै हो । मुलुकको असली चिन्तक र देशभक्त बहुसंख्यक नागरिक हुन्, जसले परिवर्तनलाई रूचाएका छन् ।

मुलुकमा संघीयता स्वीकार्नेले पनि जातीय राज्य स्वीकारेको छैन । जातीय राज्यले विखण्डन निम्तिने तर्क

छ । केही महिनाअघि संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँट समितिले बहसका निम्ति प्रस्ताव गरेको १४ प्रदेशमाथि विरोधसमेत हुने गरेको छ । किनभने त्यो १४ प्रदेशको प्रस्तावमा अधिकांश जातीय ऐतिहासिक पहिचानको आधारमा सम्भावित स्वायत्त प्रदेशको नामांकन गरिएको छ । प्रस्तावित केही प्रदेश प्राविधिक पक्षमा त्रुटिरहीत छ । तर, जातीय ऐतिहासिक पहिचानको आधार मा नामांकन गरिएका प्रदेशमाथि विरोध हुनुचाहिँ वस्तुगत हिसाबले कमजोर तर्क हो । किनभने निकटविगतको केन्द्रीकृत एकात्मक चरित्रको शासन व्यवस्थाले आदिवासी जनजातिमाथि अन्याय गरेको थियो । राज्यको मूलप्रवाहबाट जहिल्यै पाखा पारिएको थियो । साथसाथै, धार्मिक रूपमा साँस्कृतिक अतिक्रमण गरेको थियो । आदिवासी जनजातिका प्रथाजनित कानुनलाई विस्थापन गरी शासकले आफूअनुकूल नियम–कानुन लादेको थियो । जसले गर्दा आदिवासी जनजातिको परम्परा मासिने क्रममात्र सुरू भएन, मूलथलोबाट विस्थापित हुनुपर्ने अवस्थासमेत सिर्जना भएको थियो ।

स्थानीय प्राकृतिक स्रोतसाधनले सम्पन्न हुँदाहुँदै पनि गरिबी ब्यहोर्नु पऱ्यो । दैनिक जीवनका आवश्यकता परिपूर्तिका निम्ति विदेशिनु पर्ने बाध्यता रह्यो । जसले गर्दा व्यक्तिको शैक्षिक विकासको क्रम अवरूद्धमात्रै भएन, फर्केर आउँदा मुलुकमै बिरानो भई बस्नुपर्ने वातावरण उत्पन्न भयो । यसरी भूमिपुत्र आदिवासी जनजाति अदृश्य रूपमा बेचिएका थिए । निचोरिएका र पीडित थिए ।

आदिवासी जनजातिले शिर ठाडो पारेर बस्न पाउने वातावरण हुनुपर्छ । अनिमात्रै राज्यले न्याय गरेको ठहर्नेछ । जातीय पहिचानसहित संघीय शासन प्रणाली अपनाउँदा आदिवासी जनजातिले वर्षौंदेखि खेप्दै आएका उत्पीडनबाट न्यायको अनुभूति गर्न सक्नेछन् । साथै, राज्यले उनीहरूलाई सम्मान गरेको ठहर्नेछ । यसले गर्दा समानतामा आधारित नयाँ सामाजिक धरातल पुनर्निर्माण गर्न सकिन्छ । अनि देश विकासको लागि हातेमालो गरी समृद्ध नेपालको लागि नयाँ आयामबाट सहकार्य हुन सक्दछ । अन्यथा, आदिवासी जनजातिको आग्रह विद्रोहमा रूपान्तरण हुन सक्दछ । जसले देशलाई अग्रगतितिर नभई थप हिंसातिर धकेल्नेछ । किनभने विश्वको केही मुलुकको पृष्ठभूमि पनि यस्तै छ । धेरै मुलुकले संक्रमणकालमा जनताले मागेको अधिकार नदिँदा द्वन्द्व व्यहोरेको उदाहरण छन् । भारतकै अरूणाञ्चल प्रदेशमा नागा जातिले स्वायत्त नागाल्याण्डको लडाईंको लागि बलिदानी दिएको छ । जसलाई केन्द्र सरकारले दबाउन खोज्दा त्यहाँ धेरैको रगत बगेको छ जुन केन्द्र सरकारसँग नागा जातिको असन्तुष्टी अझै छ । नेपालमा त्यस्ता अशुभ घटनालाई टार्न पनि आदिवासी जनजातिका सवालमा गम्भीर हुनै पर्दछ । अन्यथा, राज्यले झुन्डको रूपमा चित्रित गरेर उपेक्षा गरी रहँदा परिस्थिति भयावह बन्न सक्दछ ।

(चामलिङ संघीय प्रेस युनियन नेपालका महासचिव हुन् ।)

हरेक बर्षको बार्षिकोत्सवको अवसरमा जिमी (राई)

उत्थान समाज सोलुले प्रकाशन गर्ने

प्रवाह

स्मारिकामा प्रकाशन गर्नका निम्ति विचारमुलक, ज्ञानबर्द्धक साथै साहित्यिक सिर्जना, लेख/रचनाहरू अनिवार्यरूपमा श्रावण मसान्तभित्र समाजको केन्द्रीय समिति, काठमाण्डौ

आईपुग्ने गरि उपलब्ध गराईदिनहुन सविनय अनुरोध गर्दछौ।

लेख/रचना पठाउने ठेगाना

जिमी (राई) उत्थान समाज सोलु

पो.ब.नं. ९६२८, काठमाण्डो. नेपाल

फोन : ४४३५६८०

वेभसाईटः jimeesamaj.org.np इमेलः raijimee@gmail.com

शैक्षिक नीतिमा आमुल परिवर्तनको खाँचो

अबि राई
abipurbeli@gmail.com

श्रम र उत्पादनसंग शिक्षालाई जोड्न सकिएको छैन । अर्कोतर्फ नीतिगत रूपमा आधारभुत शिक्षा राज्यको दायित्वको रूपमा रहेको छ । तर अहिले शिक्षामै तिव्र व्यापारिकरण भैरहेको छ ।

२०७० सालको एस.एल.सी. परीक्षामा करिब पाँच लाख विद्यार्थीहरू सहभागी थिए । उनीहरू भोलीका कर्णधार हुन् । समाज र राष्ट्रको भविष्य निर्धारणमा उनीहरूको ठुलो भुमिका हुनेछ । मुलत उनीहरूको समाजप्रतिको दृष्टिकोण, स्वभाव, आचरण र खेल्ने भुमिकाको निर्धारण राज्यले अंगीकार गरेको शैक्षिक नीतिमा नै निर्भर हुन्छ ।

प्रवेशिका परिक्षा संचालन भईरहदा मिडियामा थुप्रै प्रकारका समाचारहरू आए । कतै नक्कली विद्यार्थी फेला परेको, कतै नक्कली निरीक्षक त कतै प्रश्नपत्रको किनबेच, अनि कतै चिट चोर्न नपाएकोमा लफडा मच्चिएको । यी दृश्यहरू पनि शैक्षिक नीति, संरचना र संस्कारमा भएको त्रुटिकै कारण देखा परेको हो । अर्कोतिर नेपाली शिक्षाको मोडेल, गरेर खाने भन्दा पनि बोलेर खाने जनशक्ति उत्पादन गर्ने कारखाना बनेको छ । अथवा श्रम र उत्पादनसंग शिक्षालाई जोड्न सकिएको छैन । अर्को तर्फ नीतिगत रूपमा आधारभुत शिक्षा राज्यको दायित्वको रूपमा रहेको छ । तर अहिले शिक्षामै तिव्र व्यापारिकरण भैरहेको छ । दक्ष जनशक्ति उत्पादनमा नीजि शैक्षिक संस्थाको केहि योगदान त होला तर त्यो भन्दा बढी गुणस्तरीय शिक्षाको बहानामा व्यापारीकरण संस्कृति मौलाएको छ । जसले गर्दा आधापेट कटाएरै भएपनि आफ्नो छोराछोरीलाई निजी विद्यालयमा पढाउनु पर्ने गलत प्रतिस्पर्धातर्फ समाज उन्मुख छ, भने राज्यले त्यसलाई नियन्त्रण र व्यवस्थित बनाउन सकिरहेको छैन । त्यसको फाईदालिदै निजी विद्यालयहरूले मनपरीतन्त्र मच्चाईरहेका छन् । शिक्षाप्रतिको राज्यको दृष्टिकोण र संरचना स्पष्ट नहुँदा अहिले थुप्रै खालका समस्या र विकृतिहरू हामीले झेल्नु परिरहेको छ । शिक्षामा राज्यको अर्बौ लगानीले अपेक्षित प्रतिफल हाँसिल गर्न सकिएको छैन, उल्टै बुलवामा पानी खनाए जस्तै भैरहेको अवस्था छ ।

शैक्षिक संस्थाको मुख्य दायित्व सभ्य, सुसंस्कृत, असल र दक्ष नागरिक तयार पार्ने हो । यसको लागि राज्यको स्पष्ट नीति, योजना र दिर्घकालिन सोचको खाँचो पर्छ । यतातर्फ राज्यले उचित ध्यान दिन नसक्दा शिक्षा क्षेत्रमा समस्याहरूको चाङ अग्लो हुदै गएको छ । शिक्षा जस्तो महत्वपुर्ण विषयलाई प्राथमिकतामा राख्न र नीति एवं संरचनाहरूलाई समयअनुकुल बनाउने दिशातर्फ राज्यको समुचित दृष्टिघोचर हुन सकेको छैन ।

अर्कोतर्फ निजी र सामुदायिक विद्यालयको पाठ्यक्रममा एकरूपता छैन । भौतिक पुर्वधार, शिक्षण प्रणाली लगायतमा पनि समानता छैन । यसरी हेर्दा एउटै मुलुकभित्र दुईप्रकारका शैक्षिक प्रणाली विद्यमान देखिन्छ । जसले राज्यको आवश्यकतालाई सम्बोधन गर्ने खालको भन्दापनि व्यापारिक दृष्टिकोणबाट निर्देशित शिक्षाप्रणाली र संस्कार हावी हुदै गएको देखिन्छ । विश्वबजारमा बिक्ने जनशक्ति उत्पादनको बहानामा मुलुकको आवश्यकतालाई ध्यान दिन सकिरहेको छैन । कुन क्षेत्रमा कति जनशक्ति

आवश्यक पर्ने, कति उपलब्ध छ, त्यसको कुनै भरपर्दो तथ्याङ्क छैन । त्यसले गर्दा माग र पुर्तिको सन्तुलन कायम गर्न सकिएको छैन । यसो हुँदा एकातर्फ आवश्यक पर्ने जनशक्ति बजारमा नपाईने र अर्कोतर्फ चाहिने भन्दा बढी जनशक्ति उत्पादनले शैक्षिक बेरोजगारको बिकराल स्थिति पैदा भएको छ । यो वैज्ञानिक र मौलिक शिक्षाको नीति नहुँदाको परिणाम हो ।

अर्कोतर्फ प्राथमिक तहसम्म बहुभाषिक शिक्षा प्रणाली लागू गर्ने सरकार को प्रतिबद्धता धेरै पहिलेको हो । यसलाई राज्यले आफ्नो अनिवार्य दायित्वको रूपमा स्वीकार गरिसके को छ । तर अहिलेसम्म यसको व्यवहारिक कार्यन्वयन भएको छैन र राज्यले त्यो दिशामा अग्रसरता पनि देखाएको छैन । यसरी हेर्दा राज्यको नीतिगत व्यवस्था एकातर्फ र व्यवहार अर्कोतर्फ रहेको देखाउँछ । त्यस्तै शिक्षामा निजी क्षेत्रको उपस्थितिलाई कुन रूपमा लिने, यसलाई कसरी व्यवस्थित गर्ने भन्ने विषयमा पनि राज्यले आफ्नो स्पष्ट दृष्टिकोण बनाउनु आवश्यक छ ।

शिक्षालाई सरकारले अन्य उपभोग्य वस्तुकै रूपमा लिएर निजी क्षेत्रलाई सुम्पनु निश्चय पनि गलत छ । र ाज्यले आफ्नो नियन्त्रणभन्दा बाहिर शिक्षालाई यसरी छोड्दै जाने हो भने सबैभन्दा ठुलो समस्या यहि उब्जिनेछ ।

अहिलेको शिक्षाको अवस्थालाई हेर्दा भाषिक विभेद, भौगोलिक विभेद, संचरनागत विभेद विद्यामान छ । राजधानी र मोफसलको शिक्षाको स्तरमा आकाश जमिनको फरक छ, यसलाई भौगोलिक विभेदको एण्टा उदारणको रूपमा लिन सकिन्छ । त्यस्तै निजी शैक्षिक संस्थामा अंग्रेजी भाषामा पढाईन्छ भने अहिलेसम्म केहि बाहेकका सामुदायिक विद्यालयमा नेपाली भाषामा अध्यापन गराईन्छ । यहाँनिर भाषिक विभेदको पर्खाल देखिन्छ । त्यस्तै बहुभाषिक समाज/मुलुकमा बहुभाषिक शैक्षिक संस्था नहुनु पनि शिक्षामा भाषिक विभेदको अर्को पाटो हो । शिक्षामा निजी क्षेत्रको उपस्थितिलाई राज्यले

शिक्षालाई सरकारले अन्य उपभोग्य वस्तुकै रूपमा लिएर निजी क्षेत्रलाई सुम्पनु निश्चय पनि गलत छ । राज्यले आफ्नो नियन्त्रणभन्दा बाहिर शिक्षालाई यसरी छोड्दै जाने हो भने सबैभन्दा ठुलो समस्या यहि उब्जिनेछ ।

मान्यता दिएपछि यसले हुने खाने र हुदाँ खाने बीचमा अर्को गहिरो वर्गीय खाडलको सिर्जना भएको छ । कतिपय राम्रा नीतिगत व्यवस्थाहरू पनि राज्यको संयन्त्र कमजोर हुदाँ प्रभावकारी बन्न सकेको छैन, भने अन्य क्षेत्रमा झै शिक्षा क्षेत्रमा पनि खुल्लाबजारको प्रभाव नजानिदो पाराले गहिरो हुदै गएको छ । त्यस्तै नीति निर्माणको प्रकृयामा शैक्षिक माफियाहरूको सक्रियता बढ्दै गएको छ । जसले गर्दा दिनानुदिन ठुलो लगानीमा व्यापारका लागि महंगा निजी शैक्षिक केन्द्रहरू खुलिरहेका छन्, भने राज्यको अर्बौ लगानीमा संचालन भैरहेको सामुदायिक विद्यालय/शैक्षिक केन्द्रहरू राजनीतिक दलका कार्यकर्ता उत्पादन र भर्ती केन्द्रको रूपमा रूपान्तरित हुदै गएको अवस्था छ, जसले गर्दा सामुदायिक शैक्षिक संस्थाहरूको लगानीमा बृद्धि हुदै जाने तर पढाईको गुणस्तर खस्किदै जाने दुःखद् परिदृश्य छ । सामुदायिक शैक्षिक संस्थाको गुणस्तरमा ह्रास आएपछि आम गरिब, किसान र श्रमजिवी अभिभावकहरूले त्यसको विकल्पमा निजी शैक्षिक संस्थाहरूमा आफ्नो छोराछोरीलाई भर्ना गरिरहेका छन् । त्यसले गर्दा बालबच्चालाई राम्रो शिक्षादिने निउमा मध्यम र निम्न वर्गीय अभिभावकहरूमा थप आर्थिक बोझ र ऋणको भारी थपिएको छ ।

अर्कोतर्फ हाम्रो शिक्षाको अहिलेको चरि त्रलाई हेर्दा व्यवहारिक पक्षलाई भन्दा पनि सैद्धान्तिक पाटोमा बढी जोड दिइएको छ । त्यसले गर्दा जीवन र जगतलाई बुझ्न त सघाएको छ तर त्यसलाई रूपान्तरण गर्न सक्ने, राष्ट्रको विकासमा योगदान गर्न सक्ने अपेक्षाकृत दक्ष प्राविधिक जनशक्ति निर्माण हुन सकेन । अहिलेको नेपाली शिक्षाप्रणालीले घरेलु सीपलाई व्यवसायसंग जोड्न सघाएको छैन । उदारणका लागि घरमा रहदा डोको, डालो बुन्न जान्ने, हलो लगायत स्थानीय रूपमा प्रयोगमा आउने कृषि जन्य औजार तयार पार्ने सीप भएको एकजना युवा क्याम्पसको अध्ययनको शिलसिलामा राजधानी लगायतका क्षेत्रमा छिरेपछि विस्तारै त्यो सीपहरू प्रयोगमा नआउदा क्याम्पसको पढाईसंगै

उसमा रहेको घरेलु सीप पनि सकिन्छ । यसरी हेर्दा स्थानीय स्तरमा रहेका सीप र क्षमताको प्रबर्द्धन गर्न र त्यसलाई व्यवसायिक विकासतर्फ प्रोत्साहन गर्न विद्यमान शिक्षा नीतिले सकिरहे को छैन ।

विशेषत सरकारी विद्यालयको शैक्षिक स्तर उकास्नका निम्ति अप्रत्यक्ष रूपमा हुने राजनीतिकरणलाई रोक्नुपर्दछ । विद्यालय व्यवस्थापन देखि शिक्षक नियुक्ति र अरू सवालमा पनि चरम राजनीतिक चलखेल सरकारी विद्यालयको नियति बन्दै आएको छ । विद्यालयका शिक्षकहरू राजनीतिक भागबन्डाको आधारमा नियुक्ति हुने र उनीहरू आफ्नो जिम्मेवारीप्रति भन्दा पनि दलको अनुकुलतामा चल्ने परिपाटी धेरै पुरानो हो । त्यसको अन्त्य जरूरी छ । उनीहरूको नियमन गर्ने भरपर्दो निकाय पनि छैन । अभिभावकहरूमा पनि सचेतना आवश्यक छ, गाँउघर मा विद्यालय पठाउनुमै सबै जिम्मे वारी सकिएको उनीहरूको बुझाई छ, छोराछोरी नियमित विद्यालय जान्छन् कि जादैनन्, शिक्षकले कसरी पढाउछ्न, विद्यालयको वातावरण पढाईमैत्री छ कि छैन यसबारे कसैले चासो दिदैनन् ।

समाज र राष्ट्रको भौतिक विकास, सामाजिक, साँस्कृतिक रूपमान्तरणका लागि शिक्षित, सक्षम, दक्ष एवं योग्य नागरिकहरू हुन अनिवार्य हुन्छ । यी यावत समस्याहरूलाई सम्बोधन गर्न अहिलेको शैक्षिक नीतिमा आमुल परिवर्तनको आवश्यकता छ । मुलुक यतिखेर हिजोको एकात्मक राज्य प्रणालीबाट संघीय प्रणालीमा जादैछ । शिक्षालाई मुलतः सीपमुलक, व्यवहार मा उपयोगी, र उत्पादनसंग जोडिने बनाउन शैक्षिक नीति र संरचना पनि त्यहि अनुसार निर्माण गर्नुपर्ने अहिले को अनिवार्य जिम्मेवारी हुनआएको छ ।

कविता

बिहानी

अनिल किराती

ए ! म जस्तै
ब्युँझिसकेछौ तिमी पनि
खै घाम त तर
त्यसको र उसको लागि जस्तै
संगै उदाउनु पर्ने होईन र !
यो मध्यान्हमा पनि
कस्तो अँध्यारो बाँचीरहेका छौं हामी
प्रकाश अझै पोखिएको छैन
पटपट चीरिएको हाम्रा पाईतालामूनी
र गोडाहरू बारम्बार ठेस खाईरहेछ
तिम्रो र मेरो ढाडले
त्यै घामको ताप र राप ओढिरहेको छ अझै

ढुक्क हुनुपर्ने कुरा यति हो की
तिमी र म
व्युँझिसकेका छौं

फराकिलो निधार बोकेको आकाशमा
तिम्रो र मेरो घाम खोज्ने अभियान
घामभित्र उज्यालो खोज्ने सपना
अर्थात् घामको विकल्प खोज्ने यात्रा
तर प्रश्न बन्न थालेको छ अचेल

यतिखेर
प्रत्येक अँध्यारो बन्दकोठामा
टुकी जन्माउन
तिम्रो र मेरो संसर्ग अनिवार्यता हो
सादा कागजमा
तिम्रो र मेरो समागमले लेखेका
क, ख, ग, र घ ए.बी.सी. डी. बाट
परिवर्ति टुकीको प्रकाश
तिम्रो र मेरो गुरूत्वकर्षण भित्र
हामीलाई चाहेको बिहानीको संकेत हुन सक्छ
अर्थात् नौलो बिहानी त्यो
एउटा उत्तर हुन सक्छ

आउ !
तिमी र म
एक अर्कामा बिलिन हौं ।

खोटाङ

यस कारण किरात स्वायत्त राज्य

अर्जुन जम्नेली राई
newsjamneli@gmail.com

दोस्रो संविधानसभाले माघ पहिलो साता नयाँ संविधान जारी गर्ने बताइरहेको छ । मिति नजिकिदै जाँदा जनतामा आशंका र अविस्वास बढ्दै गएको छ । एक थरीले देशमा राजनीतिक परिवर्तन भइसकेको र अब आर्थिक क्रान्ति मात्र बाँकी रहे को तर्क गर्दै आएका छन् भने अर्काथरीले बहुसंख्याक नेपाली जनताले चाहेको जस्तो राज्य सत्ता स्थापना र सामाजिक रूपान्तरणको लागि अब नयाँ आन्दोलन सुरूहुने बताउदै आएका छन् ।

दोस्रो संविधानसभाको निर्वाचनसंगै देश पहिचान पक्ष र विपक्षमा बिभाजित भएको छ । नेपालको राजनैतिक परिवर्तनको इतिहाँसलाई हेर्ने हो भने २००७ साल अघि जहानिय राणा शसन बिरूद्ध, २०१७ पछि पञ्चायत र २०४६ पछि राजतन्त्र बिरूद्ध केन्द्रीकृत आन्दोलनहरू भयो । नेपालको ठूला भनिएका दलहरू र माओवादीको १० बर्षे जनयुद्धको राप र तापको साथ भएको संयुक्त आन्दोलनले शाहवंशीय राजन्त्रको अन्त्य भयो । यी बिभिन्न आन्दोलनहरू सफलहुदै जाँदा देशमा शान्तिको वातावरण सिर्जनाहुनु पर्ने हो । अबस्था झन अशान्ति तिर अघि बढिरहेको छ ।

दोस्रो संविधानसभाले माघ पहिलो साता नयाँ संविधान जारीगर्ने बताइरहेको छ । मिति नजिकिदै जाँदा जनतामा आशंका र अविस्वास बढ्दै गएको छ । एकथरीले देशमा राजनीतिक परिवर्तन भइसकेको अब आर्थिक क्रान्ति मात्र बाँकी रहेको तर्क गर्दै आएका छन् भने अर्काथरीले बहुसंख्याक नेपाली जनताले चाहेको जस्तो राज्य सत्ता स्थापना र सामाजिक रूपान्तरणको लागि अब नयाँ आन्दोलन सुरूहुने बताउदै आएका छन् । देश अहिले पहिचान पक्ष र विपक्षगरी दुई ध्रर्बमा बिभाजित छ । संविधान पहिचान सहितको जारी नभए पहिचान पक्षधर आन्दोलनमा जाने निश्चित भएको छ । यो शन्दर्भमा पूर्वी नेपालमा मुख्य बसोबास रहेको किरात समुदायले किरात स्वायत्त राज्यको माग गर्दै जनधार निर्माणमा लागि रहेको छ । के हो त, किरात स्वायत्त राज्य ? किन आवश्यकता पऱ्यो, किरात राज्य ? यसै को सेरोफेरोमा रहेर तयार लेख यहाँ प्रस्तुत छ ।

किरात शव्दको उत्पतिको बारे मा कुरा गर्दा कैलाश अर्थात पवित्र हिमाल तथा उच्च पहाडमा बसोबास गर्ने काईलाती, कैलाशी, कैरातीहुदै किरात भएको भन्ने दुर्गाहाँङ याक्खा राईद्वारा लिखित पुस्तक हिरात हिजो र आजमा उल्लेख छ । त्यही पवित्र कैलाश पर्वतमा जन्मेहुर्केका मानव समुदायनै किराती भएको उल्लेख छ । किराती शब्दको प्रयोग हिन्दूहरूको धर्मग्रन्थ ऋगवेद, यजुरवेद, अथर्ववेद देखि भागवतमा समेत कुनै न कुनै रूपमा प्रयोग भएको पाइन्छ । किराती शब्दको बारेमा प्रपन्न चार्य (कालु राई) लगायतका बिभिन्न विद्वानहरूले आ–आफ्नै तर्क वितर्क प्रस्तुत गरि एपनि कैलाश पर्वतबासी प्राचीन जातिलाई नै किराती भनिन्दै आएको हो भन्ने निस्कर्षमा पुग्न सकिन्छ ।

मानव समुदाय सभ्यताको विकाससँगै जंगली अबस्थादेखि कृषि युगमा प्रवेश गर्दै समाजलाई व्यबस्थित गर्ने क्रममा राज्यको बिकाश क्रम सुरू भयो । यही काल खण्डमा वर्तमान नेपालको राजघानी यालाखोम (उपत्यका) मा गोपाल, महिषपालपछि किरातीहरूको उदय भयो । किरात राजा यलम्बरदेखि जितेजस्तिहुदै योक्ने हाँङ सम्म ३३ पुस्ता गरी आठ सय देखि हजार बर्षसम्म शासन सत्ता संचालन गरेको सत्य हो । लिच्छबिहरूबाट किरात कालिन राज्य सत्ता बिस्थापित भयो । यालाखोममा सत्ताबाट विस्थापित भएका किरातीहरू पूर्व लागेर पुनः

स्वतन्त्र किरात राज्यहरू स्थापित गरेर शासनसत्ता संचालन गरेका थिए । जस मध्ये वल्लो, माझ र पल्लो किरात राज्यका नामले स्थापित थिए ।

खम्बू र लिम्बू शब्द उत्पतिको बारेमा बिभिन्न तर्कहरू पाइएपनि लिच्छविहरूबाट विस्थापित हुदाको अन्तिम राजा योक्ने हाङका दुई शन्तान खाम्सोसो हाङ र लेलिम हाङ रहेका थिए । खाम्सोसो हाङको प्रभाव क्षेत्र वल्लो र माझ किरातलाई खम्बुवान र लेलिम हाङले शासन गरेको क्षेत्रलाई लिम्बुवान पनि भनिन्थ्यो । बास्तवमा काठमाडौबाट बिस्थापित भएका किरातीहरूले पूर्वमा स्वतन्त्र किरात राज्यनै स्थापित गरेर शासन सत्ता सञ्चालन गरेका थिए । काठमाडौंबाट स्वतन्त्र किरात राज्यका तत्कालिन शासकहरूलाई शाही शासकहरूले पत्र लेख्दा वल्लो, माझ र पल्लो किरात भनेर सम्बोधन गरेको पत्रहरूले समेत खम्बूवान, लिम्बूवान भन्दा किरात राज्यकै नामले परिचित थियो भन्ने प्रष्टहुन्छ ।

पृथ्वीनारायण शाहले तत्कालिन गोरखा राज्य बिस्तारको क्रममा काठमाडौ उपत्यका मल्लहरूलाई पराजित गरेपछि पूर्व लागे । किरात स्वतन्त्र राज्यको रूपमा स्थापित रहेको वल्लो किरात (वर्तमान धुलिखेल) किराती छापमा आक्रमण गरे । किराती छापका राजा महेन्द्रसिंह राईले विरता पूर्वक लडे । लड्दालड्दै उनको लडाइको मैदानमै मृत्यु भयो । वि.स.१८२५ जेठ ६ गते स्वतन्त्र किरात राज्यलाई गोरखा राज्यमा मिलाउने कदम सुरूभयो । शाही फौजले युद्धको नियम विपरित बरबर आक्रमण मार्फत माझ किरात हतुवा र पल्लो किरात बिजयपुर लगायतका छुट्टाछुट्टै स्वतन्त्र राज्यहरूलाई १८२५ देखि १८३२ साउन २२ मा आइपुग्दा पल्लो किरातसम्म जवरजस्त (तत्कालिन गोरखा) नेपालमा मिलायो । हतुवागडीमा अटल राई, बिजयपुर बुद्धिकर्ण राई लगायतले शाहसपूर्ण लडे को इतिहाँस छ । गोरखाली शाह र किरातीहरूवीचको लडाइमा हजारौ हजार किरातीहरूले ज्यान गुमाएका छन् । इतिहाँसकार इमानसिंह चेम्जोङले पल्लो किरात (लिम्बुवान)बाट ३२ हजार लिम्बूहरू ज्यान जोगाउन भागेर सिक्किम, भुटान, आसाम पुगेको प्रसंग

> खम्बू र लिम्बू शब्द उत्पतिको बारे मा बिभिन्न तर्कहरू पाइएपनि लिच्छविहरूबाट विस्थापितहुदाको अन्तिम राजा योक्ने हाङका दुई शन्तान खाम्सोसो हाङ र लेलिम हाङ रहेका थिए । खाम्सोसो हाङको प्रभाब क्षेत्र वल्लो र माझ किरातलाई खम्बुवान र लेलिम हाङले शासन गरे को क्षेत्रलाई लिम्बुवान पनि भनिन्थ्यो ।

किरातकालिन विजयपुरको संक्षिप्त इतिहासमा उल्लेख गरेका छन् ।

काठमाडौबाट लिच्छवि र पूर्वबाट शाहहरूबाट राज्य सत्ता खोसिएसंगै किरातीहरूको राजनैतिक, आर्थिक अधिकार मात्र खोसिएन बोल्ने भाषा, लेख्ने लिपी, धर्म संस्कृतिमा घोषित अघोषित रूपमा प्रतिबन्ध लगाइयो । जातीय पहिचानको अन्त्य गर्ने काम भयो । किरात राज्य खोसिएपछि आम किरातीहरूले नेपाललाई सहर्ष स्वीकारर्दै आएका छौ । तर, शाह लगायतका शासकहरूले नेपालका आम किराती लगायतका आदिवासी जनजातिहरूलाई भाषिक, धार्मिक, साँस्कृतिक हिसावले चरम विभेद कायम राखिरहेको छ । राज्यको विभेदको कारण किराती लगायतका आदिवासीहरूको भाषा लोपहुने क्रम जारी छ । धर्म, परम्परा विस्थापितहुदै गएको छ ।

व्यबहारिक हिसावले हेर्ने हो भने किरातीहरूलाई राज्यले दुस्मनी पूर्ण व्यवहार गर्दै आएको छ । सोही कारणले राज्यको विभिन्न अंगहरू, कर्मचारीतन्त्र, नेपाली सेना, प्रहरीको उपल्लो निकायमा किराती अनुहारहरू अत्यन्त कम मात्र देख्न पाइएको हो ।

किरात स्वायत्त राज्य नै किन ?

किरात शव्दको बारेमा माथि छोटकरी मा चर्चा गरियो । यो शव्दले कुनै जातिलाई सम्बोधन गर्दैन । भूगोललाई बढि सम्बोधन गर्छ । उच्च पहाडि क्षेत्रलाई कैलाश र त्यस क्षेत्रमा बसोबास तथा शासन सत्ता सञ्चालन गर्ने आदिवासी बासीलाई कैलातीहुदै किराती भनियो । किरात शब्द प्राचीन सभ्यतासंग जोडिएको देखिन्छ । बर्तमान नेपालको पूर्वी क्षेत्र, जंगला अबस्था ढालफाँड गरेर आवाद गर्ने आदिम आदिवासीहरूलाई किरात भन्न थालियो । र किरात क्षेत्रमा बसोबास गर्ने सबै किरातबासी हुन् ।

किरातीहरूको राज्य सत्ता गुमेपछि पनि नेपालमा थुप्रै राजनीतिक परिवर्तनहरू भए । नेपालको परिवर्तनमा थुप्रै किरातीहरूले रगत बगाए । रामप्रसाद राई (बेपत्ता), रन्तकुमार वान्तावा (राज्यद्वाराहत्या), नवीन राई (बेपत्ता) कटक साम्पाङ (हत्या) लगायतका राई, लिम्बू, याक्खा, सुनुवार लगायतका किरातीहरूले नेपालको राजनैतिक परिर्वनहरूमा बलिदान दिदै

आएका छन् । बिभिन्न कालखण्डमा नेपाली राजनैति परिवर्तनले सामान्य सुधार मात्रहुदै आएको छ । व्यवहारिक हिसावले बिभेदको अन्त्य भएको छैन् । आर्थिक, सामाजिक रूपान्तरणको प्रकृया समेत सुरू भएको छैन् । २०६२–०६३ को जनआन्दोलनपछि गणतन्त्र त घोषणा भयो । आम नेपालीले परिर्वतनको महसुस गर्न पाएका छैनन् ।

नेपालमा सबैखाले बिभेदको अन्त्य र देशलाई समावेशी लोकतान्त्र स्थापनाको लागि पहिचान सहितको संघीय राज्य स्थापनाहुन अपरिहार्य छ । स्वशासन, सत्तामा जनताको पौज स्थापना,

प्रशासनिक हिसावले सहुलीयत, बिकास निर्माणमा प्रतिष्प्रदा, कृषिलाई आधुनिकीकरण र ब्यापारिक केन्द्र बिस्तारको हिसावले पहिचान सहितको संघीय राज्य स्थापनाहुनै पर्दछ । आम नेपालीको सुख, सुविधाको लागि पहिचान सहितको संघीय राज्य सरकार गठन गर्न धेरै ढिलो गर्न नहुने अबस्था आएको छ ।

संघीय राज्यको नामाकरण गर्ने बिषयमा पनि ठूलै बिबाद सिर्जना भइरहेको छ । नेपालमा जनसंख्याको हिसावले १० औं ठूलो जातीको हिस्सा ओगटेको किरात राईहरूको साझा, स्वतन्त्र सामाजिक संस्था किरात राई यायोक्खा, यायोक्खा सम्बद्ध किरात राई विद्यार्थी संघ लगायतका सामाजिक तथा राजनैतिक संगठनहरूले पूर्वी नेपालको रामेछाप, दोलखा, सिन्धुलीको किराती बस्तिहरू, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, भोजपुर, संखुवासभा, धनकुटा, सुनसरी, मोरङ, तेह्रथुम, ताप्लेजुङ, पाँचथर, इलाम, झापा जिल्लाहरू मिलाएर बृहत किरात स्वायत्त रँज्यहुनु पर्ने प्रस्ताव गर्दै आएको छ ।

बृहत किरात स्वायत्त राज्यभित्र लिम्बुवान, खम्बुवान, कोइँच, शेर्पा, याक्खा, रोङ, उदयपुरगडी, गाम्नाङ स्वायत्त क्षेत्र, जिल्ला तथा इलाकाहरूको प्रस्ताव गरिएको छ ।

हिजोको किरात स्वतन्त्र राज्यलाई खुनी हमता मार्फत जवरजस्त एकीकरण गरिएको थियो । ऐतिहाँसिक निरन्तरता र किरातीहरूको सघन बसोबास रहेको किरात क्षेत्रलाई मुद्रा, बिदेशी नीति र सेना बाहेकका सम्पूर्ण अधिकार सहितको नेपाल भित्रको अधिकार सम्पन्न किरात स्वायत्त राज्य हामीले प्रस्ताव गर्दै आएका छौं । २०६८ को जनगणना अनुसार प्रस्तावि किरात क्षेत्रमा राईहरू ६,३५,१५१, लिम्बू ३,५९,३७९, सुनवार, ९५,२५४, याक्खा १७,००३, धिमाल १९, ५३७ लगायतका बसोबास रहेको छ ।

साझा भाषा, भूगोल, जनसंख्या लगायतका संघीयताको लागि आवश्यक पर्ने सम्पूर्ण आधारहरू छन् । प्रकृतिक श्रोत साधनले भरिपूर्ण किरात स्वायत्त राज्य किरात स्वायत्त राज्यमा बसोबास गर्ने एकादुई जातीको मात्र नभएर दलित, मधेशी, क्षेत्री, ब्रह्मण लगायत सम्पूर्ण जातीको साझा राज्यहुने छ । किरात स्वायत्त राज्यलाई समान सहभागिता सहितको समावेशी बनाउन कुनै कसरत बाँकी राखिनै छैन् । प्रस्तावित किरात स्वायत्त राज्यप्रति कसैले संका मान्नुपर्ने पर्दैन् ।

नयाँ संविधन मार्फत सहज हिसावले किरात स्वायत्त राज्य स्थापना होस । मुख्य दलका नेताहरूको दिमागमा परिर्वतनहुनु पन्यो । कांग्रेस, एमाले, एमाओवादी लगायतका दलका मुख्य नेताहरूमा संकिर्ण बिचार त्याग्न जरूरी छ । नेपाली जनता जतीय हिसावले कोही सक्षम, कोही असक्षम छैनन् । अबसर पाए सबै सक्षम छन् । किरात लगायतका ऐतिहाँसिक आधार मा पहिचान सहितको मगरात, तामाङसालिङ, थरूहट, मधेश, नेवा, संघीय राज्यको नाम राख्ने बिषयमा अस्वीकार गर्नुपर्ने कुनै करण छैन् । राज्यको नाम कोशी, सगरमाथा, मेची जस्ता प्रस्तावहुनु आफैमा हाँस्यस्पद कुरा हो । कोशीको नाममा कसैले राज्यको नाम मागेका छैनन् । कोशी र सगरमाथा निर्जिव बस्तु भएकोले उत्पीडन महसुस गदैनन् । बरू त्यस आसपास बसोबास गर्ने आदिवासी किरातीहरू चरम उत्पीडनमा परेको कारण उनीहरूको मनोबैज्ञानलाई उच्च राख्नकोलागि पनि किरात स्वायत्त राज्यको प्रस्ताव गरिएको हो । कसैको भाग खोस्न, बद्ला लिन, कसैलाई उत्पीडनमा पार्न किरात स्वायत्त राज्य माग गरिएको हैनन् । किरातीहरू यतिवेला शान्तिपूर्ण रूपमा किरात स्वायत्त राज्यको जायज माग गरिरहेका छन् । यसलाई राज्यले मिहिन ढंगले बुझ्नु पर्दछ । जहाँ चेतना हुन्छ, त्याहा बिभेदको बिरूद्ध बिद्रोह अनिवार्यहुन्छ । दिनदिनै किरात स्वायत्त राज्यको पक्षमा लहर फैलिरहेको बेला दलका मुख्य नेताहरूले परिस्थितिलाई बुझ्न सकेनन भने नेपालकै लागि दुर्भाग्य सुरूहुने अबस्था छ । यो बिषयमा ठूला दलहरू मुख्य नेताहरू सचेतहुन जरूरी छ । नेपाली कांग्रेस, एमाले, एमाओवादी लगायतका राजनीतिक पार्टीमा कार्यरत किराती लगायतका आदिवासीको कोखबाट जन्मनु भएका केन्द्र तथा जिल्ला तहका नेताहरूले पनि बिशेष अध्ययन गर्न जरूरी छ । यो देशमा हुदै आएको बिभेद केलाउन र भुलेको आफ्नो पूर्खाको इतिहाँस सम्झन जरूरी छ । पहिचान कस्ले र किन स्वीकार्न चाहिरहे का छैनन् ? बुझेर किरात स्वायत्त राज्यको पक्षमा धनधार तयार गर्न लाग्नु पर्दछ ।

जय किरात ।

(लेखक : किरात राई विद्यार्थी संघका केन्द्रिय अध्यक्ष हुन्)

पहिचान राजनीतिको मियोमा संविधानसभा

देव के बाहिङ राई

मुलुकको सामाजिक, सांस्कृतिक रूपान्तरण र राजनीतिक स्थायित्व कायम हुन सकिरहेको छैन । दलहरूबीच एकआपसमा विश्वासको संकट छ । राजनीतिक दलहरू बीचकै अविश्वास र असमझदारीकै कारण पहिलो संविधानसभाको अवसान भयो ।

राजनीति धेरै शक्तिशाली हतियार हो । जसले देशको सम्पुर्ण राज्य संयन्त्रमाथि सधै नियन्त्रण कायम गरिरहन्छ । त्यसैले असफल राजनीतिक संस्कारका कारणले नेपालमा २००७ साल देखि अहिलेसम्म संविधानसभाले नयाँ संविधान जारी गर्न सकेको छैन । राजनीति र परिवर्तन एक अर्कामा अन्तरनिर्भर विषयवस्तु हुन् । अझ यो प्रसंगसंगै जनताको अधिका र जीवनस्तरमा बृद्धि भयो कि भएन भन्ने कुरा देशको राजनीतिक परिवर्तनले विश्वसामु देखाउछ । विभिन्न ध्रुवका पार्टीबीच हुने खिचातानीले हुन सक्छ नेपालमा जनअधिकारको सम्मान र आर्थिक समृद्धि अहिलेसम्म अपेक्षकृत रूपमा अगाडी बढ्न सकेको छैन । सायद त्यही भएर होला संसार मासंगै स्वतन्त्र भएका राष्ट्रहरू मलेशिया र दक्षिण कोरिया अहिले आर्थिक रूपमा सम्पन्न हुदै गएको अवस्थामा पनि नेपाल भने राजनीतिक अस्थिरता कारण अतिकम विकसित मुलुकहरूका समूहको अध्यक्ष बनेर बसिरहेको छ । मुलुकको सामाजिक, साँस्कृतिक रूपान्तरण र राजनीतिक स्थायित्व कायम हुन सकिरहेको छैन । दलहरूबीच एकआपसमा विश्वासको संकट छ । राजनीतिक दलहरू बीचकै अविश्वास र असमझदारीकै कारण पहिलो संविधानसभाको अवसान भयो । यस्तो प्रकृतिको नेपाली राजनीतिको चरित्र लामोसमयसम्म कायम रहने हो भने नेपाली जनताको भाग्य र भविष्य झनै ठुलो अन्धकारको भुमरीमा फस्ने खतरा बढेर गएको छ ।

अहिले नयाँ बन्ने संविधानमा सबैले आफ्नो हकअधिकार सुनिश्चित हुनुपर्छ भनेर विभिन्न दबाबमुलक आन्दोलन गरिरहेको छन् । अन्य विभिन्न माध्यमबाट राजनीतिक दल, सम्बन्धित निकायलाई दबाब दिईरहेका छन् । तर दलहरू भने विभिन्न जाति, समुदायहरूबाट उठेका आवाज सुन्न भन्दा सबै विषयहरूको आफ्नो अनुकुलता व्याख्या गर्दै त्यहिअनुसार नयाँ संविधान बन्नुपर्ने अडान लिएर बसिरहेका छन् । नयाँ संविधान जारि गरेर देशलाई निकास दिनेतर्फ दलहरूको तदरूकता नहुँदा पुर्वमेची देखि पश्चिम महाकालीसम्मका नेपाली निराश हुन बाध्य छन् । नेपालमा संविधानसभा मार्फत संविधानको निर्माण गर्ने कुरा २००७ सालतिरै उठेपनि राजा, राणा र राजनीतिक दलहरूबीच समझदारी हुन नसक्दा त्यो असफल भएको थियो । प्रजातन्त्र प्राप्ति पश्चात नेपाली जनतामा देखिएको खुशी दशक नपुग्दै २०१७ सालमा शाही घोषणाले खोस्यो । शाही कदम पश्चात सुरू भएको पञ्चायत शासन व्यवस्थाले नेपाली जनतालाई गुम्राहमा राख्नेकाम गऱ्यो, नागरिक अधिकारहरू कुण्ठित गर्ने काम भयो । विस्तारै नेपाली जनतामा बढ्दै गएको चेतनास्तरका कारण निर्दली पञ्चायतको विरद्धमा जनताहरू लागे र देशमा २०३६ सालमा जनमतसंग्रह मार्फत निर्दल र बहुदलको पक्षमा जनमत संग्रह भयो । राज्यशक्तिको दुरूपयोग गर्दै तत्कालिन निर्दलीय पञ्चायती शासकले आफ्नो पक्षमा नतिजा सार्वजनिक गरे । वास्तवमा तीन दशक लामो पञ्चायत

शासन नेपालका आदिवासी जनजाति, दलित, महिला, मुस्लिम र पिछडिएका जातिहरूको विकासको अवरोधको रूपमा रह्यो । किनकी त्यस समयमा पनि राज्यले एकधर्म, एकभाषा र संस्कृतिको नीतिलाई कायम राख्यो । राज्यको मुलधारमा खसआर्यहरूको दबदबा र हालीमुहाली रह्यो । नागरिकमा आएको जागरण र चेतनाले गर्दा २०४६ सालमा पहिलो जनआन्दोलन भयो र त्यसले पञ्चायत शासनको अन्त्य र प्रजातन्त्रको पुनःउदय गरायो ।

नेपालको ईतिहाँसमा २०४६ को जनआन्दोलन पश्चात निर्माण भएको नेपाल अधिराज्यको संविधान २०४७ प्रजातान्त्रिक शासन व्यवस्थाको दृष्टिले अघिल्ला संविधानहरू भन्दा उत्कृष्ट मानिन्छ । प्रजातन्त्रका आधारभुत मान्यताहरूलाई आत्मसाथ गरिएको उक्त संविधानले पनि मुलुकलाई एकढिक्का बनाएर अगाडी बढाउन सकेन । अन्तत यस संविधानले पनि उत्पिडित जाति र समुदायहरूको समस्याहरूलाई सहि रूपमा सम्बोधन गर्न नसकेको निष्कर्ष गर्दै उनीहरूको हकअधिकार स्थापित गर्न सशस्त्र युद्धको थालनी तत्कालिन नेकपा (माओवादी) ले २०५२ फाल्गुन १ बाट गऱ्यो । परिवर्तनको लागि भएको एक दशक लामो सशस्त्र युद्धमा करिब १४ हजार नेपालीले ज्यान गुमाए । हजार ौंको संख्यामा अपागं, घाईते र वेपत्ता भए भने लाखौंको संख्यामा मानिसहरू विस्थापति भए । त्यसरी जनयुद्धको जगमा सम्पन्न २०६२।०६३ को जनआन्दोलनले युगिन राजनीतिक परिवर्तन ल्यायो । फलस्वरूप राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको जन्म भयो । हिजो कोहि गर्भमै राष्ट्र प्रमुख भएर आएको हुन्थ्यो भने त्यसपछि सबै सर्वसाधारण नेपाली जनताहरू राष्ट्र प्रमुख हुन पाउने अवस्थाको सिर्जना भयो । त्यो परिवर्तन तत्कालिन नेकपा (माओवादी) र अन्य राजनीतिक दलहरूबीचको सहकार्यबाट सम्भव भएको थियो । राजतन्त्रको अन्त्यसंगै नेपालमा २०६४ साल चैत्र २८ गते संविधानसभाको पहिलो निर्वाचन सम्पन्न भयो । त्यसरी बनेको संविधानसभाले गणतन्त्रसंगै लिएर आएको आदिवासी जनजातिहरूको हकअधिकार सुनिश्चित

नेपालको ईतिहाँसमा २०४६ को जनआन्दोलन पश्चात निर्माण भएको नेपाल अधिराज्यको संविधान २०४७ प्रजातान्त्रिक शासन व्यवस्थाको दृष्टिले अघिल्ला संविधानहरू भन्दा उत्कृष्ट मानिन्छ ।

गर्ने दिशामा उचित कदम लिन सकेन । शान्त्रिप्रकृयाका केही सीमित कामहरू भएपनि २ वर्षे म्यान्डेट पाएको संविधानसभा अन्तत संविधान नबनाई विगठन भयो । त्यसमा प्रमुख राजनीतिक दलहरूबीच संघीयता निर्माणको आधार, शासकीय स्वरूपमा मतभेद देखियो । त्यसपछि मुलुकमा फेरि दोश्रो पटक २०७० मंसिर ७ गते संविधानसभाको अर्को निर्वाचन भयो । यस निर्वाचनमा पहिचान विरोधी राजनीतिक दलहरूले पैसा बाँडेर मतदातालाई अनुचित रूपमा प्रभावित पार्ने र अन्य थुप्रै हतकण्डाहरू प्रयोग गरेर निर्वाचनको परिणाम आफ्नो पक्षमा ल्याउने काम गरे । निर्वाचनको परिणाम हेर्दा अहिले संविधानसभामा पहिचान विरोधी दलहरूको बाहुल्यता रहेको छ । उनीहरूले चनताको कम राजनीतिक चेतनास्तरको फाईदा उठाउदै पहिचान भनेको जातिय कुरा हो, त्यसरी पहिचानको आधारमा देशमा संघीयता निर्माण गर्दा देश टुक्रिन्छ, बिखण्डन हुन्छ, देश सिक्किमीकरण हुन्छ भन्ने भ्रमहरू फैलाए ।

अहिलेको संविधानसभाको राजनीतिक समिकरण हेर्दा पहिचान विरोधी कांग्रेस एमालेको करिब बहुमत छ । उनीहरूकै संयुक्त सरकारले अहिलेसम्म २६ जना सभासद समेत नियुक्ति गर्न सकेको छैन । देश सत्रमणकालको दुष्चक्रमा फस्दै गएको छ । संविधानसभामा अघिल्लो समयमा नमिलेका विषयहरू संघीयता निर्माणको आधार, शासकीय स्वरूप, निर्वाचन प्रणाली लगायतमा अपेक्षाकृत रूपमा गहन बहस हुन सकेको छैन । यसरी हेर्दा दोश्रो संविधानसभाको पहिलो बैठक बस्दै गर्दा दलहरूले एक वर्षभित्र नेपाली जनताको हातमा नयाँ लोकतान्त्रिक संविधान जारी गर्ने गरेको प्रतिवद्धताप्रति शंका उत्पन्न गराएको छ । अझ आदिवासी जनजाति र उत्पिडित समुदायको अपेक्षा अनुसारको संविधान जारी हुने सम्भावना कम हुदै गएको छ । तर हाम्रो चाहाना भनेको देशले चाँडै आदिवासी जनजाति लगायत पिछडि पारिएका जाति र समुदायको हकअधिकार सुनिश्चित भएको नयाँ संविधान पाओस हो । मुलुक लामो समय यसरी संक्रमणकालमा गुज्रिनु देश विकास र आर्थिक समृद्धिको दृष्टिले राम्रो होईन ।

संविधानसभामा पहिचान रहित कि पहिचान सहितको संघीयता भन्ने विषयमा ठुलै हल्ला चल्छ । त्यसमा पनि एकल की बहुपहिचान भन्ने ठुलो बहसको विषय भन्दै आएको छ । हामी आदिवासी जनजातिहरूले बुझेको पहिचान भने को एकल नै हुन्छ, त्यसकारण अबको संघीयता निर्माण गर्दा एकल पहिचानको आधारमा निर्माण हुनुपर्दछ भन्ने हो । पहिचान भनेको कुनै समुदायको भुगोलसंगको ऐतिहासिक निरन्तरता, सामाजिक साँस्कृतिक विशिष्ट जीवन पद्दति हो । व्यक्ति, संस्था वा देश नै किन नहोस् उसको पहिचान भने को जहिले पनि एकल नै हुन्छ । यो गहन बिषयमा व्यक्त जनमतको उचित सम्मान गर्दै छलफल मार्फत् टुङ्ग्याउनु पर्नेमा दलहरूमा त्यो गम्भिरता देखिदैन । सबैको भावनाको उचित सम्बोधनबिना हचुवाको भरमा कसैले जबरजस्ति ढंगबाट संविधान जारी गरेमा त्यस्ले ठुलो समस्या ल्याउने छ । त्यसकारण पहिचान, सहअस्तित्व सहितको नयाँ संविधान अहिलेको आश्यकता हो । त्यसले नै मुलुकको उज्वल भविष्यको सिमारेखा कोर्नेछ ।

नयाँ संविधान बन्ने क्रममा किराती लगायत अन्य आदिवासी जनजातिले हिजो राज्यबाट जबरजस्ति खोसिएको हकअधिकार, पहिचान, ऐतिहासिक विरासतको खोजी गर्दै सामाजिक न्यायमा आधारित समाज र मुलुकको निर्माणको लागि आन्दोलन गरिरहको छन् । नेपाल एकीकरणको नाममा खोसिएका स्वायत्त राज्य र अधिकारलाई नयाँ संविधानमा स्थापित गर्न लागिरहे का छन् । तर आदिवासी जनजाति लगायत राज्यको मुलधार बाहिर रहेका समुदायलाई अधिकार सम्पन्न बनाउनु हुदैन भनेर ठुलै चलखेल भैरहेको छ । त्यसमा देशी विदेशी शक्तिकेन्द्र, पहिचान विरोधी दल सबै लागेका छन् । यस घडीमा हामी आदिवासी जनजाति र राज्यका मुलधार बाहिर रहेका समुदाय एक भएर आफ्नो अधिकार स्थापित गर्न लागिपर्नुपर्नु उपयुक्त समय आएको छ । यो बेला हामीले संघर्ष मार्फत अधिकार सुनिश्चित गर्न सकेनौ भने हजारौं वर्ष पछाडि पर्नेछौं । त्यसकारण सचेत, देशभक्त, प्रगतिशिल, परिवर्तनशिल सबै एकहुनु अहिलेको आवश्यकता हो ।

लेखकः किरात राई विद्यार्थी संघ केन्द्रीय परिषद् सदस्य तथा ने.आ.ज.वि.महासंघ काठमाण्डौ जिल्ला समन्वय समिति पाँचौ जिल्ला सम्मेलन आयोजक समितिका सदस्य सचिव हुन् ।

Environmental Issues:

Tshering Doma Rai
Secretary
Himalayan Vision Foundation -Nepal.

Importantly necessary for the human civilization and the existence of the universe, our surroundings i.e. Environment is being declining in each of our modern days. Our Earth is the only living planet where human civilization is residing. Here every mechanism is balanced and managed due to balanced Environment and Eco-system. But while the human civilization is populating and the living standard is enhancing we are neglecting the fact about degrading Environment and Nature. In our daily life we utilize the natural resources for our sustainability even we intake Oxygen from the Environment for breathing, we settle our shelter from Environment, we grew food from Nature, we utilize important minerals for our daily use. This description is the most common thing we know about environment and nature also we know how much we are misleading towards its declining resources which is why we are facing "Global Warming". We have abnormal rains not in Monsoon but in autumn, snow in the Himalayas is melting, we have abnormal heat during summer, we are having short winter season. Also, we make our Environment trashier making the Earth as huge landfill. We know every negative impact, we are aware but we are passive to get to the solution, we are afraid to put our step forward.

Our nature is Beautiful and Important, thus we must raise our voice and act for the welfare of Human Civilization as well for Environment. For that we should change our activities, we should spread awareness to young generations, we should organize different environment welfare programs, we should think about trash management to save our Nature and Environment. The idea of plantation is also the best ways for the solution.These days we have many social organizations for the Environment welfare program but it is not sufficient for long term purpose. It would be only possible when we each of the individuals act for it in their daily living, for example at least we must take the trash to the proper Dust bin, we must segregate household waste as degradable and non degradable waste not disposing unmannerly in the Environment.

Therefore, it is the time for us to act not to reside Environmental issues only in the course book. Our initiation should be to Save our Environment and Nature. The question comes to you every individual are you ready to put your simple effort for our beautiful Environment and Nature?

Seeking of seeds

-Kishor Rai

One day, he met the Wailingmoo (beautiful lady). They get married. Started family life. Had some kids. Family life really joy full. He had been hunting, collecting roots and flesh for food.

Base on Bahing Rai'sMundhum:

Once upon a time, there was an one household. Composed by two member Koktishala(husband) and Wailingmoo(wife). Koktishala was an orphan, he lost parents in a childhood and abandon by couple of sister after his deep slept. He was growing up with hard lifestyle. His father was nice hunter, he hunting wild animals, fishing. After death of father and disappearance of sisters, started to learning hunting skills. Tried to shooting father's arrows and bow, such as he crossed teenage.

One day, he met the Wailingmoo (beautiful lady). They get married. Started family life. Had some kids. Family life really joy full. He had been hunting, collecting roots and flesh for food. They were roaming around the forest for survive.

Time was going on. Number of wildlife decline caused of hunting. Product of roots and fruits also decrease with unscientific harvesting. This matter made Wailingmoo serious. She began to think about future plan. At last, prepared the master plan and taught him, made an aware.

As her master planning. They cut down the some trees and composed Bhasme. Let them dried and burn it and made the agrarian land. Deep forest turned to productive land. And they made it ready to agricultural production.

Land was ready but there raised the problem of seeds. So, she started to thought, how to find out the seeds of grain? She started to seek trick.....

She requested to him:

"My dear, Go to jungle and hunting the Tuktukurma(Dove)."

"why? "
"Because we need to seeds."
" What? the Tuktukurma have a seeds?"
"Yeah, my dear....."
"....."
"Tuktukurma eating the grains. It collected the one- one pieces of grains. So, it is survive and don't die. Not harmful. Humankind also living things. We need to food. if the Tuktukurma survive by eating some grain, definitely it is useful for us. If so it can be beneficial for us in future and for our upcoming generation."

And she taught him....." after hunting, firstly take out its Sogolo (Gajero in Nepali). At there remain fresh seeds which are fitting to grown up. As per we have to collect some seeds and ....."

As counseling he went to jungle with weapon. He hunted some Tuktukurma and brought it. Carefully cut the Sogolo . Collected some amount of seeds.

Both of them sowing the seeds in Bhasme land. After some days it was grown up. Day by day grain was growing. They were weeding it. Then some month latter it was season of harvesting. They perform sakela puja and sakela sili.

At last,they have succeeded to discover the grain in earth, first time.

हार्दिक शुभकामना

जिमी (राई) उत्थान समाज, सोलु ले स्थापनाको

१५ औं बर्ष पूरा गरी १६औं बर्ष प्रवेश गरेको सुखद

अवसरमा प्रकाशित

प्रवाह

स्मारिका २०७१ को सफलताको

हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

डि.बी. कार्की (सुन्दर) तथा परिवार
बालुवाटार, काठमाण्डौं, नेपाल

सम्झना खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

जसिहाङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

संगीता खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

भावना राई तथा परिवार
काठमाण्डौं, नेपाल

हरीमाया राई (सरिता) तथा परिवार
काठमाण्डौं, नेपाल

नविना राई तथा परिवार
काठमाण्डौं, नेपाल

राम रतन खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

हार्दिक शुभकामना

जिमी (राई) उत्थान समाज, सोलु ले स्थापनाको

१५ औं वर्ष पूरा गरी १६औं वर्ष प्रवेश गरेको सुखद

अवसरमा प्रकाशित

प्रवाह

स्मारिका २०७१ को सफलताको

हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

खड्ग नारायण कुलङ तथा परिवार
काठमाण्डौं, नेपाल

शान्तिकला खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

सत् बहादुर खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

राधा देवि राई तथा परिवार
काठमाण्डौं, नेपाल

मानु खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

सांग बहादुर खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

डिल्ली बहादुर खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

दीलकुमारी खालिङ राई तथा
बसन्त कुमार खालिङ राई
काँकु–१, सोलुखुम्बु

हार्दिक शुभकामना

जिमी (राई) उत्थान समाज, सोलु ले स्थापनाको १५ औं वर्ष पूरा गरी १६औं वर्ष प्रवेश गरेको सुखद अवसरमा प्रकाशित

प्रवाह

स्मारिका २०७१ को सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

विन्ध्या खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

जसिहाङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

सुमित्री राई तथा परिवार
काठमाण्डौं, नेपाल

टेक बहादुर खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल मो. ९८४११६३०७४

रत्न कुमारी राई तथा परिवार
काठमाण्डौं, नेपाल

बुद्धिराज खालिङ राई
काठमाण्डौं, नेपाल

जे.बि. माईला तथा परिवार
काठमाण्डौं, नेपाल

हस्तीमाया खालिङ राई तथा परिवार
काठमाण्डौं, नेपाल

मौका पाए अझै जिम्मेवारी लिएर देशको सेवा गर्न तयार छु !

रामचन्द्र राई (रूपाबुङ)

"मर्नुपर्दा मर्नेहरू सबैको थोक मृत्यू म मर्न सकूँ
गर्नु पर्दा शान्तिको लागि बुद्धले झैं म बेग्लै गर्न सकूँ"

एउटा पूर्ण मानिस, अथवा क्षमता, कौशल तथा दायित्वबोधले युक्त आँटिलो व्यक्तित्वको कलमबाट दृढनिश्चयी रूपमा सिर्जित हुन पुगेका हुन यी माथिका पंक्तिहरू । "गर्न सकूँ" शीर्षक अन्तर्गतको कविताका अन्तिम हरफहरू हुन् यी । यस्तो लाग्छ, यिनै दुइ हरफहरूको भावबाट नै सर्जक व्यक्तित्वका बारेमा सोझै आँकलन गर्न सकिन्छ । हो, वास्तवमा गहकिलो अर्थ बोकेका यी हरफहरूका सर्जक हुनुहुन्छ न्यायसेवा जस्तो महत्वपूर्ण क्षेत्रमा जिम्मेवारी सम्हाल्न पुग्नुहुने व्यक्तित्व रामचन्द्र राई (रूपाबुङ)। किरात (राई) कुलमा जन्मेर न्यायसेवा क्षेत्रमा लाग्ने विरलै व्यक्तित्वहरू मध्येका एक उहाँले हालसालै मात्र पुनरावेदन अदालतको न्यायाधीशबाट अवकाश प्राप्त गर्नुभएको छ ।

सन् १९५४ को अगष्ट २१ मा जमान सिं राई तथा धनशोरी राईका एकमात्र छोराको रूपमा छिनामखु–४, भोजपुरमा जन्मनु भएको उहाँका एक दिदी र एक बहिनी हुनुहुन्छ । पूर्वाञ्चलको पहाडी जिल्ला भोजपुर त्यसै पनि शिक्षा र चेतनाको दृष्टिले अत्यन्तै महत्वपुर्ण मानिन्छ । आदिवासी किरात राईहरूको प्रमुख क्षेत्रका रूपमा प्रख्यात उक्त क्षेत्रका अधिकांश राई युवाहरू चाहि लाहुरे बन्नेमा अगाडि नै भए पनि लाहुरे बाजे तथा लाहुरे नै पिताका सन्तति रामचन्द्र राई चाँहि त्यता लाग्नुभएन । आफ्नै बुबाको ज्ञान र चेतना एवम् प्रोत्साहनका कारण उहाँलाई भने शिक्षा आर्जनको सुनौलो ढोका खुल्ला भएको मा खुशी हुनुहुन्थ्यो । विद्वान एवम् राणा शासनका विरूद्ध जनचेतना छर्ने मुक्ति सेनाका अगुवा नारदमुनी थुलुङ तथा रामप्रसाद राई जस्ता व्यक्तित्व जन्माउने भोजपुरको छिनामखुमा सेवा निवृत्त सुवेदार लाहुरे र अन्य शिक्षा प्रेमीहरूको प्रयासबाट २००४ सालमा स्थापित त्रिभुवन धर्मोदय स्कुलमा निम्नमाध्यमिक तह सकाउँदै भोजपुर सदरमुकामको विद्यालय (जो २००८/१० तिर मात्र स्थापित) बाट २०२४ सालमा एस.एल.सी. उत्तीर्ण गर्नुभयो । एस.एल.सी. पश्चात् उच्चशिक्षाको लागि २०२५ सालतिर उहाँ राजधानीतिर लाग्नुभयो । तर पछि धरान पुगेर आई.कम अध्ययन गर्न लाग्नुभयो । बि.कम पुरा गर्नुभएका उहाँले २०३५ सालमा प्राइभेट परीक्षा दिदै बि.एल. पास गर्नुभयो । बि.एल. सक्ने बित्तिकै २०३६ सालबाट काठमाण्डौंको नेपाल ल क्याम्पस, प्रदर्शनीमार्गमा झन्डै २ वर्ष अध्यापन समेत गर्नुभयो । तर २०३८ सालमा निजामति सेवामा लाग्न लोकसेवाको परीक्षा उत्तीर्ण गरी सर्वोच्च अदालत अन्तर्गत न्याय सेवामा शाखा अतिकृतमा रूपमा काम गर्न थाल्नुभयो । करीब ३ वर्ष उक्त पदमा काम गर्नुभएका उहाँको पि.एच.डि. गर्ने ठूलो धोको थियो । यसै बीचमा कोलम्बो प्लान लगायतमा छनौट हुन सकिन्छ कि भनी कोशिस गर्नुभयो, तथापि उच्च पदस्थ आफन्तहरू कोही नभएकोले हो ला उहाँ सफल हुनुभएन । त्यसपछि भने रामचन्द्र राईको रूचि न्यायालयतर्फ मोडियो । अनि शुरू भयो जिल्ला न्यायाधीश रामचन्द्र राईका रूपमा उहाँको दैनिकी २०४१ सालमा खोटाङ जिल्ला अदालतबाट । अनि अर्घाखाँची, संखुवासभा, दार्चुला, सिराहा, रोल्पा, पाँचथर, रूपन्देही, हुम्ला, रामेछाप,

राणा शासनका विरूद्ध जनचेतना छर्ने मुक्ति सेनाका अगुवा नारदमुनी थुलुङ तथा रामप्रसाद राई जस्ता व्यक्तित्व जन्माउने भोजपुरको छिनामखुमा सेवानिवृत्त लाहुरे र अन्य शिक्षाप्रेमीहरूको प्रयासबाट २००४ सालमा स्थापित त्रिभुवन धर्मोदय स्कुलमा निम्नमाध्यमिक तह सकाउँदै भोजपुर सदरमुकामको विद्यालयबाट २०२४ सालमा एस.एल.सी. उत्तिर्ण गर्नुभयो ।

म्याग्दी, पाल्पा,दोलखा, धनकुटा जस्ता जिल्लामा १९ वर्ष जति जिल्ला न्यायाधीशका रूपमा काम गर्नुभएका राई २०७० मा पुनरावेदन अदालतका माननीय न्यायाधीशका रूपमा नेपाल सरकारबाट नियुक्त भई पुनरावेदन अदालत ईलाममा झन्डै डेढ वर्ष सेवा गर्नुभए पश्चात् हाल उक्त सम्मानित पदबाट अवकाश लिनुभएको छ ।

संक्षेपमा यति नै हो माननीय न्यायाधीश रामचन्द्र राई (रूपाबुङ) का न्यायिक सेवाका बारेमा अथवा जागीरे जीवनका बारेमा । तर उहाँको व्यक्तित्व यतिमा मात्र सीमीत छैन । बि.एल., बि.कम, संगै एम.ए. समेत गर्नुभएका उहाँ त कवि, लेखक तथा इतिहासकार समेत हुनुहुन्छ । 'विवेक शून्यताको क्षण' जीन्दगी संग्रहालय' जस्ता कविता संग्रह, 'सत्ता भोगीलाई बेमौसमी फल' (गजल संग्रह) प्रकाशन गरिसक्नुभएका उहाँले आदिवासी किरातहरूको प्राचीनताका बारे अत्यन्त गहन रूपमा अध्ययन अनुसन्धान गर्दै 'प्राचीन किरातहरूले छाडेका सम्पदा' नामक अत्यन्तै महत्वपूर्ण पुस्तक समेत प्रकाशन गर्नुभएको छ । न्यायालय जस्तो गहन जिम्मेवार ठाँउमा रहेर पनि कसरी यतिका कृति ल्याउने समय मिलाउन सक्नुभयो त ? भन्ने जिज्ञासामा काम गर्दाका समयमा हरेक बिहान ३–६ बजेको सम्पूर्ण समयमा लेखनकार्य गर्ने गरेको प्रेरणादायी यथार्थ सुनाउनुभयो । एकातिर न्यायालय जस्तो ठाँउमा न्यायाधीशका रूपमा रहेर अन्यायमा परेकाहरूको पक्षमा न्याय सम्पादन गर्न सफल हुनुभएका उहाँले विभिन्न लेख, पुस्तक मार्फत आम् जनसमुदायका लागि बौद्धिक खुराक समेत पस्कन सक्नु समाज सेवाको अनुपम उदारहण मान्न सकिन्छ । उहाँले आफ्ना लेख, कविता, गजल लगायतका सिर्जनाका माध्यमबाट समे त बहुजाति एवम् बहुभाषिक हाम्रो जस्तो मुलुकमा एक जातिय तथा एकै भाषीहरूको न्यायसेवा, प्रशासन, सुरक्षा, निजामति एवम् राजनीतिमा एकछत्र राज चलिरहेकोप्रति तिखो प्रहार गर्नुभएको छ ।

यति गौरवशाली व्यक्तित्वका धनी रामचन्द्र राई के आफैमा पुर्ण रूपमा सन्तुष्ट हुनुहोला त ? पक्कै पनि हुनुहुन्न । आदिवासी किरात पुत्र उहाँ न्यायसेवा, प्रशासन लगायत राज्यको सबै निकाय र राजनीतिक शक्तिका नेतृत्व तहमा बहुसंख्याक किरात र अन्य आदिवासी जनजातिहरूको न्यून उपस्थितिलाई ठूलो दुर्भाग्य भनि मान्नुहुन्छ । आफूले यति लामो समय न्याय सम्पादनका दौरान आदिवासी जनजातिहरूको तर्फबाट कुनै दबाब या सुझाव प्राप्त नगरेको तर कतिपय अवस्थामा क्षेत्री र ब्राम्हण समुदायका व्यक्तिहरूबाट कुनै न कुनै रूपमा अनुरोध, बिन्ती चाहि खुबै पाउने गरको अनुभव उहाँसंग छ । खोटाङ जिल्ला अदालतमा रहँदा पियन तथा बहिदार नियुक्ति गर्न पाइने नियम छँदा छदै एक जना पियन नियुक्त गर्दा क्षेत्रीय एवम् अञ्चल न्यायाधीशबाट रोकावट हुन आएकाले सीधै सर्वोच्चको स्वीकृति लिई नियुक्ति सदर गर्नुपरेको तीतो अनुभव पनि ताजै छ । कुराकानीलाई अन्तिम रूप दिन लाग्दै पनि आदिवासी जनजाति महासंघ बाहिरी सहयोगमा बढी निर्भर भएको भन्दै आफ्नै श्रोत, साधनतर्फ केन्द्रीत हुन सक्नुपर्ने विचार व्यक्त गर्नुभयो । आदिवासी जनजाति सन्ततिहरूले पनि विदेश मात्र नताकेर आफ्नो राष्ट्र र राष्ट्रियता राम्ररी चिन्न र बुझ्नुपर्ने तर्फ औल्याउँदै सरकारी सेवामा प्रवेश गर्नमा बढी चासो दिनुपर्ने सुझाव पनि राख्नुहुन्छ । हामी र हाम्रो समाज र राष्ट्र एवम् माटोलाई राम्रो सित चिन्नै नसकेको र यसतर्फ कदम बढाउन जरूरी रहेको उहाँको ठम्याई छ ।

२०३८ मा तेह्रथुमकी यशोदा खापुङसंग बैबाहिक बन्धनमा बाँधिनु भएका उहाँको २ छोरामध्ये जेठा छोरालाई अमेरिकाबाट कम्प्युटर ईन्जिनियरिङ तथा कान्छा छोरालाई लन्डनबाट ईलेक्ट्रोनिक ईन्जिनियरिङ पढाइ सक्नुभएको छ । न्यायालय जस्तो सम्मानित ठाँउमा लामो समय काम गरे पनि ऋणपान गरेर बल्लबल्ल अनामनगरमा एउटा घर बनाउन सफल भएको उहाँ सुनाउनुहुन्छ । अवकाश पछिको समय सदुपयोग गर्दै चाँडै नै आफ्नो अटोबायोग्राफी (जीवनी) प्रकाशन गर्न लाग्नुभएका उहाँलाई पुनः सोधियो, यतिका क्रियाशिल भै राख्ने प्रेरणा कहाँ र कोबाट प्राप्त भयो ? एउटा स्मरण सुनाउनुभयो । अध्ययनताका २०३२–०३४ तिरको कुरा हो, पाँचथर रबिका एकजना राईले पुतलीसडकमा संचालन गरेको माउन्टेन होटेल मा त्यतै नजिक बस्ने झण्डै ४०–५० जना किरात युवाहरूले डा.स्वामी प्रपन्नाचार्यलाई विद्धानका रूपमा सम्मानस्वरूप एउटा भेटघाट आयोजना गरेका रहेछन् । त्यही भेटमा स्वामीजीले एक–एक गर्दै सबैलाई कति पढ्यौ, के–के गऱ्यौ ? भन्दै सोध्नुभएछ

तर कसैले केही नगरेको, अन्तमा उहाँले सके ५ वटा, नसके ३, २ या कम्तिमा १ वटा गतिलो पुस्तक लेख्न सुझाव दिनुभएछ । र यसैलाई प्रेरणाको रूपमा ग्रहण गर्दै रामचन्द्र राईले यतिका सिर्जनात्मक काम गर्न सफल हुनुभएछ । उनै स्वामी जी बारे पनि आफ्नो जीवनी पुस्तकमा लेख्ने काम गरिराख्नु भएको सुनाउनुभयो ।

मौका पाए अझै पनि महत्वपूर्ण जिम्मेवारी लिन आफू सक्षम रहेको बताउदै माननीय पूर्व न्यायाधीश रामचन्द्र राई (रूपाबुङ) ले किरात जिमी (राई) उत्थान समाजले इतिहास भैसकेको ' जिमी' जस्तो गौरवपूर्ण शब्दलाई व्युँताउँदै आफुलाई प्रवाह स्मारिकामा स्थान दिएकोप्रति आभारी व्यक्त गर्नुभयो । समाजले तथा प्रवाह प्रकाशन समिति उहाँको सुस्वास्थ्य एवम् दीर्घायुको कामना गर्दछ ।

प्रस्तुति : जसिहाङ राई

सन्दर्भ शिक्षा र छात्रवृत्तिको

केशव राई

सोलुखुम्बु जिल्लाका सरकारी विद्यालय तथा क्याम्पसमा अध्ययन गर्ने हुँदा उनीहरूलाई शिक्षामा प्रेरणा मिलोस भन्ने उद्देश्यले विभिन्न तहका विद्यार्थीहरूलाई वार्षिक रूपमा पुरस्कृत तथा सम्मान गर्दै आएको छ । हालसम्म नियमित रूपमा सोलुखुम्बु जिल्लाका सरकारी विद्यालयमा अध्ययन गरि एस.एल.सी. परिक्षामा उत्कृष्ट अंक ल्याउने तीन जना छात्र र तीन जना छात्रालाई हरेक वर्ष पुरस्कृत गर्दै आएको छ ।

जिमी (राई) उत्थान समाजले आफ्नो स्थापनाको वर्षदेखि नै आफ्नो समुदायको बालबालिका तथा युवा वर्गमा शिक्षामा जागरूपता र प्रोत्साहन मिलोस् भन्ने मनसायले शैक्षिक छात्रवृत्ति कोषको लागि शुभेच्छुक दाताहरूको सहयोगमा अक्षयकोष तथा विभिन्न छात्रवृत्तिहरूको स्थापना गरिएको छ । समाजको मातहतमा संचालन हुने गरि विविध शिर्षकमा २० वटा अक्षयकोषहरू मध्ये ५ वटा भने शिक्षा अन्तरगत रहेको छ । त्यस्तै जिमी (राई) उत्थान समाज समाजको संस्थापक केन्द्रीय अध्यक्ष यसबहादुर राईले आफ्नो प्रत्यक्ष निगरानीमा २०६७ साल देखि कक्षा दुईबाट सोताङ–४, सोलुखुम्बुका योगेश राई र लोखिम–३, सोलुखुम्बुका मोनिका राई दुईजनालाई कक्षा १० सम्मकै लागि छात्रवृत्ति प्रदान गरेर सयहोग गर्दै आउनुभएको छ । यसको लागि उहाँले वार्षिक ठुलै रकम खर्च गरिरहनुभएको छ । हामीले चाहे मा व्यक्तिगत पहलमा पनि सहयोग गर्न सकिन्छ, भन्ने उदाहरण दिनुभएको छ । यी छात्रवृत्तिहरू नितान्त शिक्षा क्षेत्रमा प्रोत्साहन मिलोस भन्ने मनसायले स्थापना भएका हुन् । जिमी (राई) उत्थान समाज, सोलुखुम्बु जिल्लालाई आफ्नो प्रमुख कार्यक्षेत्र बनाएको विदितै छ । यस अन्तर्गत पनि हाम्रा पुरै हिस्सा सोलुखुम्बु जिल्लाका सरकारी विद्यालय तथा क्याम्पसमा अध्ययन गर्ने हुँदा उनीहरूलाई शिक्षामा प्रेरणा मिलोस भन्ने उद्देश्यले विभिन्न तहका विद्यार्थीहरूलाई वार्षिक रूपमा पुरस्कृत तथा सम्मान गर्दै आएको छ । हालसम्म नियमित रूपमा सोलुखुम्बु जिल्लाका सरकारी विद्यालयमा अध्ययन गरि एस.एल.सी. परिक्षामा उत्कृष्ट अंक ल्याउने तीन जना छात्र र तीन जना छात्रालाई हरेक वर्ष पुरस्कृत गर्दै आएकोमा २०६९ र २०७० सालको पुरस्कार भने पुरस्कृत योग्य उम्मेदवार को छनौट प्रकृया अगाडी नबढेकोले वितरण गर्न सकिएको छैन ।

यसैगरी उच्च शिक्षा छात्रवृत्ति अन्तरगत सोलुखुम्बु जिल्ला भित्रका दश जोड दुईमा अध्ययन गरि किरात जिमी राई समुदायका उत्कृष्ट अंक ल्याउने एक छात्र तथा एक छात्रालाई पुरस्कृत गर्नका लागि धेरै पटक स्थानीय सञ्चार माध्यम मार्फत सूचना सम्प्रेषण गरिएको भए पनि कुनै विद्यार्थीहरू सम्पर्कमा नआएकोले गर्दा हालसम्म उक्त छात्रवृत्ति पनि वितरण गर्न सकिएको छैन ।

हामीले उच्चशिक्षा छात्रवृत्ति अन्तरगत सोलुखुम्बु जिल्लामा संचालित स्नातक तहमा सर्वोत्कृष्ट अंक ल्याउने एक छात्र र एक छात्रालाई पनि नगद पुरस्कार तथा सम्मान गर्ने योजना भए पनि दावी विरोध गर्ने कोहि आउनु भएन ।

अब रह्यो अत्यन्तै आर्थिक अवस्था कमजोर तथा शारिरीक रूपमा कमजोर एक छात्र तथा एक छात्रालाई पनि नगद छात्रवृत्ति दिएर प्रोत्साहन गरिने भएपनि केहि वर्ष बाहेक नियमित वितरण गर्न सकिएको छैन । यसरी अक्षयकोषको रकम नियमित वितरण हुन सकेको छैन । यसबाट केही सवालहरू उब्जिएका छन् ।

१. किरात राई (राई) उत्थान समाजले

आफ्ना यसखाले योजना सबै आफ्ना समुदायका सदस्यहरू माझ पुऱ्याउन सकेको छैन कि ?

२. सोलुखुम्बु जिल्लामा बसोबास गर्ने किरात जिमी (राई)हरू आर्थिक रूपमा सम्पन्न हुनुहुन्छ र यो छात्रवृत्ति रकम र पुरस्कारको महत्व एकदम कम छ कि ?

३. यस समुदायका विद्यार्थीहरू सोलुखुम्बु जिल्लाका विद्यालय, क्याम्पसहरूमा नै अध्ययन गर्दैनन् कि वा एकै जनाले पनि उत्तिर्ण पो गरेका छैनन् कि ?

४. हामीलाई जानकारीमा आए अनुसार सोलुखुम्बु जिल्लामा गत वर्ष २०७० चैत्रमा किरात राई विद्यार्थी संघको राष्ट्रिय सम्मेलन पनि सम्पन्न भएको छ । यसको मतलव सोलुखुम्बु जिल्लामा किरात राई विद्यार्थी संघको स्थापना पनि भएको छ र क्रियाशिल पनि छ । यस छात्रवृत्ति सम्बन्धमा उहाँहरूले चासो राखिदिए आफ्ना समुदायका विद्यार्थीहरूलाई सम्मानित हुने अवसर दिनुपर्ने जस्तो लाग्छ । त्यस्तै विद्यार्थीसंग सम्बन्धित सहुलियत छात्रवृत्तिहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट र अन्य संघसंस्था मार्फत् प्राप्त हुने गर्दछन् । यसबाट विद्यार्थीले खोजी गरि सुविधा लिने र दिलाउने कामहरू जातिय विद्यार्थी संगठनका काम, कर्तव्य र उद्देश्यभित्र पो पर्दैन कि ?

५. सोलुखुम्बु जिल्लामा संचालित धेरै विद्यालयहरूमा किरात राई समुदायका शिक्षकहरू पनि हुनुहुन्छ । थोरबहुत यसबारे जानकारी भए सम्बन्धित समुदायका विद्यार्थीहरूलाई जानकारी गराएर आफ्ना विद्यार्थीहरूलाई सम्मानित गरेर प्रोत्साहन दिने काम समुदायका शिक्षकहरूले पनि सहयोग गर्दा राम्रो हुने थियो ।

६. हामीले एस.एल.सी. परिक्षामा उत्कृष्ट हुने धेरै जनालाई सम्मान गरेका छौ । हामीलाई थाहा छ, उहाँहरूलाई दिइएको पुरस्कार वा छात्रवृत्ति राशी अत्यन्तै न्यून छ तर सम्मानभित्र हाम्रो धेरै–धेरै शुभकामना, हार्दिकता र असल व्यक्तित्व बनोस भन्ने कामना र भित्रि स्वार्थ समाज र अक्षयकोष दाताहरूको रहेको छ । आज विगतमा पुरस्कृत व्यक्तित्वहरूले विभिन्न क्षेत्रमा स्थान बनाइसक्नु भएको छ । अबका दिनमा उहाँहरूको पनि आफ्ना अनुभवहरू भवि पुस्तालाई बाँडेर प्रोत्साहन गर्ने दिनुपर्ने दायित्व हुनपर्ने हो ।

७. जिमी (राई) समाज एउटा सामाजिक संस्था हो । यसमा समुदायका सदस्यहरू, शुभचिन्तकहरूबाट प्राप्त सद्भाव र सहयोगबाट नियमित कार्यक्रम संचालन हुन्छन् । समाजका सदस्यहरूले निःशुल्क स्वयम सेवकको रूपमा कार्यक्रमहरू संचालन गरिरहे का हुन्छौ । यसमा शैक्षिक छात्रवृत्ति होस या अन्य कार्यक्रम होस चासो र सहभागीता हुनु हामी सबैको कर्तव्य होईन र ?

८. शिक्षाकै कुरा गर्दा हाम्रा धेरै विद्यार्थी दश जोड दुई सकेर पनि एउटा निवदेन समेत लेख्न सक्षम देखिदनन् भने हामी कसरी आजको प्रतिस्पर्धामा आफुलाई अब्बल देखाउन सक्छौ ? सोच्ने बेला भएको छ ।

९. सोलुखुम्बु जिल्लामा यसवर्षको एस.एल.सी. को जिल्लाभरीको उत्तिर्ण परिणाम २८ प्रतिशत मात्र छ । त्यसमा पनि किरात जिमी राईहरूको प्रतिशत कति छ ? चिरफार गरेर हाम्रो अवस्था हेर्ने बेला आएको छ । हामी के साउदी, कतार, दुबई, मलेशिया लगायतका खाडी मुलुक तिरका लागि मात्र सक्षम बन्ने हो ? यदि यस्तो हो भने किन जातिय, वर्गीय, क्षेत्रिय कुरा गर्ने ? सचेत र जागरूप हुने बेला भएन र ?

यि माथिका विविध सवालहरू भएपनि समाजको क्रियाकलापमा शैक्षिक क्षेत्रमा आफ्ना समुदायलाई अघि बढाउने उपायहरू मध्ये ठुलो प्रयास नै हो । यसलाई प्रभावकारिता ढंगले संचालन गर्नु र थप योजनाहरू ल्याउनको लागि भने किरात जिमी समुदायका सबै तह, तप्काका व्यक्तिहरूको सहयोग, सद्भाव, सुझाव र सहभागीता र आफ्नोपनको अपनत्व नभईकन सम्भव छैन । त्यसैले समुदायलाई शैक्षिक हिसाबले अगाडी बढाउन एकजुट भएर अगाडी बढ्नुपर्छ ।

लेखक : समाजका पुर्व केन्द्रीय सचिव तथा वर्तमान सल्लाहकार हुन् ।

हार्दिक शुभकामना

जिमी (राई) उत्थान समाज, सोलु ले स्थापनाको १५ औं बर्ष पूरा गरी १६औं बर्ष प्रवेश गरेको सुखद अवसरमा प्रकाशित प्रवाहस्मारिका २०७१ को सफलताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

पविधन खालिङ राई तथा परिवार (टाक्सिन्डु, सोलुखुम्बु, हाल –USA)

गोइमिम्ने ड्युम्ला च्यो ए

डम्बर सिं थुलुङ राई

गोइ प्रच्योमिम्ने बाया, सुबु च्यो ए
माकेवाम् बेपापमीम्का राम्थाल्ली
गोइमिम्ने ड्युम्ला, ल्युम्लाका युम्च्यो व ए
ग्र्योम्द्यु, स्योम्द्युखोम्डा छ्योम् स्योम्थाल्ली
हाम् रम्डिम् हाम स्योम्डिम् मेम्लोका
आथिल दिकारे आकुप्पी तिम्तो मिम्सीङु
प्रच्योका प्रच्योङा छेबोमु प्लाम्डी ओम्लोका
हाम् जेमु, हेबाम्सीमु नेम्फुङ्डा डिमारा प्लुम्सिङ

ना–ना ओलि बान्ते बान्ताम् ल थेत्तोलो
बेप्पापमीम्काम् ल हेङा जेमु मेचापवाम् गो ?
वाङ्मीम्कु वेसी, पेशी बोमु चाम्सेक्तोलो
त्वकाम् ड्युम्ला, र्युद्युम हेङा प्लाउसोक्तो गो ?

मोस्युम्गोला खोलोमे, देवा, नोक्छो गन्मीरिम्
सिदिमो, पार्वङ, सेवारी बलेज्योपा बाटमिरिम्
तोसीरा ढेला, ग्रो ड्युप्तो
सोजाम्मोजाम् कोटमीरिम्
आथाहोङ्ङाल्यु सिलीरा थुलु छ्याम्मीरिम्

बेपापबाट्पा होङ्ङाल्युम मोस्युम गेले मोक्पु
मोस्युम व मिजे साखेका गो व जेमुङा मेचापु
माम् पाप् होङ्ङाल्युम निप्सुङ, ख्ल्योमु व रेपु
निप्सुङ व मिजे ख्ल्योमु व मिजे हेङा रक्तो मिम्पु

मेम्मा कि तुकुप्चिम् गोनुम् दोदिखाम् होङ्ङा
ओ बाया, सुबुरा, मामा शिली बुङ्बाल्डु
खासेमुसे गोनुङ ग्वापु होङ्ङा हुन्बाल्डु
माम् मान्थिम् बुक्लो होङ्ङा ख्राम्बालडु ।

(यो थुलुङ राई भाषाको कविता हो ।)

केही महत्वपुर्ण टेलिफोन नम्बर

शववाहन

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०९३
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४
श्री सत्य साई निःशुल्क सववाहन सेवा	४४९८०३५

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
ट्राफिक प्रहरी	१०३
जिल्ला प्रहरी काठमाण्डौ	४२६१९४५
जिल्ला प्रहरी ललितपुर	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२६४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाईन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

अस्पताल र विविध

फोन नं. सोधपुछ	१९७
दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रि.वि. शिक्षण अस्पताल	४४१२७०७
प्रसुति गृह, थापाथली	४२५३२७६
पाटन अस्पताल	५५२२२७८
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८
के.एम.सि.शिक्षण अस्पताल, सिंनामगंल	४४७६१५२
नेपाल मेडिकेल कलेज, जोरपाटी	४९११००८
शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र	४३७१३२२
नर्भिक अस्पताल, थापाथली	४२५८५५४
नेशनल किड्नी सेन्टर	४३६३४५२

सिटी भिलेज यातायात

काठमाण्डौ टिकेट काउन्टर	०१ ४४७०४८०
सोलुखुम्बु टिकेट काउन्टर	०३८ ५२०१२०
ओखलढुंगा टिकेट काउन्टर	०३७ ५२०२६९

किरात राई यायोक्खा केन्द्रीय समिति, कोटश्वर	**४१५५२३५**
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जावलाखेल	**५५५३१७५**

हार्दिक बधाई

तथा

शुभकामना

समाजका आजीवन सदस्य, सोलुखुम्बु पञ्चन वडा नं ६ निवासी भिम बहादुर राई एवम् लीला राईकी सुपुत्र **श्री नवीन राई** उदयपुर बेलटार चाम्लिङ्ग चोक २ निवासी श्री मधुसुधन राई एवम् सरस्वती राईकी सुपुत्री **चाहाना राई**संग बैबाहिक बन्धनमा बाँधिनु भएकोमा हार्दिक बधाई सहित सफल दाम्पत्य जीवनको शुभ कामना व्यक्त गर्दछौ ।

जिमी (राई) उत्थान समाज, सोलु
केन्द्रीय कार्यसमिति

हार्दिक शुभकामना

जिमी (राई) उत्थाान समाज, सोलु ले स्थापनाको १५ औं बर्ष पूरा गरी १६औं बर्ष प्रवेश गरेको सुखद अवसरमा प्रकाशित

प्रवाह

स्मारिका २०७१ को सफलताको निम्ति
हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

शान्ति राई तथा परिवार

(बालुवाटार टि सप),वालुवाटार चोक,काठमाण्डौं

२०१४ का एभरेष्ट म्याराथुन विजेता सुदिप कुलुङ

विश्वको सर्वोच्च शिखर सगरमाथाको आधार शिविर देखि नाम्चे बजारसम्मको करिब ४२ किलोमिटर दुरी ३ घण्टा ५२ मिनेट ९ सेकेन्डमा पार गर्दै सन् २०१४ को तेन्जिङ –हिल्लारी एभरेष्ट म्याराथुनका विजेता हुन् सुदिप कुलुङ । पुर्वि नेपालको प्राकृतिक सुन्दरताले भरिपुर्ण सोलुखुम्बु जिल्लाको गुदेल गाविस वार्ड नं १ मा वि.स. २०४३ सालमा बाबा डद्डी कुमार कुलुङ र आमा कान्छीमाया कुलुङको पहिलो सन्तानका रूपमा सुदिप कुलुङ जन्मेका हुन् ।

सुदिपलाई सानै देखि दौड र खेलकुदमा अधिक रूची थियो । खेलकुद र दौड प्रतियोगीता भने पछि सबै चीज त्यागेर भाग लिहाल्थे । सुदिप पहिले देखि नै स्थानीय र जिल्लास्तरमा आयोजना हुने विभिन्न दौड र खेलकुदमा भाग लिदै आए । यसै क्रममा गुदेलमै गणतान्त्रिक युवा समितिले आयोजना गरेको खुल्ला दौड प्रतियोगीतामा २३ सहभागीहरूलाई उछिन्दै उपाधि आफ्नो पोल्टामा पार्न सफल भएका थिए ।

सामान्य परिवारमा जन्मिएका सुदिप हालसम्म थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दौड प्रतियोगीतामा सहभागी भई उपाधि समेत चुम्न सफल भईसकेका छन् । उनले दौड प्रतियोगीतामा सहभागी हुने क्रममा मलेशिया, स्वीजर ल्याण्ड, फ्रान्स, हङकङ, दुबई लगायतका देशहरूको भ्रमण गरेका छन् । त्यस्ता अवसर पाउनमा पुर्व सैनिक रमेश भट्टचनको अमुल्य सहयोग रहेको सुदिप बताउछन् । सुदिपको बाल्यकाल अनेकौ उत्तरचढावका बीचबाट गुज्रेको थियो । देश द्धन्दमा फसेको थियो । अन्य समकालिनहरूले झै उनले पनि त्यसको प्रभाव भोग्नुपर्‍यो । तत्कालिन विद्रोही माओवादीले प्रत्येक घरबाट एकजनामा जनसेनामा भर्ती हुनुपर्ने उर्दी जारी गरेपछि बा र आमाले सुदिपलाई त्यसबाट बचाउन एकजना भेडापालकलाई भेडा गोठालाको रूपमा जिम्मा लगाए र पठाए, यो वि.स. २०५८ साल तिरको घटना थियो । केहि वर्ष भेडा गोठालो जिन्दगी बिताएपछि सुदिपले त्यसमा आफ्नो दिर्घकालिन भविष्य देखेनन् । अन्तत उनले त्यसलाई चटक्कै छोडेर ट्रेकिङ व्यवसायतिर लागे । अनि विभिन्न स्थानीय सामाजिक संघसंस्थामा बसेर समाज सेवामा पनि सुदिप संलग्न छन् ।

सुदिपले राष्ट्रलाई दौडको माध्यमबाट विश्व मञ्चमा चिनाएका छन् । तर उनलाई राज्यले अहिलेसम्म चिन्न नसकेको अनुभुति उनलाई छ, र हो पनि । सुदिप जस्ता प्रतिभाहरूलाई राज्यले चिन्नसक्नुपर्दछ । जसले आफ्नो प्रतिभाको माध्यमबाट मुलुकलाई अन्तर्राष्ट्रिय मैदानमा चिनाउछन् । आफ्नो समुदायले पनि चिन्नु पर्दछ र अझ अगाडी बढ्न उत्साह र प्रेरणा दिनुपर्दछ । सुदिपलाई अझ उज्वल भविष्यको शुभकामना ।

प्रस्तुति : मानु (मानजङ) कुलुङ

मिस किरात २०१३ की फस्ट रनरअप अनुरा राई

प्राकृतिक सौन्दर्यको जिल्ला सोलुखुम्बुको देउसागाविस वार्ड नम्बर ३ का अनुरा राई "मिस किरात २०१३"को "फष्ट रनर अप" हुन् । मिस किरात प्रतियोगिताका प्रतिस्पर्धीहरू बीचमा फष्ट रनरअपको ताज पहिरन सफल राई पुष्पबाल एकेडे मीको प्रारम्भिक शिक्षाकै क्रममा"लिटिल लेडी २००१" र "मिस मंगोल २०१२" जस्ता प्रतियोगिताका सहभागीहुनु र कडा मेहनत नै हो ।

प्रकृति पुजारी किरातीकी छोरी भएकीले पनि होला प्राकृतिक सौन्दर्यतामा रमाउदै साइकिलिङ, हाइकिङ गर्न निक्कै मन पराउछिन् । एक सफल महिला भई समाजको रोलमोडल बन्ने लक्ष्य लिएकी अनुरा ब्यवस्थापन संकायबाट स्नातक गरेकी छिन् । अनुरा समुदाय पछाडी रहेको स्वीकार्दिनन्, मात्र हरेक दिन नयाँ र चुनौतिपूर्ण देख्ने उनी समुदायलाई अगाडी बढाउन आफ्नो विचार निर्धक्क भएर राख्छिन् "शिक्षा अत्यन्त महत्वपूर्ण छ ।" जसले विचार अर्थात सोच बदल्न सकिन्छ भन्ने मान्यता राख्छिन् । प्रत्येक चुनौतिका सामनाबाट नयाँसिकाई र अनुभव खोज्ने उनी तर्क गर्छिन "हामी आफैमा कमजोरी छ त्यो हो शिक्षा । हाम्रो जातिले केहि गर्न सक्दैनौ, जाँन्दैनौं भन्ने सोचलाई बदलेर हाम्रो समुदायभित्रको जो कोहिले पनि वर्तमान परिवेशमा प्रतिस्पर्धा गर्न सक्छौं भनेर अगाडी बढाउने पनि शिक्षा नै हो । "

आफ्नो पहिचानको लागि हामीसँग भाषा, धर्म, संस्कृति,रितिरिवाज, भेषभुषा जस्ता हाम्रा साझा ऐतिहासिक सम्पति भएकोमा उनी गर्व गर्छिन र स्पष्ट धारणा राख्छिन् तीनिहरूको संरक्षण गर्नुपर्छ जुन भावी पुस्ताले पनि हेर्न पाउन् । यी हाम्रा मौलिक पहिचान र चिनारीलाई बचाई राख्न उनी सबै जिमी (राई) समुदायसँग खुलेर आह्वान गर्छिन् ।

> सेवा नै मानिसको धर्म हो भन्ने भनाईले अनुरालाई प्रभावित पारेको छ । उनी भन्छिन् "मलाई अरूको सेवागर्न पाउँदा आत्मा सन्तुष्टि मिल्छ ।" र उनी अठोट गर्छिन "भविष्यमा मेरो जीवन समाज र देशको सेवामा अर्पण गर्नेछु ।"

सेवा नै मानिसको धर्म हो भन्ने भनाईले अनुरालाई प्रभावित पारेको छ । उनी भन्छिन् "मलाई अरूको सेवागर्न पाउदा आत्मा सन्तुष्टि मिल्छ ।" र उनी अठोट गर्छिन "भविष्यमा मेरो जीवन समाज र देशको सेवामा अर्पण गर्नेछु ।"

अनुरालाई उज्वल भविष्यको कामना

प्रस्तुती : नवाक सिं राई

प्रकृति पुजक किराती र वातावरण

प्रकाश खालिङ राई

नेपाल साँस्कृतिक, भौगोलिक, धार्मिक, विविधता भएको मुलुक हो । प्राकृतिक स्रोत सम्पदाले सम्पन्न सबै जातिको साझा सुन्दर फुलबारीको रूपमा सजिएको मुलुक हो । यहाँ विभिन्न जातजाति, भाषा, धर्म, सँस्कृतिका सम्प्रदायहरू आ–आफ्नै पहिचान लिएर बसोबास गरेका छन्

नेपाल साँस्कृतिक, भौगोलिक, धार्मिक, विविधता भएको मुलुक हो । प्राकृतिक स्रोत सम्पदाले सम्पन्न सबै जातिको साझा सुन्दर फुलबारीको रूपमा सजिएको मुलुक हो । यहाँ विभिन्न जातजाति, भाषा, धर्म, सँस्कृतिका सम्प्रदायहरू आ–आफ्नै पहिचान लिएर बसोबास गरेका छन् । धार्मिक, भाषिक तथा साँस्कृतिक पहिचान नै नेपाल र नेपालीको पहिचान हो अनि राष्ट्रको सम्पदा हो ।

किरात खालिङ जातिको मुख्य चाड वास् (भुमे) हो । भूमेमा विषेश धर्तीलाई पुज्ने गरिन्छ । यस्ता क्रियाकलापले नै प्रस्ट पार्छ कि खालिङ जाति भूमिको पूजा गर्ने भूमिपुत्र हुन । खोलानाला, वनजङ्गल, पानीको मुहान आदि प्राकृतिक वस्तुलाई पूजा गर्ने प्रकृति पुजक हुन् । परम्परागत सँस्कार, संस्कृतिको सम्बन्ध प्रकृति र वातावरणसँग रहेको छ ।

प्रकृति पूजाको सन्दर्भलाई वातावरणीय दृष्टिले विश्व परिवेशसँग जोडेर हेर्दा सान्दार्भिक देखिन्छ । वर्तमान विश्वमा वातावरणको स्थिति खस्कदो अवस्था छ । आधुनिकता र विकासका कार्यले र वातावरणलाई प्रतिकुल प्रभाव परिरहे को छ । विभिन्न रोगब्याधि, प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, ओजनतहको ह्रास, तापमान वृद्धि हुने क्रम जारी छ । हिजोको त्यो सेताम्म्य हिमालका हिउँ आज पग्लिएर चट्टान देखिन थाले को छ । पानी पर्ने याममा टन्टलापुर घाम लागेको छ । पानी पर्न थाले पछि अधिक वर्षा भएर विनाशकारी रूप लिएको छ । हिजोको उर्बरा भूमि रूखो अवस्थामा परिणत भएको छ । हिजोका घनजङ्गल पाखामा परिणत हुन थाले को छ ।स्वच्छा पानी दुषित भएको छ । स्वच्छा हावा प्रदुषित भएको छ । यी सबै समस्याको मुख्या कारक सर्वश्रेष्ठ प्राणी मानव नै हो । "आफ्नो घुँडामा बन्चरो हान्नु" भनाइलाई चरितार्थ भैरहेकोछ । एउटैमात्र साझा बासस्थान

पृथ्वीलाई खतरातर्फ धकेलिदैछ । यी मानवीय भूलहरू समयमै नसुर्धाने हो त हाम्रो एउटै मात्र साझा घरको अस्तित्व एकदिन समाप्त नहोला भन्न सकिदैन । विश्वका मानव सामुदाय वातावरण संरक्षणतर्फ उन्मुख हुनु आजको आवश्यकता हो । अबको विश्वले एउटा युद्व लड्नुछ, सामर्थ्य र विचारको लडाइ होइन, विषाकता वातावरणको विरूद्धको लडाइ । वास्तविक अमन चयनको लागि, अस्तित्वको लागि र समग्र धरती बचाऊको लागि लडानु पर्ने लडाइ । जुन लडाइमा अथाहा सामार्थ्यको आवश्यकता पर्नेछ । तर अन्तिम विजय मानवले जित्नु पर्नेछ । त्येसैले विश्व मानव सामुदयले वातावरण संरक्षणतर्फ उन्मुख हुन जरूरी छ । यस्ता कार्यमा धार्मिक, सामाजिक, र साँस्कृतिक रूपमा लामो समयदेखि किरातीहरू संलग्न भएर आइरहेकाछन् । किरात धर्म प्रकृति पुजक धर्म हो । वास् (भूमे), तोस, तोसी, साकेला पूजाले धर्ती, प्रकुति र पूर्खालाई पुजनीय मान्दछ । जङगल भएको ठाउँमा देवी देवताको बास छ भन्नै विश्वासछ, जस्को तात्पर्य वनजङ्गल विनास नगरौ भन्ने हो । पानीको मुहान वा सिमसार क्षेत्रमा दिशा पिशाप गर्न हुन्नु भन्नुका कारण जल प्रदुषण नगरौ भन्नु हो । यसरी अभौतिक रूपमा यी सम्पुर्ण क्रियाकलापले प्रस्ट पार्छ कि वातावरण संरक्षणसँग सम्बन्धित किरात संस्कार । त्यसैले लोप हुन लागेका यस्ता संस्कारहरूका संरक्षण गर्नु हामी सबै दायित्व हो । गरिमामय पहिचान र राष्ट्रीय सम्पदाको संरक्षण गर्न वुद्धिमत्त होला ।

प्रकाश खालिङ, कक्षा ११ बी.जी.सी. काठमाडौं

जुलुस राष्ट्रिय पोशाकको

भुपाल राई

राजधानीको
एक भव्य भुतबङ्गलामा
अचानक
बिउँतिएका छन् केही भुतनाथहरू
छर्किदै राष्ट्रिय जनावरको तात्तातो गउँत
उर्लिएको छ
फेरि राष्ट्रिय पोसाकको सफेद जुलस

नश्लिय मानसको एकछापे मत
र गौ–चिन्ह छापेको मतपत्र
एकसाथ लुकाएर दौराको फेरमा
घेरिरहेका छन् सभालयको डबली
उम्रिएको छ
मक्किएको थोत्रो मुढामा
विषालु च्याउहरू झैं
५३ वर्ष अगाडीको मृत टुसा
र पुनरावृत भएको छ
फेरि दौरा सुरूवालको पुनर्जागरण–युग

डबलीमा
यतिखेर संविधान हैन
संविधानसभा पनि हैन
हेर्न लायक त्यही राष्ट्रिय पोशाकको जुलुस छ
जसले हाँकिरहेको गणितिय लोकतन्त्रमा
त्यही दौरा सुरूवालको राष्ट्रवाद जोडिएको छ ।

फेरि सूचिकरणकै कुरा

धन राई खालिङ

नेपालको मुलुकी ऐन बनेपछि नेपालका आविासी जानजातिहरूलाई कानूनी रूपमा नै विभेदमा पार्ने काम गरियो भने अर्कोतिर हिन्दु धर्म शास्त्रानुसार को प्रचलित न्याय निसाफमा पनि कानूनी मान्यता प्रदान गर्ने काम भयो । सन् १९९०/२०४६ मा बहुदलीय प्रजातन्त्र आएपछि आदिवासी जनजातिहरूको पहिचान र जातीय अधिकारको आवाज तीब्र हुन थाल्यो ।

उत्पीडित आदिवासी तथा जनजातिहरूको हक, हित, समानता र सामाजिक न्यायसम्बन्धी धेरै चरणहरू पार गरिसके पनि सूचिकरण सम्बन्धी सबैलाई राम्ररी जानकारी नभैसकेको अवस्थाछ । "सूचिकरणको कुराले कानै खाइसक्यो" भनेर प्रतिक्रियाहरू आए पनि, सूचिकरण भनेको के हो ?किन ? र कसरी ? भनेर जिज्ञासा राख्नेहरूको संख्या पनि उत्तिकै छ । यस विषयमा सबैलाई सुस्पष्ट हुनु आवश्यक छ ।

वि.सं. १९१० (सन् १८५३) मा नेपालको मुलुकी ऐन बनेपछि नेपालका आविासी जानजातिहरूलाई कानूनी रूपमा नै विभेदमा पार्ने काम गरियो भने अर्को तिर हिन्दु धर्म शास्त्रानुसारको प्रचलित न्याय निसाफमा पनि कानूनी मान्यता प्रदान गर्ने काम भयो । सन् १९९०/२०४६ मा बहुदलीय प्रजातन्त्र आएपछि आदिवासी जनजातिहरूको पहिचान र जातीय अधिकारको आवाज तीब्र हुन थाल्यो । त्यसपछि नेपाल अधिराज्यको संविधानमा पहिलो पटक नेपाललाई बह–ुजातीय, बहु–भाषिक तथा बहु–साँस्कृतिक देशको रूपमा स्वीकार गरियो । त्यसपछि नेपालका आदिवासी जानजातिहरूले आफ् ना भाषा, संस्कृति र धर्म सँस्कारको विकास तथा संरक्षण–संवर्द्धन गर्नको लागि विभिन्न जातीय संस्थाहरू स्थापना भए ।सन् १९९१/२०४७ मा ती संघ–संस्थाहरूको छाता संगठनको रूपमा नेपाल आदिवासी जनजाति महासंघको स्थापना भयो ।

प्रथम विशव युद्ध (सन् १९१४–१९१९)को अन्त्यसँगै सामुएल गोम्पर्सको अध्यक्षतामा पेरिस र भेक्साइल बैठकले सन् १९१९ मा अन्तर्राष्ट्रिय श्रम संगठनको स्थापना भए पनि दोश्रो विश्वयुद्ध (सन् १९३९–१९४५) अन्त्य सँगसँगै संसारभर लोकतन्त्रको उदय हुने अभियान चल्यो । लोकतन्त्रको सदुपयोग गर्दै विश्वका आदिवासीहरूले आफ्ना हित र अधिकारको लागि अवाज उठाउन थाले । विशेष गरी विश्वयुद्ध र उपनिवेशको चपेटामापरी ठूलो संख्यामा आदिवासीहरूको मृत्यु हुनको साथै उनीहरूको अस्तित्व र पहिचानमा संकट देखियो । आफ्नै देशभित्र पनि आयतित शासकवर्गबाट राजनीतिक, साँस्कृतिक, धार्मिक, भाषिक, वर्ण आदिको आधारमा गरिदै आएको शोषण, भिभेद र उत्पीडनको विरूद्ध आन्दोलनहरू गरिए । न्याय सम्बन्धी यस्ता आन्दो लनहरू श्रमसँग पनि सम्बन्धित देखिए । त्यसैले सन् १९५७ मा अन्तर्राष्ट्रिय श्रम संगठनले आदिवासी समुदाय सम्बन्धी महासन्धि १०७अनुमोदन गऱ्यो । सन् १९७४ देखि आदिवासीहरूको आवाजे संयुक्त राष्ट्रसंघको ध्यानाकर्षण गराएको थियो । विभिन्न चरणको संशोधन पश्चात सन् १९८९ मा संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि आई.एल्.ओ. नं० १६९ पारित गऱ्यो । सन् १९८४ मा राष्ट्र संघीय प्रणाली अन्तर्गत गठन भएको आदिवासी सम्बन्धी एक कार्यदलको सिफारिसमा संयुक्त राष्ट्रसंघले सन् १९९३ लाई अन्तर्राष्ट्रिय आदिवासी वर्ष घोषणा गऱ्यो । सन् १९९४ देखि प्रत्येक वर्षको ९ अगष्टलाई

विश्व आदिवासी दिवस घोषणा गरे को छ । त्यसपछि सन् १९९५–२००४ लाई विश्वाआदिवासी दशक घोषणा गऱ्यो । सन् २००५–२०१५ लाई कार्य र आत्मा–सम्मानको दशक थीम्सहित दोश्रो आदिवासी दशक घोषणा गरेको छ । उक्त अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि आई.एल्.ओ. नं० १६९ लाई २८ अगष्ट २००६ वा १२ भदौ २०६३ मा तत्कालिन व्यवस्थापिका संसदमा पेश गरियो । त्यसपछि२२ अगष्ट २००७ अथवा ५ भदौ २०६४ मा व्यवस्थापिका संसदले उक्त महासन्धिलाई अनुमोदन गऱ्यो,२७अगष्ट २००७ अथवा १० भदौ २०६४ को राजपत्रमा प्रकाशित गऱ्यो र २००७ सेप्टेम्बर १४ अथवा २८ भदौ २०६४माअन्तर्राष्ट्रिय श्रम संगठनको कार्यलय जेनेभामा विधिवत रूपमा दर्ता भयो । नेपालका आदिवासी जनजातिहरूको अधिकारलाई राज्यद्वारा नै सम्बोधित हुनेगरी नेपालको ऐन र कानून सरह लागू गर्नु पर्ने प्रावधान बनेको छ ।

विश्वका करिब तीसकरोड आदिवासीहरूको अवस्थामा परिवर्तन ल्याउने लक्ष्यसहित घोषणा भएको आदिवासी दशकको मुख्य उद्देश्य– "आदिवासीले भोगेका मानवअधिकार, वातावरण, विकास, शिक्षा, स्वास्थ्य आदि क्षेत्रका समस्याहरूलाई अन्तर्राष्ट्रिय साझेदारीलाई सुदृढीकरणको माध्यमबाट निराकरण गर्ने" रहेको छ । जसमा "आदिवासी र सदस्य राष्ट्र, राज्य, संयुक्त राष्ट्रसंघ तथा अन्य संघ–संस्थाहरूबीच साझेदारी गरी आदिवासीको विकासलाई प्रोत्साहन गर्ने" रहेको छ ।

आदिवासी तथा उपेक्षित वर्गको आवाजलाई सम्बोधन गर्ने प्रयास स्वरूप (वि.सं. २०४९–२०५४/सन् १९९२–१९९७) आठौं पञ्चवर्षीय यो जनाले आदिवासी जनजातिलाई पनि राष्ट्र विकासको मूल प्रवाहीकरण गर्ने प्रावधान राख्यो ।जनवारी १९९६ वा ३० पौष २०५२ मातत्कालिन सरकारले ३ महिने कार्यकाल किटान गरी सन्तबहादुर गुरूङको संयोजकत्वमा ६ सदस्यीय जनजाति उत्थान प्रतिष्ठान कार्यदल गठन गऱ्यो । "नेपालका जातिहरूको इतिहास, धर्म, भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न तथा आर्थिक र सामाजिक उत्थान र सुधारको लागि संस्थागत विकासको आवश्यकता भएकोले ..."भन्ने उद्देश्यहरू र कार्यक्षेत्र स्पष्ट पारिएको थियो । यस कार्यदलले ६१ जातीय समुदायहरूलाई आदिवासी जनजातिको सूचि पेश गऱ्यो ।वि.सं. २/१/२०५४ मा उक्त सूचिलाई तत्कालिन सरकारको मन्त्रीपरिषदले स्वीकृत गरी राष्ट्रिय जनजाति विकास समिति गठन आदेश ०५४ प्रकाशित गऱ्यो । कार्यदलको सिफारिसको आधारमा आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ निर्माण भयो । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को परिच्छेद १ धारा २ को (क) अनुसार "आदिवासी जनजाति भन्नाले आफ्नो मातृ भाषा भएको, परम्परागत रीतिरिवाज भएको, छुट्टै साँस्कृतिक पहिचान भएको, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका समुदाय" भन्ने उल्लेख छ । यही ऐन अन्तर्गत परिमार्ज गरी ५९ (किसान, कुमाल, कुशवाडिया, कुसुण्डा, गन्गाई, गुरूङ, चेपाङ, छन्त्याल, छैरोतन, जिरेल, झंगड, डोल्पो, ताङ्वे, ताजपुरिया, तामाङ, तिनगाउँले थकाली, तोक्पे गोला, थकाली, थामी, थारू, थुदाम, दनुवार, दराई, दुरा, धानुक, धिमाल, नेवार, पहरी, फ्रि, वनकरिया, वामु, बाह्रगाउँले, वोटे, भुजेल, भोटे, मगर, माझी, मार्फाली थकाली, मगाल, मेचे, याक्खा, राई, राउटे, राजवंशी, राजी, लार्के, लिम्बु, लेप्चा, ल्होपा, ल्होमी, वालुङ, ब्यासी, शेर्पा, सतार, सियार, सुनुवार, सुरेल, हायु र ह्योल्मो) जातिहरू सूचिकृत गरिए । ०५८ को सूचिले कतिपाय आदिवासी जनजातिहरूलाई समेट्न नसकेको र सूचिकृत भैसकेका जातिहरूभित्रैबाट पनि केही समुदायहरूले छुट्टै जातिको रूपमा सूचिकरणको लागि माग गरियो । आन्दोलनको दबावमा नेपाल सरकारले प्रतिष्ठान ऐन तथा सूची परिमार्जनको लागि २०६५ चैत्र ५ गते ओम गुरूङको संयोजकत्वमा एक उच्चस्तरीय कार्यदल गठन गऱ्यो ।

उक्त कार्यदलले २०६६/०२/०५ मा आदिवासी जनजाति सूचि परिमार्जन उच्चस्तरीय कार्यदलको कार्यलय, महिला विकास प्रशिक्षण केन्द्र, जावलाखेल, ललितपुर, फोन/फ्याक्स नं. ५५४६८१०, iptaskforce2009@gmail.com मा सम्पर्क गर्ने गरी, नेपाल सरकार, स्थानीय विकास मन्त्रालय आदिवासी जनजाति सूची परिमार्जन उच्चस्तरीय कार्यदलले अत्यन्त जरूरी सूचना प्रकाशित गरेको थियो । उक्त सूचनामा "नेपालका आदिवासी जनजातिहरूको पुनः सूचीकरण र वर्गीकरण गर्ने उद्देश्यले नेपाल सर कार मन्त्रिपरिषदको २०६५ चैत्र ५ गतेको निर्णय अनुसार आदिवासी

जनजातिको सूची परिमार्जनको लागि अध्ययन–अनुसन्धान गरी सुझाव पेश गर्न ड.ओम् गुरूङको संयोजकत्वमा ९ सदस्यीय उच्चास्तरीय कार्यदल गठन भई कार्यदलले कार्य प्रारम्भ गरिसके को ब्यहोरा सम्बन्धित सबैलाई जान्कारी गराईन्छ । आफूलाई आदिवासी जनजाति हौं भनी सूचिकरण गर्न गराउन चाहने र २०५८ को ऐन अनुसार सूचीकृत भएका आदिवासी जनजातिहरू मध्ये हालसम्म सम्पर्कमा नआएका तथा छुट्टै पहिचानको माग गरेका सामाजिक, साँस्कृतिक समुदायहरूले यो सूचना गोरखापत्र दैनिकमा पहिलो पटक प्रकाशित भएको मितिले ३० दिनभित्र निम्न विशेषताहरू समेत आधार मानी औपचारिक रूपमा आवेदन दिन सूचित गरिन्छ । विशेषताहरू : १. साझा भाषाको मान्यता, २. साझा आर्थिक जीवनशैली तथा उत्पादन सम्बन्ध, ३. साँस्कृतिक एकरूपता र साझा भूगोल, ४. अन्तर्राष्ट्रिय स्तरमा स्वीकृत/मान्य परिभाषा, ५. साझा पहिचान, ६. साझा इतिहास (लिखित/अलिखित), ७. भूमिसँगको सम्बन्ध, ८. धर्म, सँस्कृति र मूल्यमान्यता, ९. सामाजिक, साँस्कृतिक, आर्थिक तथा राजनीति वहिष्करण, १०. परम्परागत राजनीतिक पद्धति, ११. यसका अतिरिक्त आफ्नो जातीय पहिचानको विशिष्ट आधारहरू भएमा सो समेत विस्तृत रूपमा उल्ले ख गर्ने । साथै हाल सूचीकृत भएका आदिवासी जनजाति मध्येपनि कसै ले आफ्नो जातिको मौलिक नाम र ाख्न चाहने, अलग अलग सूचिकृत भएकाले एउटै जातिमा सूचीकृत हुन चाहने, एकै जातिमा सूचीकृत भएकाले अलग अलग सूचीकृत हुन चाहने तथा हालको सूचीमा यथावत रहन चाहने वा सूचीबाट हट्न चाहनेहरू समेतले यसै सूचनालाई आधार मानी आवेदन गर्न समेत सूचित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यदलको कार्यलयमा सम्पर्क राख्न अनुरोध छ ।" यसरी स्पष्ट रूपमा सबै लाई सूचित गरिएको थियो । आदिवासी जनजाति सूचि परिमार्जन उच्चस्तर ीय कार्यदलले केही जातिहरूको सूचि परिमार्जन गरी थप २५ जातिहरूको सूचिकरण सिफारिस सहित८१ आदिवासी जनजातिहरूको सूचि २०६६ फागुन ६ गते पेश गऱ्यो । तर राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार १२५ जाति र १२३ भाषा रहेकोछ । आदिवासी जनजाति सूचि परिमार्जन उच्चस्तरीय कार्यदलको सूचिकरण कार्य विवादित रहेको छ र प्रश्नवाचक चिन्ह खडा भएको छ । ती २५ मध्ये किरात समुदायका आठ्पहरिया, कुलुङ, याम्फु र लोहरूङजातिहरूलाई सिफारिश भएका छन् भने समान आधार भएका अन्य किरातीहरू सिफारिसमा परेनन् । यस सवालमा विज्ञ पनि अविज्ञ झल्किए, त्यसै मा आदिवासी जनजातिहरू अल्झिए, यो राष्ट्रकै लागि दुर्भाग्य रह्यो ।

जाति के हो ?यी परिभाषाहरू आफै पुष्टि गर्दछन् ।

१. नेपाल आदिवासी जनजाति महासंघको विधानले परिभाषित गरे अनुसारः–"(क) आफ्नो छुट्टै सांस्कृतिक पहिचान भएको, (ख) परम्परागत भाषा, धर्म, रीतिरिवाज र संकृति भएको, (ग) परम्परागत सामाजिक संरचना समनतामा आधारित भएको, (घ) आफ्नो परम्परागत भौगोलिक क्षेत्र भएको, (ङ) लिखित वा अलिखित इतिहास भएको, (च) समुदाय भित्र हामी भावना भएको, (छ) समुदायको आधुनिक नेपालको राजनीति र राज्य संरचनामा निर्णयक भूमिका नभएको, (ज) जसले आफूलाई आदिवासी जनजाति भन्छन् ।"

२. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ अनुसारः–"(क) छुट्टै भाषा संस्कृति रितिरिवाज भएको समुदाय, (ख) विशेष कानून वा नियमद्वारा नियन्त्रित समुदाय, (ग) भौगोलिक विजय वा औपनिवेशीकरण वा वर्तमान राज्य सीमाको स्थापना कालभन्दा पहिले देखि नै बसोबास गरेका समुदाय ।"

३. विश्व बैंक कार्यात्मक नीतिहरूको मस्यौदा ओ.पी ४.१० अनुसारः– "(क) आदिवासी अल्पसंख्यक जनजातिहरु, (ख) रैथानेहरु पहाडी जनजातिहरु, (ग) सुचिकृत जाति वा कबिला समूहहरु, (घ) संकटग्रस्त सामाजिक सांस्कृतिक समूहहरु, (ङ) विशिष्ट आदिवासी सांस्कृतिक समूहका सदस्यहरूको स्वःपहिचान र अरूले स्वीकार गरेको, (च) निश्चित भौगोलिक क्षेत्रमा बसोबास वा पुर्ख्यौली थलो भएका, प्राकृतिक स्रोतहरूमा सामुहिक लगाव भएका, (छ) प्रभुत्वशाली समूहको समाज र संस्कृतिभन्दा छुट्टै परम्परागत संस्कृति, आर्थिक, सामाजिक वा राजनै तिक संस्थाहरु भएको, (ज) मुलुक/ क्षेत्रको सरकारी कामकाजको भाषाभन्दा बेग्लै भाषा भएका ।"

माथि प्रस्तुत आधारहरूले जातिय पहिचानका लागि सामुहिक भाषा, संस्कृति प्रमुख आधार मानिएको छ ।

किराती अर्न्तगतका कुलुङ, खालिङ, थुलुङ, नाछिरिङ, बाहिङ, चाम्लिङ, बान्तवा, लोहरूङ, याम्फू, आदि जातिहरू आफनै भाषा, संस्कृति, परम्परा भएका जातिहरू हुन् । तर एकसय बीस भाषा तथा जातिहरू भएर पनि ५९ जातिलाई मात्र सूचिकृत गरी अन्य जातिहरूलाई विभेद गरिएको छ । विभिन्न बहनामा अल्मलाई रहेको छ ।

सूचिकरणको विषयलाई स्पष्ट बुझ्नु पर्ने कुरा के हो भने उपेक्षित समुदायमाका व्यक्तिहरूको सशक्तिकरण गरी स्थायी शान्ति र दिगो विकासको लागि अबलम्बन गरिएको विकासे कार्यक्रम हो । यसले ऐतिहासिक भाषा, परम्परागत सँस्कार तथा संस्कृति र जातीय पहिचानसँग सम्बन्ध राख्दछ । सूचिकरण गलत ठान्नेले राजनीतिक दृष्टिसँगै पहिचान र विशेष्तालाई हेरिनु हुँदैन । एउटै कोणबाट दुई वस्तुहरूलाई नियाल्दा अष्पष्ट देखिनु स्वभाविक हो । फरक दृष्टिको कोणबाट हेर्नआवश्यक छ । राजनीति फरक विषय हो । कुनै अवरोध आउनसाथ त्यसको निकासा चाहिन्छ । र निकासाको विकल्पा पनि अवश्य हुन्छ । अनावश्यक विवादमा अल्मलिनु र अल्मलाउनुभन्दा निकासाको विकल्प पहिल्याउनु पक्कै वुद्धिमत्त हो ।सूचिकरणको मुद्धा किन बल्झिरहन्छ ?यो सही तरिकाले समस्या सल्टाउनु नसकेर हो, निराकरण नगरेसम्म यो मुद्धा बल्झी नै रहनेछ । यो लोकतान्त्रिक परिपाटी हो । सरोकारवाला सबै तह, तप्का र समुदाय अझ गम्भिर भएर छलफल गर्नु पर्दछ । त्यसको निकासा पहिल्याउनु पर्दछ । अब सूचिकरण गर्नका लागि नितान्त राजानीतिक प्रभावभन्दा बाहिरको निष्पक्ष, पूर्वाग्राह रहित, इमान्दार साच्चै विज्ञ भाषाशास्त्री, संस्कृतिवीद, मानवशास्त्री तथा आवश्यक व्यक्तित्वहरू छानिनु पर्दछ । विशेषज्ञहरूको अध्ययनले सर्वमान्य बनाएको सूचि नै विवादरहित आधिकारिक हुन सक्दछ ।

> भावनात्मक रूपमा सबै लाई समेट्ने शब्द "राई" हो । यत्तिबेला कतै–कतै "राई" को पछाडि जाति शब्द "खालिङ, बाहिङ … चामलिङ" आदि लेख्ने अभ्यास भैरहेको छ । यसरी लेख्ने हो भने सदभाव पनि नटुट्ने र पहिचान पनि नगुम्ने देखिन्छ । ऐतिहासिक पहिचानको सन्दर्भमा सबै किराती नै हुन् ।

विश्वको परिस्थिति बुझ्नलाई मातृभाषाको त कुरै छैन, अझ राष्ट्रिय भाषाको ज्ञाननै पर्याप्त हुँदैन, र अन्तर्राष्ट्रिय भाषा/हरू जान्न आवश्यक हुन्छ । भूमण्डलीकरणको तीब्र गतिशिल परिस्थितिमा पेशाको लागि अझ अन्य भाषा/हरू जान्न बाध्यताछ । यस्तोबेलामा सँस्कार संस्कृतिसँग सिमिति रहेका स–साना भाषा–भाषीहरू झन सिमित हुँदै गैरहेका छन् । मौखिक र मौलिक रूपमा रहेका भाषा संस्कृतिहरू संरक्षण गर्न बाहेक अन्य विकल्प छैन । आ–आफ्ना भाषा तथा सँस्कार संस्कृतिलाई संरक्षण गर्ने र संवर्द्धन गर्ने दायित्व सम्बन्धित भाषिक समुदायलाई नै सुम्पिनु पर्दछ, अझ उसलाई उदार ताका साथ आवश्यक सहयोग गर्नु पर्दछ । अहिलेसम्म बल्ला तल्ला बाँचेका नेपालका कैयौं राष्ट्र भाषाहरू लोप हुने अवस्थामा छन् । खै त सम्बन्धित निकायले ध्यान दिएको ?

नेपाल लगायत विश्वमै किराती र "राई" शब्दले उच्चाइ लिएको छ । सारा अभिलेख र दस्ताबेजहरू "राई" कै नामबाट प्राप्त भएका छन् । उच्चाइ लिइसकेको अवस्थामा "राई" शब्दसँग भावनात्मक रूपमा गाँसिनु स्वभाविकै हो । बोलेको कुरा पानीको तरङ्ग जस्तो हो, तर लेखेको कुरा कहिल्यै मेटिदैन । किरातीहरू "जिमी" रहेको बेला कुनै पनि लेख्ने परम्परा थिएन । जब "राई" भयो त्यसपछि लेख्ने परम्परा आयो । त्यसैले "जिमी" को अलावा "राई" शब्द अभिलेखहरूमा लेखिन थालियो । नियतबश लेखियो या भुलबश लेखियो, जस्ले लेख्यो/ले खायो उसैले जानुन । यत्तिबेला आएर "राई" शब्दमै सगर छुने विवाद उठीरहे को छ । "राई" जाति हो कि पगरी हो ? सिमित मान्छेले बुझेका छन्, धेरैले सुनेकै छैन होला । कति चाँहि कागले कान लग्यो भन्दा कान नछामी कागको पछाडि दौडिने पनि छन । हम्मेस हामी एक हुनु पर्छ भन्ने कुरा आइरहन्छ । बृहत किराती एकताको कुरा पनि आईरहेको छ । तर के मा एक हुने ? कसरी एक हुने ? बिना विकल्प एक हुनुपर्छ भन्नु काल्पानिक एकताको

महल ठडाए जस्तै हुन सक्छ । एउटै "राई" शब्दमा एक हुँदा राम्रो हुन्छ, तर सम्बन्धित निकायहरूको परिभाषाहरू अनुसार "राई" लाई जाति मान्न नसकिने देखिन्छ । जाति हुनको लागि भाषा तथा सँस्कार संस्कृति हुनु पर्दछ । भावनात्मक रूपमा सबैलाई समेट्ने शब्द "राई" हो । यत्तिबेला कतै–कतै "राई" को पछाडि जाति शब्द "खालिङ, बाहिङ … चामलिङ" आदि लेख्ने अभ्यास भैरहे को छ । यसरी लेख्ने हो भने सदभाव पनि नटुट्ने र पहिचान पनि नगुम्ने देखिन्छ । ऐतिहासिक पहिचानको सन्दर्भमा सबै किराती नै हुन् । यसरी लेखियो भने समग्र किरातीहरूमा "राई" लेख्ने र "जाति" लेख्नेहरूबीच एकताको एउटा मिलन विन्दु बन्न सक्छ ।

भट्काउन जत्ति सजिलो हुन्छ, सम्हाल्न उत्तिकै गाह्रो हुन्छ । समस्याको जड के हो ? हठवादी प्रवृत्ति ?के समाधानको विकल्पै छैन ?…मानवीय विशेषता नै स्वाभिमानी हुन्छ ।कुनै बेला त्यही स्वाभिमान पनि अभिसाप हुन सक्छ । "छोराछोरी बिग्रिए आमाबाबु दोषी, जनता बिग्रिए नेता दोषी, जो अगुवा उही …" भन्ने भनाइ चरितार्थ नहोस् । बदलिदो संक्रमणकालिन जमाना संकीर्णतामा अल्झिने होइन, समाधान र निर्माणको बेला हो । यत्तिबेलाको परिवेशमा गहिरिएर सोच्ने बेला हो, संवेदनशील भएर विचार गर्ने बेला हो ।यहाँउदार दृष्टिको खाँचो छ । कत्तिपाय विषयहरूको सदभावपूण समवादबाट नै समाधान हुन सक्छ । कत्तिपायआवश्यक प्रमाणहरूजुटाएर पनि समस्या समाधान हुन सक्छ । माघ २०७० काठमाडौमा जिमी (राई) उत्थान समाजको मध्यस्तामा किरात राई यायोक्खार अन्य किरात समुदायहरूबीच महत्वपूर्ण विषयहरूमा समवादद्वारा समाधानको निकासा गर्ने महत्वपूर्ण कार्यको थालनी भएकोछ । यो कार्य साह्रै सह्रानीय छ । यस्ता समवादहरूनिरन्तर रहोस । विश्वास छ, यसमा अन्य समिपका व्यक्ति, समुदाय र संघ–संस्थाहरू सदा साथ रहनेछन् ।

निकट भविष्यमा घोषणा हुन लागेको लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले नेपाल र नेपालीको भविष्य निर्धारण गर्दैछ । कमी कमजोरीबाट सिक्दै नेपालले पनि उच्चाइ लिनुछ, अरूले होइन नेपाली आफैले नेपाल बनाउनुछ । पछौटेपनाको बिल्ला फुकाल्नुछ । झिना मसिना कुरा र संकीर्णतामा अल्झाउनु र अल्झिनुछैन ।शासक वर्ग नै उद्धार भै उत्पीडित र उपेक्षित वर्गको हितमा उद्धार नीतिहरू अवलम्बन गरिएमा नयाँ नेपालको भविष्य सुन्दर हुने पक्का छ । विवेकपूर्ण समस्या समाधान होस, स्थाइशान्ति र दिगो विकासले रूप लिन सकोस, फेरि सूचिकरणकै कुरा लेख्न नपरोस, सबै को जय होस ।

लेखक : किरात खालिङ राई उत्थान संघका केन्द्रीय अध्यक्ष हुन् ।

सन्दर्भ सामग्रीहरूः–
जातिविशेष विभिन्न खोज, अनुसन्धानवाट आएका तथ्यहरू : इन्द्र कुलुङ
खालिङ जातिको सूचिकरण सम्बन्धी अध्ययन प्रतिवेदन २०७०
किरात राई यायोक्खा केन्द्रीय कार्य समितिद्वारा प्रकाशित – निप्सुङ २०७१
सामाजिक लोकतन्त्रको मुखपत्र २०७१

साहित्य

काठमाण्डौ

किरात मानु

चुलिएको महंगी
थुप्रिएको फोहर
निस्सासिदो वातावरण
धुलै धुलोको शहर
यहिँहो काठमाडौँ !

राजनीति एउटा खेल
खेलाडी नेता
बिहान सहमति
बेलुका यता न उता
जात्रै जात्राको शहर ।।
कठै ।।।। काठमाडौँ !!

अस्पताल हड्ताल
चिकित्सक अनसन
बिरामीअलपत्र
शेवाबहिस्कार
स्वस्थमन्त्रालय अलमल्ल
बिचरा ! काठमाडौँ !!!

शिक्षाआधुनिक
१०÷२ देखासिकी
संस्थापक फेसन डिजाइनर
विद्याथी नायक नायिका
सम्बन्धित निकाय
ट्वाँ ।।।।काठमाडौँ !!!

पेसा लुटपाट
नाफा कमिसन
मौलाएको भ्रस्टाचार
फैलिएको बलात्कार
आक्रान्त ।। शहर ।।।
उफ ।।।। काठमाडौँ !!!

कविता

उल्टो सपना

कृष्ण कुमारी राई

पढेर स्वदेशमै गर्छु केही भन्ने युवाको
आशाले फेल खाइरहेको छ
बलको प्रतिरोध गर्दै विवेकको
मुल्य बुझ्नेको बुद्धि पाएकाहरूका
सपनामा आगो लगाइएको छ ।
त्यो आगो लगाउनेहरू आगो लगाइरहे
त्यो सल्किरह्यो, बलिरह्यो
तर,
अहँ त्यो आगो निभाउने छिमेकी
र दमकल कोहि पनि आएनन्
त्यो आगोलाई दनदनी बल्न दिइयो
ती नवयुवाको सपना
एकैछिनमा खरानी भयो

अर्को सपनाको प्रारम्भ हुन
समय लाग्छ युग
नेताहरू कानमा तल हालेर
मुर्ती झै चुपचाप बसेका छन्
बद्धि खरानी भएर
अब बलको पो
तागत रहेछ भनेर युवाहरू
खाडी मुलुकतिर हानिए ।
विवेकको सदुपयोग र कदर
नभएर निरन्तर
विदेश हानिए निरन्तर ।

हार्दिक शुभकामना

जिमी (राई) उत्थान समाज सोलुले निरन्तर प्रकाशन गर्दै आएको
प्रवाह स्मारिका प्रकाशनको पूर्णसफलताको कामना गर्दै
विजया दशमी तथा शुभ-दिपाली २०७१ को
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपाली
दिदीबहिनी एवम् दाजुभाई लगायत महानुभावहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

लाली गुराँस युवा क्लब, परिवार
काठमाण्डौ नेपाल

गजल

रोशनी राई

तिमी आज मेरै लागि बाँचे जस्तो लाग्यो
मुटुभरि माया साँचेजस्तो लाग्यो

मनभरि मायालुका पाइलाहरू पलाइदिंदा
हजारौ फूलको मालीले स्वागत गरेजस्तो लाग्यो

बिहानको मिरमिरेमा शीतको थोपा टल्किदिंदा
तिमी आज मेरै निम्ति हाँसेजस्तो लाग्यो

पूर्णिमाको जुनले पनि आफ्नो प्रकाश छरिदिंदा
मुटुभरि मायालुलाई राखेजस्तो लाग्यो

गजल

ज्योतिका राई
मुक्ली ३, सोलुखुम्बु

परदेशीने मेरो प्यारा देशको चिन्ताले आउनु है
फुलिसक्या बुढी आमाको केशको चिन्ताले आउुन है

खोज्छ पक्कै बाबाको साथ भविष्यको किरण चुम्न
छाडीराख्या काखे बालक यसको चिन्ताले आउनु है

झुप्राको बास ढिंडोको गास एक्लै कति पिउँ आँशु प्याला
असंख्य यी दर्द पिंडा परिवेशको चिन्ताले आउनु है

अधुरै छन् ईच्छा अनिसंगै जिउने बाचा सारा
अझै दौडी जित्नु छ यो रेसको चिन्ताले आउनु है
परदेशीने मेरा प्यारा देशको चिन्ताले आउनु है

हार्दिक श्रद्धान्जली

सल्यान- ९, सोलुखुम्बु निवासी जिमी (राई) उत्थान समाजका
आजीवन सदस्य श्री राय ब. राईका पुज्यनीय पिता

रणश्वर राई

को निधन भएकोमा वहाँको आत्माको चीर शान्तिको कामना गर्दै
हार्दिक **श्रद्धाञ्जली** व्यक्त गर्दछौं ।

जन्मः असार १९९८
स्वर्गारोहणः श्रावण ३१, २०७१

जिमी (राई) उत्थान समाज, सोलु
केन्द्रीय समिति, काठमाडौं

कविता

एक्लो यात्रा

सुलोचना मानन्धर

एउटा कठोर यात्रा
रातको यात्रा
सहयात्रीबिनाको यात्रा
रातको यात्रा

सम्झना या सपनाका
कठिनभन्दा कठिन बाटाहरूमा
मोडहरूमा
भीरहरूमा
लडेर घाइते मन क्षत–विक्षत हुँदा
पनि
हात समाउने कोही हुन्न
घाइते मन रातभरि रोए पनि
सुनिदिने कोही हुन्न

कसैले नेदेख्ने विकट जङ्गल हो रात
एक्लैले हिँड्नुपर्ने एउटा यात्रा हो रात
धेरै–धेरै मान्छेको बीचमा पनि
एक्लैको यात्रा हो रात ।

(साभार : **रात** कविता सङ्ग्रहबाट)

प्रवाहमा प्रकाशित लेख विचारहरू लेखकका निजी दृष्टिकोण हुन् ।
–सम्पादक

गीत

उडि जाने

रिन्जि सागर राई

उडि जाने बतासैले लग्यौ हाम्रो माया
बगी जाने नदी सँगै बग्यौ हाम्रो माया
तर सकिँदैन माया रित्तिदैन ।

सगरमाथाको हिँउ बरू पग्लिएर जाला
जमेको तिम्रो माया अहँ पग्लिदैन
घाम लाग्ने डुब्ने रित बदलिएर जाला
साँचेको तिम्रो प्रीत अँह बदलिँदैन ।

सप्तकोशीको पानी सात ठाँउ छुटिएला
मिलेको हाम्रो यो आत्मा अँह छुट्टिदैन
ब्रम्हाण्डको यो सृष्टि बरू कुनै दिन
टुकिएला
गाँसेको हाम्रो साइनो अब टुकिदैन ।

संगीत : सुरेश अधिकारी

भावना

अन्याय र अत्याचारबाट धरातलबाट
अब माथि उठ्नुपर्छ
छरिएर रहेका सारा किरात जिमीहरू
अब एक भएर जुट्नुपर्ने

आउँदैन पालो क्रान्ति नयाँ नथाले
अब सारा किरात जिमीले यहि बुझ्नुपर्छ
आफ्नो जातिय पहिचान र अस्तित्व लो
पहुने बेला
संस्कारको सन्देश बोकी एक भएर
जुट्नुपर्छ
भाषा, धर्म, संस्कृतिको धनी हामी
अब चेतनाको मुल फुट्नुपर्छ
ईतिहाँसको पाना भरी फैलिएका कथाहरू
वर्तमानका फेरि फुल्नुपर्छ

प्रवाह स्मारिका हाम्रो आँखा सन्देश
त्यसको नानी
अब गहिरिएर कुरा खुट्नुपर्छ
बाटो छेक्लान वैरीले खुट्टा तान्लान शत्रुले
अब त्यसको निम्ति सारा किरात
जिमीहरू
एक भएर जुट्नुपर्छ

दिलकुमार खालिङ 'मौसम'
बासा, सोलुखुम्बु

हार्दिक समवेदना

जन्म : वि. सं: १९९७ मृत्यु वि. सं: २०७०

यस समाजका विशिष्ट सदस्य श्री पूर्णमान राईज्यू का ममतामयी आमा
दिलमाया राई को दुखद निधन भएकोमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै
शोकाकुल परिवारजनलाई सुम्निमा र पारूहाङले धैर्य धारण गर्ने
शक्ति प्रदान गरोस भन्ने कामना गर्दछौं।

जीमी राई उत्थान समाज
केन्द्रिय कार्यसमिति, काठमाण्डौं

कविता

देवधन राई

यूवाको पर्खाइमा

हे यूवा कहाँ छौ
यहाँ चौतारी रित्ता भइसके
घर आँगन र साकेला नाच्ने
भुमेथान खाली छन्
त्यहाँ तिमी
भट्टीमा गफ लाउदै छौ रे
पार्कमा समय विताउछौ रे
डिस्कोमा हल्लिदै छौ रे

खै त भेडी गोठ चौरी गोठ
खै राडी पाखी खै कहाँ सुनौ ?
ती चौतारीमा बजाएका बाँसुरीका धुन
वनपाखा–गञ्जिएका सुसेली र पातको
खै कहाँ सुनौ मेलापातमा
गाएका असारे गीत अनि गलल हाँसो
त्यहाँ तिमी
वालुवामा मोती फलाउदै छौं रे
मुल्यविहिन पसिना बगाउँदै छौ रे
कतै सुन्छ
तिमीलाई कालो कोठामा थुनियो रे
मुत्यदण्ड सुनायो रे
अनि कोही त बेखबर छौ रे
कुन लोकमा छौ यूवा

किन घर छोड्यौ
सारा बस्ती सुनसान छन्

घरको दैलो खोलिने आशमा छ
छानो चुहिसक्यो बारीका कान्ला
लडीरहेछ
बाबुले भारी बोक्न नसक्ने भयो
आमाले जाँतो घुमाउन नसक्ने भयो
जाँतोमा कहिल्यै पिसिएन आमाको
दुःख
बोकेर कहिल्यै सकिएन बाबाको दुःख
अझै दुःख का डोरी टाउकोमा
पिङ खेलाइरहेका छन्
यी बृद्धा मात्रै
त्यसैले
यूवा चाँडै फर्केर आउ
तिमी आउने बाटोमा
आरू बखडा मगमगाइरहेछन्
वसन्तले पालुवा छरिरहेछ
कञ्चन हिम शिखर हाँसिरहेछन्
चराचुरूङ्गीले मिठो संगीतको धुन
बजाइरहेका छन्
चौतारीको वर पिपल तिम्रै प्रतिक्षामा
छन्

गीत

सुवास संगम राई
लोखिम–३, सोलुखुम्बु

बल्ल–बल्ल पा'को खुशी, त्यही पनि भाग्न खोज्छ
अनेक दुःखाई पिंडाले नै सिमारेखा नाग्न खोज्छ

पाहुना रै'छन् खुशी आउँछन्, अनि जान्छन् बरै
आफ्नो भन्नु दुःख रै'छन्, जति भाग्छु आउँछन् वरै
प्यासी हो कि आँखा पनि, सधैं आशु माग्न खोज्छ
अनेक दुःखाई पिंडाले नै सिमारेखा नाग्न खोज्छ

चुनौतीलाई लत्याइ हरपल, अघि बढ्न खोजे पनि
खुशी पाउने होइन आखिर, चोट मिल्छ गनी गनी
कहिले त कसम होला, मर्ने इच्छा जाग्न खोज्छ
अनेक दुःखाई पिंडाले नै सिमारेखा नाग्न खोज्छ
बल्ल–बल्ल पा'को खुशी, त्यही पनि भाग्न खोज्छ
अनेक दुःखाई पिंडाले नै सिमारेखा नाग्न खोज्छ

गीत

चन्द्रप्रभात राई

उतै बस्नु तिमी, परदेश साह्रै दुख्छ साथी
हरेक पल प्रहार हुन्छ कोमल छाती माथि

थाहै हुन्न के दिन, के रात ? के घाम, के जुन ?
कस्ले चिन्ने यहाँ, आफ्नो को हुन्, पराई को हुन ?
त्यतै रम्नु तिमी, परदेशमा हुन्छ नानाभांती
हरेक पल प्रहार हुन्छ कोमल छाती माथि

तन अली, अली दुख्छ बरू मन पो धेरै दुख्छ
कोही रून्नन् होला, कसैको आँशु रूदारूदै सुक्छ
नआउनु तिमी देउराली त्या भञ्ज्याङ काटि
हरेक पल प्रहार हुन्छ कोमल छाती माथि

स्वादिष्ट म:म:
र
चाउमिनको लागि
डेलिसियस म:म सेन्टर
कपन –१, काठमाण्डौं
प्रो. चन्द्र प्रसाद कुलुङ

कविता

हामी त यही छौं

अर्जुन खालिङ

शहरको भिसा लाग्नेहरू
काटिगयौ 'टाक्सिन्डो' डाँडा
फुलायौ बारीमा वनमारा र तीतेपाती !
वापतमा पठाउछौ
जीरा,मेथी र एस्एमएस्
बाँच्छ होला र गाउँ यत्तिले ?

विदेशको चिट्ठा पर्नेहरू पनि
नाघिगयौ चोमोलुङमा सीमाना
फुकालिराखेर–
देशमा सङ्क्रमणकाल र बेरोजगारी
वापतमा पठाउँछौ
पार्सल,रेमिट्यान्स र स्टाटस
चल्छ होला र देश यत्तिले ?

पैला–पैला त
शहर पस्नेलाई र विदेश उड्नेलाई
खुशीको 'खादाक'ले बधाई दिइन्थ्यो
विछोडको आँसुले विदाइ गरिन्थ्यो
किन हो खै अब त
न हर्षको घाम लाग्छ
न लाग्छ बिस्मातको कुहिरो
कस्तो उदासिनता !
कागलाई बेल पाकेजस्तो
भीरबाट लड्ने गोरूलाई
राम भनिपठाएजस्तो
न गुलियो न तीतो
कस्तो निरसता !

प्रवासी महोदय
तिमीले रूखो भनेर छोडिराखेको यो
पाठेघर
खल्लो भनेर झारिराखेको यो धुलो
बाँझो भनेर फालिराखेको यो संविधान
जसलाई देश भनिन्छ सायद
जहाँ अभागी भनिएर छानिराखिएका
मूर्ख ठानिएर हुट्टिट्याइएका
म जस्ताहरूको लागि
छैन विकल्पको बाटो
छैन रोजाइको आटो
सो,
मुर्ख्याइ नै सही
अहम नै सही
फलोस् या नफलोस्
गोड्नुछ मकैजस्तो यै देशलाई
मीठो होस् या नमीठो
चपाउनुछ खैनीजस्तो यै धुलोलाई
निकाल्नुछ स्वाद, मेटाउनुछ भोक
छोडिजानेलाई बाइ–बाई छ
सम्झिआउनेलाई स्वागत छ
हामी त यही छौ
हामी त यै छौ
हामी त यै हौ ।

प्रिय बहिनीलाई चिट्ठी

लिला केशरी राई

प्रिय बहिनी मुस्कान,

सर्वप्रथम प्रवेशिका परिक्षामा सफलता प्राप्त गरेकोमा तिमीलाई धेरै–धेरै बधाई तथा आगामी दिनको लागि अग्रिम शुभकामना । बहिनी तिमीले फलामे ढोका पार गरेर आफुलाई नयाँ चुनौति सामु उभ्याएका छौ । अब यहाँबाट तिम्रो जीवनको नयाँ अध्याय सुरू हुन्छ । तिम्रो सपनालाई यथार्थमा परिवर्तन गर्ने कार्यको शुभारम्भ हुन्छ । बहिनी, म तिम्रो अग्रज हुनुको नाताले तिमीलाई केही सल्लाह दिनु आफ्नो कर्तव्य ठान्छु, मैले भोगेका आफ्नो अनुभवहरू सुनाएर सचेत गराउनु मेरो तिमीप्रतिको अनुराग ।

बहिनी सबैभन्दा पहिला आफ्नो लक्ष्य निर्धारण गर । मलाई थाहा छ, यो उमेरमा हामी धेरै सपना देख्छौ, पलपलमा हाम्रो लक्ष्यहरू बद्लिन्छन् । हामी हाम्रो हरेक सपनाको पछि दौडिन्छौ । तर त्यसो होइन, यसरी मन डुलाईरहँदा हाम्रो अमुल्य समयको बर्बादी मात्र हुन्छ । हामी आफुले आफ्नो सवल र कमजोरी गुणलाई पहिचान गरेर आफ्नो लक्ष्यमा पुग्न सधै प्रतिबद्ध भएर लाग्नुपर्छ । बहिनी हाम्रो लक्ष्य र रूचि एकै हुनुपर्छ, भन्ने छैन । आफ्नो सपना र रूचि बीचको फरक छुट्याउन सक्नुपर्छ । आफ्नो सपना पुरा गर्न निरन्तरको लगाव, समर्पण र केही त्याग भने अवश्य गर्नुपर्दछ । सबै रूचिलाई भुल्नुपर्छ भन्ने छैन । आफ्नो रूचिलाई कहिल्यै मर्न नदेउ, यसले तिम्रो फुर्सदको त सदुपयोग त हुन्छ नै साथै तिमीलाई कुलतमा फस्नबाट जोगाउने छ । तर याद राख कि तिम्रो रूचि लक्ष्यमा अवरोध नबनोस ।

मुस्कान, मैले अहिले सम्मको जीवनमा सिकेको सबै भन्दा महत्वपुर्ण कुरा भनेको योजना निर्माण हो । सफलताको लागि योजना निर्माण अनिवार्य हुनेरहेछ । मुस्कान, लक्ष्य निर्धारण गरेर मात्र हुँदैन, त्यसलाई कसरी र कति अविधिमा पुरा गर्ने त्यो पहिल्यै विचार गरेर पुर्वतयारी गर्न अति आवश्यक रहेछ । बहिनी, हामीले सफलता संगसंगै असफलतालाई पनि स्वीकार गर्न तयार हुनुपर्दछ । कुनै कुरामा असफल भयौं भने म असफल भएँ भनेर बस्नुको सट्टा म किन असफल भएँ भनेर आत्मसमिक्षा गर्नुपर्दछ । आफ्नो कमजोरीलाई पहिचान गर्नुपर्दछ र त्यसलाई हटाउदै अगाडी बढ्ने प्रयास गर्नुपर्दछ । याद राख, त्यो व्यक्तिमात्र सफल हुन्छ जसले आफ्नो कमजोरी चिनेर त्यसलाई सुधार्छ ।

मुस्कान, तिमी नयाँ परिवेशमा आउँदैछौ, नयाँ परिवेशमा आफुलाई समाहित गर्न आवश्यक हुन्छ । समय संगसंगै तिमी पनि परिवर्तन हुन्छौ । जतिसुकै परिवर्तन भए पनि आफ्नो विरासत र पहिचानलाई आफुबाट अलग हुन नदेउ । पहिचान तिम्रो जरा हो, यो बिना तिमी ढल्न सक्छौ ।

मुस्कान, तिमी नयाँ परिवेशमा आउँदैछौ, नयाँ परिवेशमा आफुलाई समाहित गर्न आवश्यक हुन्छ । समय संगसंगै तिमी पनि परिवर्तन हुन्छौ । जतिसुकै परिवर्तन भए पनि आफ्नो विरासत र पहिचानलाई आफुबाट अलग हुन नदेउ । पहिचान तिम्रो जरा हो, यो बिना तिमी ढल्न सक्छौ । आफ्नो सोचलाई विशला बनाउ किनभने संकिर्णतामा व्यक्तित्वको विकास हुदैन । तिमी आफ्नो अध्ययनलाई कुनै अवस्थामा पनि नछोड, बौद्धिकता बिना कुनै पनि व्यक्ति पुर्ण हुदैन । तिमीलाई जिमी (राई) उत्थान समाजले सम्मान गर्दै रहेछ, सुनेर गर्व लाग्यो । बहिनी जिमी (राई) उत्थान समाजले दिएको यो प्रेरणा र सद्भावलाई सधै भरि याद राख, सधै वहाँहरूले तिमीलाई दिनुभएको असल र बौद्धिक व्यक्तित्व बन्ने जिम्मेवारीलाई कहिल्यै नभुल । बहिनी आजलाई यति अरू अर्को पत्रमा । उही तिम्रो दिदी लिला ।

हार्दिक बधाई तथा शुभकामना

सोलुखुम्बु बासा ४ निवासी श्री बालानन्द राई तथा मनमाया राईका सुपुत्री तथा यस समाजका विशिष्ठ सदस्य

दिल कुमारी राई

तथा सोलुखुम्बु काकु १ निवासी श्री लाक बहादुर राई तथा श्रीमति प्रीतीमाया राईका सुपुत्र तथा यस समाजका आजीवन सदस्य **बसन्त कुमार खालिङ राई**

विवाह बन्धनमा बाधिनु भएकोले सफल दाम्पत्य जीवनको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

जिमी (राई) उत्थान समाज सोलु
केन्द्रीय कार्य समिति, काठमाडौं

हार्दिक बधाई तथा शुभकामना

सोलुखुम्बु जिल्ला सल्यान ५ निवासी यस समाजका आजिवन सदस्य श्री मनिराम थुलुङ राई तथा श्रीमती कमला राईका सुपुत्र

श्री किरणमणि राई

नेपाल प्रहरीको प्राविधिक नायव निरीक्षक **हुनुभएकोमा** हार्दिक बधाई दिदै उज्जल भविष्यको **कामना** गर्दछौं ।

जिमी (राई) उत्थान समाज सोलु
केन्द्रीय कार्य समिति, काठमाडौं

कविता

म तिम्रो अलङ्कार, तिमी मेरी कविता

अजय अलङ्कार

लेखेँ अबेरसम्म
लेखिरहेँ
र, हेरेँ ओल्टाई–पल्टाई
हेरिरहेँ
भैदिएन कविताको जस्तो मुहार
दिएन सौन्दर्यको मुस्कान
अनि केरेँ पटकपटक
केरिरहेँ
विचरी ! मेरी कविता !

कति दुःख गर्नुपर्‍यो,
कति चोट सहनुपर्‍यो
कति संघर्ष गर्नुपर्‍यो होला
विचरी ! मेरी कविताले !
थाहा छैन,
भोक के हो ? दिनहरूमा
निन्द्रा के हो ? रातहरूमा
सुनसानबीच बलिरहेछ मधुरो बत्ती
एकाछेउबाट भित्तादेखि
घडीको काँटाले भनिरहेछ–
ए कविता,
तिमीलाई निन्द्रा आएन ?
मध्यरात ढल्किसक्यो
विचरी ! मेरी कविता,
अझै निदाउन भ्याएकी छैन !
आशा छ, विश्वास छ मलाई
एक न एक दिन
हुनेछ परिपक्व
र, पाउनेछु मेरी कवितामा
भाव, रस, बिम्ब, प्रतिक, अलङ्कार,
रोएकोलाई हँसाइदिने,
हाँसेकोलाई रूवाइदिने शक्ति
जसले तताउँनेछ प्रत्येक मञ्चलाई
चन्द्र–सूर्य बनी चम्काउँनेछ
गुम्बा, मन्दिर, मस्जिदका शिरहरु
अनि नाच्नेछन् नीलो गगनमुनि
रारा र च्छोरोल्पाहरु
बग्नेछन् गण्डकी, कोशी र कर्णालीमा
काव्यउन्मादहरु
तराई, पहाड, हिमाल
पूर्व, पश्चिम, उत्तर, दक्षिण
सारालाई ब्यूझाउँनेछ मेरी कविताले
फेरि एकपटक बोलाएर बुद्धलाई
देशको आँगनमा पोत्नेछे नीलो रंग ।

म विस्वस्त छु,
सुन्दर मुहार र अजम्बरी भाव लिएर
म भित्रबाट
यसरी निस्कनेछे मेरी कविता
म मरेर जाँदा पनि
एक्लैएक्लै बाँच्नेछ सय जन्म
जनजनका आत्मामा घुसेर र,
सम्बोधन गरिरहेको हुनेछु–
म तिम्रो अलङ्कार,तिमी मेरी कविता
!

गजल

राजेन थुलुङ

हिमाल, तराई, अंगालो हाली, बसेको नेपाल
पहाड हेर्दा, स्वर्गको टुक्रा, खसेको नेपाल

अधरभरि, सिम्रिक छरी, गुराँस फुलेको
गण्डकी–कोशी, पटुकी बनी, कसेको नेपाल

बुद्धको देश, शान्तिको गीत, गाउँछ बिनायो
मयूर नाच्दा, इन्द्रेणी प्रेममा, फसेको नेपाल

चन्द्र र सूर्य, आकाश धर्ती, सबैको भागमा
हजार थरी, फूलको पराग, घसेको नेपाल

ज्यामिरे–३, खोटाङ

हार्दिक बधाई तथा शुभकामना

समाजका केन्द्रीय कार्यसमिति सदस्य श्री इन्द्र बाहिङ राईका छोरी **सुश्री रोमा बाहिङ राईले** २०७१ सालमा Indira Gandhi National University, Siliguri,India बाट Economics विषयमा Master's Degree तथा Arena Animation & Multimedia Institute Siliguri, India बाट Diploma in Graphics & Web Design दुवै विषयमा उत्कृष्ट श्रेणीमा उत्तिर्ण गनुभएको मा हार्दिक बधाई दिदै उज्वल भविष्यको कामना गर्दछौं ।

जिमी (राई) उत्थान समाज सोलु
केन्द्रीय कार्य समिति, काठमाडौं

हार्दिक बधाई तथा शुभकामना

सोलुखुम्बु नेचा-५ निवासी श्री शेर ब. राई राई तथा श्रीमतिओझा राईका सुपुत्र तथा यस समाजका अजीवन सदस्य **श्री विब्बाजंग राई** तथा खोटाङ दिक्तेल-१ निवासी श्री अम्बीर चाम्लिङ राई र श्रीमति गेह्र कुमारी राईकी सुपुत्री तथा यस समाजका आजीवन सदस्य **सोनिया चाम्लिङराई** विवाह बन्धनमा बाधिनु भएकोले सफल दाम्पत्य जीवनको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

जिमी (राई) उत्थान समाज सोलु
केन्द्रीय कार्य समिति, काठमाडौं

हार्दिक शुभकामना

जिमी (राई) उत्थान समाज सोलुले स्थापनाको १५ औं वर्ष पूरा गरी १६औं वर्ष प्रवेशको अवसरमा स्मारिका **प्रवाह**को १७औं अङ्क प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ । प्रवाहले सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई विविध जानकारी मूलक लेख, रचनासहितको ज्ञानबर्द्धक खुराक पस्कन सकोस्

हार्दिक शुभकामना

प्रो. भीमकुमार राई

तथा

के. एल. रेष्टुरेन्ट एण्ड फास्टफूड, परिवार

कुपन्डोल, ललितपुर, फोनः ०१–५५५०९९१

हार्दिक शुभकामना

जिमी (राई) उत्थान समाज सोलुले स्थापनाको
१५ औं वर्ष पूरा गरी १६औं वर्ष प्रवेशको अवसरमा स्मारिका
प्रवाह
को १७औं अङ्क प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ । प्रवाहले सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई विविध जानकारीमूलक ज्ञानबर्द्धक खुराक पस्कन सकोस् भन्ने **हार्दिक शुभकामना**

प्रो. कुलरत्न राई

लोटस रग एण्ड ह्याण्डी क्र्याप्टस्

धापासी, काठमाडौं, फोन : ०१–४३५४०११

कविता

पख फिर्दैछु !

कबि राई

सुनले छानो छाएको महल भन्दा त
खरले छानो छएको भुपडिनै न्यानो रहेछ
कृतिम सुन्दरताले सजिएको शहर भन्दा त
हिउँचुलीको ताँतमूनि पखेरूको गाँउनै स्वर्ग रहेछ
पख फिर्दैछु त्यहि सोलुमा, त्यहि खूम्बुमा

वरीपरी गुराँस घारीले घेरीएको गाउँ
संसारभरी दुनियाँले पुकारेको नाउ
सुन्छु आज भोली त मोटरगाडि पनि गुडछरे
सुनखरी र चिमालहरू चारैतिर फूल्छरे
पख फर्दैछु त्यही सोलुमा, त्यही खूम्बुमा

शिरैभरी पगरीझै हिमालहरू टल्किरहने
काखैभरी दुधकोशी र सोलुखोला बगिरहने
डांफे मूनाल कस्तुरीको खेल्ने ठाउँ
आखा भरी चारैतिर सजिएको गाउँ
पख फिर्दैछु त्यहि सोलुमा, त्यहि खूम्बुमा
दीयालोको साहाराले पाइला चल्थ्यो घर .गोठ
भन्छन आज भोली त रातभरी विजुलीनै बल्छरे
परदेशीको खवर दिने हल्कडा र आव वाला कहा छन
सुन्छु आजभोलि त इन्टरनेट नै गाउ गाउ चल्छ रे
पख फिर्दैछु त्यही सोलुमा, त्यहि खूम्बुमा

सुनले छानो छाएको महल भन्दा त
खरले छानो छाएको भुपडिनै न्यानो रहेछ
गोली छेक्ने पर्खालवाला महल भन्दा त
मनको बांधले घेरीएको भुपडिनै प्यारो रहेछ
पख फिर्दैछु त्यही सोलुमा, त्यही खुम्बुमा

बासा ६ सोलुखुम्बु, नेपाल

जिमी (राई) उत्थान समाज, सोलुको थप बिशिष्ट सदस्य नामावलीः

साल	सदस्य संख्या	नामवली	स्थायी ठेगाना	कैफियत
	१६१	ई. कुञ्जनी राई	सल्यान–१, सोलुखुम्बु	केन्द्रीय समितिबाट
२०७१	१६२	टोपजंग राई	सल्यान–१, सोलुखुम्बु	
	१६३	रमला राई	पञ्चन, सोलुखुम्बु	
	१६४	दिलकुमारी खालिङ्ग राई	बासा–४, खास्ताप सोलुखुम्बु	
	१६५	देब कुमार राई	सल्यान–१, सोलुखुम्बु	
	१६६	गणेश थुलुङ्ग राई	जुबु–८, सोलुखुम्बु	
